## ढकारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढकारी अछाम

# दश वर्षे शिक्षा योजना

(२०८१-२०९०)

गाउँ कार्यपालिकाबाट प्रमाणिकरण मितिः २०७८।०६।१९

गाउँ कार्यपालिका बाट पहिलो पटक संशोधन मितिः २०८१।०३।०६

गाँउ कार्यपालिका बाट दोस्रो पटक संशोधन मितिः २०८१।१०।०७

प्रमाणिकरण गर्नेको दस्तखतः

अध्यक्षः श्री प्रकाश बहादुर साउद

ढकारी गाउँपालिका, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

# अध्यक्षको भनाइ

गाउँपालिकाको शिक्षा तर्फको दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण हुन लागेकोमा अत्यन्त खुसी लागेको छ। Bottom up planning Approach बाट सरोकावालाहरुको सहभागितामा शिक्षा क्षेत्र योजना निर्माण गरी स्रोत साधनको बहुउपयोग गरी बालबालिकामैत्री गुणस्तरीय शिक्षा प्रदान गर्न निकै उपयोगी हुने र आगामी दिनहरुमा यो आवधिक योजनालाई मार्ग दर्शनको रुपमा लिई सीमित स्रोत साधनको न्यायोचित बाँडफाँड गरी अधिकतम उपलब्धी हासिल गर्न कोसेढुङ्गा सावित हुनेछ भन्ने विश्वासलिएको छु । ढकारी गाउँपालिकामा सबै विद्यालयहरुलाई Centre for Excellence निर्माण गरी Education Hub को रुपमा पहिचान स्थापना गर्न सक्षम हुनेछ भन्ने लक्ष्य निर्धारण गरिएको छ । संघिय संरचनामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को (ज) बमोजिम आधारभूततह र माध्यमिक तहको शिक्षा व्यवस्थापन गर्न स्थानीय तहलाई जिम्मा भएकोले शैक्षिक प्रशासन व्यवस्थापन र शैक्षिक योजनालाई व्यवस्थित गर्नका लागि आवधिक योजनाको अपरिहार्यता महसुस गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न गराउन यो सूक्ष्म योजनाको रुपमा विकास गरी मिति २०८१।१०।०६ गते गाउँ कार्यपालिकाबाट पारित गरी कार्यान्वयमा लैजानको लागि स्वीकृति प्रदान गरिएको छ ।

ढकारी गाउँपालिकामा सबै विद्यालयको भौतिक पूर्वाधारमा सुधार तथा शैक्षिक प्रगति हुदै गएको छ भने शिक्षकहरुको क्षमता अभिवृद्धिका साथै विद्यार्थीहरुको शिक्षामा पहुँच बढेको छ। आजको प्रतिस्पर्धात्मक युगमा हाम्रा बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु हाम्रो परम कर्तव्य हो। संविधानको अनुसूची-८ अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन कार्यान्वयनमा आएपछी विद्यालय तहगत शिक्षाको सम्पूर्ण व्यबस्थापन गर्ने जिम्मेवारीलाई गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै शैक्षिक सुधारका लागि विभिन्न अभियानहरु सञ्चालन गर्दै आएको छ। स्थानीय सरकार गाउँपालिकामा क्रियाशील गैरसरकारी संघ संस्था सार्वजनिक र नीजि विद्यालयहरुले समेत यसै योजनाका लक्ष्य उद्देश्य र कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनमा अपेक्षित सहकार्य र सहयोग गर्नु हुनेछ भन्ने पूर्ण विश्वास राख्दछु।

अन्त्यमा दश वर्षे शिक्षा क्षेत्र योजना निर्माणको महत्वपूर्ण कार्य सम्पन्न गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्नेयुनिसेफ नेपाल, सामुदायिक विकास केन्द्र ( CDC) डोटी, शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरुले देखाउनुभएको समर्पण र सहभागिताको उच्च कदरका साथ मस्यौदा लेखन कार्यदल समितिसंयोजक श्री चन्द्र बहादुर साँउद समेतको मस्यौदा समिति तथा उप- समिति र सरोकारवालाहरुलाई हार्दिक धन्यवादव्यक्त गर्दछु।

**धन्यवाद!!**

प्रकाश बहादुर साउँद
अध्यक्ष
ढकारी गाउँपालिका, अछाम

# उपाध्यक्षको भनाई

ढकारी गाउँपालिकाको शिक्षा क्षेत्रको विकास गर्न दश वर्षका लागि दुरगामी शिक्षा क्षेत्र योजना तयार गरेकाछौं।गुणस्तरीय शिक्षाले मात्र सक्षम जिम्मेवार र उद्यमी नागरीक तयार गर्न सकिन्छ।यसका लागि स्पष्ट शिक्षा नीति, प्रयाप्त बजेट, सुधारमुखी कार्यक्रमको छनोट र प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ।राष्ट्रिय शिक्षाका उद्देश्यहरू प्राप्त गर्न तीनवटै तहका सरकारबीच समन्वय र साझा प्रतिबद्धता आवश्यक हुन्छ।

यसै सन्दर्भमाढकारी गाउँपालिकाले गाउँ भित्रको शैक्षिक अवस्था सुधार गर्दै यसलाई शैक्षिक गन्तव्यको थलोका रूपमा विकास गर्ने प्रतिबद्धताका साथ १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ। यस योजनामा नीति, लक्ष्य, उद्देश्य तथा कार्यक्रमहरू समेटिएका छन्, जुन कतिपय महत्वाकांक्षी र केही स्थानमा दोहोरिएका वा छुट्न सक्ने सम्भावना भए तापनि समग्रमा व्यापक र दूरदर्शी छन्।यसलाई सफल बनाउन यस पालिकाको रुपान्तरणमा अर्थपूर्ण भूमिका निर्वाह गर्न सक्ने सिर्जनशील, सक्रिय र उपयोगी नागरिक उत्पादन गर्ने शिक्षा प्रणालीको जग बसाउन जरुरी छ।यसैको सुनिश्चिता गर्न, कार्यक्रमको सान्दर्भिकता र सुधारलाई प्रथामिकता दिन र नयाँ रणनीतिक कार्यक्रमलाई एकिकृत गर्न विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरिएको हो।योजना निर्माण मस्यौदा कार्यादल समितिले गहन छलफल र समावेशी सहभागितामार्फत आवश्यक पक्षहरू समेट्ने प्रयास गरेको छ। यसको सफल कार्यान्वयनका लागि संघीय, प्रदेश र स्थानीय तहको समन्वयका साथै जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघ-संस्था, शैक्षिक क्षेत्रका सरोकारवालाहरूको निरन्तर सहयोग अपेक्षा रहेको छ।

अन्त्यमा, यस योजनाको मस्यौदा तयार पार्नमा सक्रिय सहभागिता जनाउनु हुने युनिसेफ, सामुदायिक विकास केन्द्र (CDC) डोटी, बुद्धिजीवी वर्ग, शिक्षाविद्, मस्यौदा उप-समिति, शिक्षक/शिक्षिका तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्ने सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभार प्रकट गर्दछु। हामी सबैको साझा संकल्प, प्रतिबद्धता र सहयोगमार्फत मात्र यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकिने विश्वास लिएकी छु।

**धन्यवाद !!**

.........................

नेत्रकला देवी शाही

उपाध्यक्ष

ढकारी

गाउँपालिका,अछाम

# प्रमुख प्रशासकीय अधिकृतको भनाई

शिक्षा क्षेत्र योजना ढकारी गाउँपालिकाको शिक्षा क्षेत्रको विकास र प्रवर्द्धनका लागि एक दस्तावेज हो। यो योजना ढकारी गाउँपालिकाको शैक्षिक भविष्यको मार्गचित्र हो जसले आगामी दश वर्षमा यहाँको शिक्षा प्रणालीलाई गुणात्मक रुपान्तरणको लक्ष्य राखेको छ। नेपालले सङ्घीय शासन प्रणाली अवलम्वन गरेसंगै नेपालको संविधानले स्वः शासन र साझेदारी शासनको परिकल्पना गरेको छ। स्वः शासनकोरुपमा नेपालको संविधानको अनुसुची ८ मा स्थानिय तहका २२ वटा एकल अधिकार रहेका छन् जसमा आधारभूत र माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित ढङ्गले अगाडी बढाउन सक्ने हो भने सक्षम मानव पूँजीको निर्माण भई विकासमा समग्र पक्षहरुमा समारात्मक प्रभाव पर्ने हुन्छ।

ढकारी गाउँपालिकाले वर्तमानमा रहेको यथार्थ शैक्षिक अवस्थाको विश्लेषण गरि भविष्यमा शैक्षिक क्षेत्रलाई कुन अवस्थासम्म पुऱ्याउने भन्ने ध्येयका साथ यो १० वर्षेशिक्षा क्षेत्र योजना तयार गरेको छ। संघियता स्थापना पछिको समयमा राज्यको पून:संरचना संगै संघ, प्रदेश र स्थानिय तह गरि तिन वटै तहका सरकारहरुले शिक्षालाई साझा र एकल दुबै अधिकारको रुपमा बोध गरि कार्य गर्ने सन्दर्भमा नयाँ शिक्षा क्षेत्र योजनाको आवश्यकता परेको देखिन्छ। यसै अनुरुप यो दश वर्षे शिक्षा क्षेत्र योजनाले सबै बलबालिकाको पहुँचमा गुणस्तरीय शिक्ष सुनिश्चित गर्ने, विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने, शिक्षकहरुको क्षमता अभिवृद गर्ने, प्रविधिको उच्चतम प्रयोग गर्ने र शिक्षालाई समय सापेक्ष बनाउने लक्ष्य लिएको छ।

शिक्षा क्षेत्र योजना तयार गर्दा नेपालको संविधानले शिक्षासम्बन्धमा व्यवस्था गरेका प्रावधानहरु, शिक्षासम्बन्धि राष्ट्रिय तथा प्रादेशिक नीतिहरु, सोहि योजनाको अवधारणापत्र, दिगो विकास लक्ष्य लगायतलाई मार्गदर्शनको रुपमा लिई स्थानीय आवश्यकता र प्राथमिकता निर्धारण गरी व्यवहारिक र कार्यान्वयन योग्य बनाउने प्रयत्न भएको छ। योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य भए तापनि यो योजना निर्माणमा योजना निर्माण मस्यौदा कार्यदल समितिको काम अत्यन्तै प्रशंसा योग्य रहेको छ। शिक्षा क्षेत्र योजना निर्माणमा नेतृत्व गर्ने आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सामाजिक विकास समिति संयोजक ज्यू, कार्यपालिका सदस्यहरु, लेखन समिति र शिक्षा समितिका आदरणीय पदाधिकारी, शिक्षक महासंघ, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, बालकल्याण प्रतिनिधि तथा योजनालाई निखार ल्याउनका लागि आ-आफ्नो ठाउँमा अमुल्य सहयोग, सुझाव र पृष्ठपोषण प्रदान गर्नु हुने सम्पूर्ण शैक्षिक सरोकारवालाहरुमा धन्यवाद प्रकट गर्दछु। ढकारी गाउँपालिकाको शिक्षा क्षेत्र योजना निर्माणमा सहयोग गर्नु हुने युनिसेफ र सामुदायिक विकास केन्द्र (CDC)डोटीलाई धन्यवादका साथै अन्त्यमा यस योजनाको पूर्ण प्रभावकरी कार्यान्वयनको अपेक्षा गरेको छु।

**धन्यवाद ! !**

.....................

लक्ष्मण साह

प्रमुख प्रशासकीय अधिकृत

ढकारी गाउँपालिका,अछाम

# कार्यकारिणी सारांश

शिक्षा विकासको प्रमुख मेरुदण्ड हो। देश संघीय प्रणालीमा रहेको अवस्थामा शिक्षा क्षेत्र पनि संघियता सँगै कार्यान्वयन भइरहेको छ। स्थानीय तहलाई हाल आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार प्रदान गरिएको छ। स्थानीय तहलाई हाल स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ऐनले जम्मा २३ वटा अधिकारहरु प्रदान गरेको छ। सो अधिकारहरुलाई हाल स्थानीय तहले कार्यान्वयन गरिएको अवस्था छ। उक्त अधिकारहरु कार्यान्वयन गर्नको लागि स्थानीय तह अन्तर्गत शिक्षा हेर्ने विभाग वा महाशाखा वा शाखाको स्थापना गरिएको छ।

नेपालको केही दशक देखि शिक्षा क्षेत्रमा सुधारोन्मुख स्थिति देखिएता पनि बालवालिकाको गुणात्मक शिक्षा तथा उनीहरुको सिकाई उपलब्धीमा अपेक्षित नतिजा हासिल गर्न सकेको छैन। अझै पनि कमजोर आर्थिक अवस्था तथा अपाङ्गता भएका बालवालिका विद्यालयको पहूँचमा ल्याउन सकिएको छैन। यस कारण ढकारी गाउँपालिकाले कमजोर आर्थिक अवस्था भएका तथा अपाङ्गता भएका तथा अन्य सबै खाले बालवालिकहरुलाई विद्यालयको पहूँचमा ल्याई गुणस्तरीय तथा समतामुलक शिक्षा प्रदान गर्दै, बालवालिकाको कक्षा छोड्ने तथा कक्षा दोहोराउने दरलाई न्यूनीकरण गरी उनीहरुको सिकाई उपलब्धी वृद्धि गर्ने, तह पूरा गर्ने दरमा वृद्धि गरि समग्र गाउँपालिकाको शैक्षिक अवस्थामा सुधार गरी जिल्लाको शिक्षा क्षेत्रको अग्रणी गाउँपालिका बनाउने उद्धेश्यका साथ यो शिक्षा योजना तयार गरिएको हो।

संविधान प्रदत्त अधिकारको प्रयोग तथा कार्यान्वय गर्दै जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले सबै नागरिकलाई समतामूलक,गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षा प्रदान गर्नु सरकारको दायित्व हुन आउछ। नेपालको संविधान २०७२ अनुसार देश संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि हाम्रो देशमा तीन तहको सरकार क्रियाशिल रहेका छन् । यी तीनै तहको सरकारको जिम्मेवारीमा शिक्षा क्षेत्रका अधिकारहरु बाँडफाँड गरिएका छन् । संविधानको अनुसुची ५ मा संघीय सरकारको क्षेत्रभित्र पर्ने अधिकारका बारेमा उल्लेख गरिएको छ भने अनुसूची ६ मा प्रदेश सरकारको अधिकारको सूची उल्लेख गरेको छ। संविधानको अनुसूची ७ मा संघ र प्रदेशले प्रयोग गर्ने संयुक्त अधिकारका सूचि समेटिएका छन्। संविधानको अनुसूची ८ मा २२ वटा विषय समेटी स्थानीय तहको अधिकारको सूची उल्लेख गरिएको छ। संविधानको अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको विषयमा उल्लेख गरेको छ जसमा साझा सूचीको रुपमा शिक्षा, खेलकुद तथा पत्रपत्रिका उल्लेख रहेको छ भने शिक्षा सबै तहका सरकारको साझा अधिकारको रुपमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा सम्बन्धी स्थानीय सरकारका २३ वटा अधिकार सूचिकृत गरिएको छ। सोही अनुरुप स्थानीय सरकारहरुले आफ्नो क्षेत्रको शैक्षिक अवस्थालाई सुधार गर्न आ-आफ्नो तहमा शैक्षिक योजनाहरु निर्माण गरी शिक्षालाई व्यवस्थित गर्ने प्रयत्न गरिरहेको पाइन्छ।

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ तथा बालवालिका ऐन पनि कार्यान्वयनमा आईरहेका छन् । यी सबै ऐनले संविधानले प्रत्याभुत गरेको शिक्षाको मौलिक हकलाई कार्यान्यन गर्न सहजीकरण गरेको छ।

यसै गरी नेपाल सरकारले दिगो विकास लक्ष्य कार्यान्यन गर्न सहमति जनाएको अवस्था रहेको छ। उक्त दिगोविकासका १७ वटा लक्ष्यहरु निर्धारण गरेको र लक्ष्य नं.४ शिक्षा संग सम्बन्धीत छ। चौथो उद्देश्यमा सबैका लागि समावेशी तथा समतामुद्दलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाईका अवसरहरुमा प्रोत्साहित गर्ने उद्देश्य राखेको छ। नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोण सहित पन्ध्रौ योजना २०७७-२०८७तयारी गरी शिक्षाको विकासका लागि नीतिगत प्राथमिकता उल्लेख गरेको छ।

यी माथि उल्लिखित संवैधानिक अधिकार, नीति नियम तथा योजनाको कार्यान्वयन गरी सबै बालवालिका तथा व्यक्तिलाई समतामूलक, समावेशी, गुणात्मक तथा जीनपर्यन्त शिक्षाको सुनिश्चिता गर्न तथा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधि २०७८ असारमा मात्र रहेको छ र ढकारी गाउँपालिकामा पनि शिक्षाको समग्र विकासका लागि शिक्षा क्षेत्रको योजना हाल सम्म बनी नसकेको हुँदा यस गाउँपालिकाको २०८१ देखि २०९० सम्मको १० वर्षे शिक्षा योजना निर्माण गरिएको हो।

# विषय सूची


विषय पेज नं.

परिच्छेदः १ परिचय ........ १

१.१ पृष्ठभूमि........२

१.२ गाउँपालिकाको परिचय........२

१.३ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना........२

१.४ सामाजिक अवस्था........२

१.५ गाउँपालिकाको जनसंख्या सम्बन्धी विवरण........ ३

१.६ गाउँपालिकाको वडा अनुसार जम्मा घरधुरी तथा जनसंख्या........३

१.७ गाउँपालिकाको शैक्षिक अवस्था........ ४

१.८ साक्षरताको अवस्था........४

१.९ ढकारी गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण........ ८

१.१० गाउँपालिकाका शैक्षिक समस्या तथा चुनौति र अवसरहरु........ १०

परिच्छेदः २ नयाँ शिक्षा क्षेत्र योजना........१४

२.१ सन्दर्भ र औचित्य........१४

२.२ गाउँपालिकाको दीर्घकालीन सोच (Vision), ध्येय, उद्देश्यर रणनीतिहरु........ १६

२.२.१ परिचय........१६

२.२.२ दीर्घकालीन सोच (Vision)........१७

२.२.३ ध्येय (Mission)........१७

२.२.४ प्रमुख उद्देश्यहरु (Objectives)........१७

२.२.५ दीर्घकालीन रणनितिहरु ........१८

२.२.६ अपेक्षित मुख्य उपलब्धी........१९

२.२.७ मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ........२०

परिच्छेदः ३ शिक्षाका क्षेत्रहरु........२६

३.१ परिचय........२६

३.२ प्रारम्भिक बालविकास र शिक्षा........२६

३.२.१ परिचय........२६

३.२.२ वर्तमान अवस्था........२७

३.२.३ उद्देश्य........२७

३.२.४ रणनीति........२८

३.२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ २८

३.३ आधारभूत शिक्षा........३०

३.३.१ परिचय........३०

३.३.२ वर्तमान अवस्था........३०

३.३.३ उद्देश्य..........३२
३.३.४ रणनीतिहरु..........३२
३.३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य.......... ३३
३.४ माध्यमिक शिक्षा..........३५
३.४.१ परिचय..........३५
३.४.२ वर्तमान अवस्था..........३६
३.४.३ उद्देश्य..........३६
३.४.४ रणनीतिहरु..........३७
३.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........३८
३.५ उच्च शिक्षा..........४१
३.५.१ परिचय ..........४१
३.५.२ उच्च शिक्षाका समस्या तथा चुनौतीहरु..........४१
३.५.३ ढकारी गाउँपालिकामा उच्चशिक्षाका चुनौतीहरु..........४१
३.५.४ रणनीतिहरु..........४१
३.५.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........४२
३.६ प्राविधिक तथा व्यावसायिक शिक्षा.......... ४२
३.६.१ परिचय..........४२
३.६.२ वर्तमान अवस्था..........४३
३.६.३ चुनौति तथा अवसरहरु..........४३
३.६.४ उद्देश्य..........४४
३.६.५ रणनीतिहरु..........४४
३.६.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........४४
३.७ पाठ्यक्रम र पाठ्यसामग्री..........४५
३.७.१ परिचय..........४५
३.७.२ वर्तमान अवस्था..........४७
३.७.३ उद्देश्य.......... .४७
३.७.४ रणनीतिहरु..........४८
३.७.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........४९
३.८ शिक्षक व्यवस्थापन र विकास..........५०
३.८.१ परिचय.......... ५०
३.८.२ शिक्षक तयारी.......... ५१
३.८.३ शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति..........५२
३.८.४ शिक्षण सिकाई क्रियाकलाप..........५३
३.८.५ शिक्षकको उत्तरदायित्व..........५४
३.८.६ शिक्षकको पेसागत सहयोग पद्धति..........५४

३.८.७ शिक्षक क्षमता विकास कार्यक्रम............................................................५४
३.८.८ शिक्षकको आपुर्ति र वितरण..................................................................५५
३.८.९ प्रमुख समस्या तथा चुनौतिहरु............................................................५५
३.८.१० उद्देश्य.............................................................................................५६
३.८.११ रणनीतिहरु........................................................................................५६
३.८.१२ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य................................ ५७
३.९ विद्यालय व्यवस्थापन ( प्रधानाध्यापक सहित)........................................... ५९
३.९.१ परिचय.................................................................................................५९
३.९.२ वर्तमान अवस्था....................................................................................६०
३.९.३ उद्देश्य.................................................................................................६१
३.९.४ रणनीतिहरु..........................................................................................६१
३.९.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य......................................६२
३.१० निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा र जीवनपर्यन्त .............६३
सिकाई र शिक्षा
३.१०.१ परिचय...............................................................................................६३
३.१०.२ वर्तमान अवस्था..................................................................................६४
३.१०.३ समस्या र चुनौतिहरु............................................................................६५
३.१०.४ उद्देश्यहरु..........................................................................................६५
३.१०.५ रणनीतिहरु........................................................................................६५
३.१०.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य....................................६६
३.११ गुणस्तरिय सार्वजनिक शिक्षा................................................................... ६६
३.११.१ परिचय.............................................................................................. ६६
३.११.२ वर्तमान अवस्था................................................................................. ६८
३.११.३ उद्देश्यहरु..........................................................................................६८
३.११.४ रणनीतिहरु....................................................................................... ६९
३.११.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य.................. ................६९
३.१२ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच/ समावेशी शिक्षा.....७१
३.१२.१ परिचय...............................................................................................७१
३.१२.२ वर्तमान अवस्था..................................................................................७१
३.१२.३ समस्या र चुनौतिहरु............................................................................७२
३.१२.४ उद्देश्यहरु.......................................................... ..........................७२
३.१२.५ रणनीतिहरु........................................................................................७२
३.१२.६ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य......................................७२
३.१३ शिक्षामा सूचना प्रविधि............................................................................७३
३.१३.१ परिचय...............................................................................................७३

३.१३.२ वर्तमान अवस्था..........................................................................................७४
३.१३.३ उद्देश्यहरु..........................................................................................७५
३.१३.४ रणनीतिहरु..........................................................................................७५
३.१३.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........................................७५
परिच्छेदः ४ संस्थागत संरचना र क्षमता विकास (प्रदेश र सङ्घीय तहसँगको अन्तरसम्बन्ध).........७६
४.१ परिचय..........................................................................................७७
४.२ वर्तमान अवस्था..........................................................................................७७
४.३ उद्देश्य..........................................................................................७९
४.४ रणनीतिहरु..........................................................................................७९
४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........................................८०
परिच्छेदः ५ लगानी र स्रोत व्यवस्थापन..........................................................................................८१
५.१ परिचय..........................................................................................८१
५.२ वर्तमान अवस्था..........................................................................................८१
५.३ उद्देश्य..........................................................................................८२
५.४ रणनीतिहरु..........................................................................................८२
परिच्छेदः ६ मुख्य मुख्य क्रियाकलाप र उपलब्धी सूचक..........................................................................................८५
६.१ परिचय..........................................................................................८५
६.२ योजनाको समग्र नतिजा खाका..........................................................................................८५
परिच्छेदः ७ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,समन्वय र सहजीकरण.......................... ....८९
७.१ योजना कार्यान्वयन..........................................................................................८९
७.१.१ परिचय..........................................................................................८९
७.१.२ वर्तमान अवस्था..........................................................................................८९
७.१.३ योजना कार्यान्वयन प्रबन्ध..........................................................................................९०
७.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण..........................................९०
७.१.४.१ परिचय..........................................................................................९०
७.१.४.२ वर्तमान अवस्था..........................................................................................९१
७.१.४.३ उद्देश्य..........................................................................................९१
७.१.४.४ रणनीतिहरु.......................................................................................... ९२
७.१.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य..........................................९२
अनुसूची १..........................................................................................९४
अनुसूची २..........................................................................................९६
अनुसूची ३..........................................................................................९६
सन्दर्भ सामाग्रीहरु..........................................................................................९७

# परिच्छेद –१

## परिचय

## १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधान अनुसार राज्यको पुनसंरचना भई एकात्मक राज्य व्यवस्थाबाट संघिय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ। नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हकसमेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन।

संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७० कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिकाहरुको हक रअधिकारलाई थप प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शनगरेको छ ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको२५वर्षेदीर्घकालिनसोच"समृद्धनेपाल, सुखीनेपाली"सहितकोसमुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुर्‍याउन सकिन्छ। यही वृहत्तर उदेश्य प्राप्तिका लागिराष्ट्रिय रुपमा शैक्षिक कार्यक्रमहरु बीच तादाम्यता सहित तीनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान,२५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू १५ वर्षे दिगो विकास लक्ष्य पन्ध्रौँ आवधिक योजनाका लक्ष्यहरु र कोभिड-१९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७८देखि२०८७सम्म) शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना निर्माणलाई अगाडि बढाएको छ। तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०२२ सम्ममा विकासशील मुलुकको रूपमा सन् २०३० सम्म दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रुपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले

माध्यमको रुपमा भूमिका खेल्ने अपेक्षा ढकारी गाउँपालिकाले समेत स्थानियतामा आधारित रहेर यो शिक्षा क्षेत्रको १०बर्षे योजना निर्माण गरिएको छ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाको समग्र सन्दर्भहरु जस्तै ढकारी गाउँपालिकाको सामाजिक तथा साँस्कृतिक अवस्था आर्थिक जनसाङिखक अवस्था र स्वरुप शासकीय स्वरुप लगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ। प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रको प्रमुख चुनौति तथा अवसरहरु पहिचान गरिएको छ। यस परिच्छेदको अन्त्यमा यो योजना निर्माण प्रकृयाहरु उल्लेख गरिएको छ।

## १.२ गाउँपालिकाको परिचय

अछाम जिल्लाका १० वटा स्थानीय तह मध्ये ढकारी गाउँपालिका एक हो। यो गाउँपालिका जिल्ला सदरमुकाम देखि करिब ५० कि.मि. दुरीमा दक्षिण पूर्वी भागमा पदर्छ। साविकका गाविसहरु ढकारी, हिच्मा, बलाता, ढुङ्गाचाल्ना र घोडासैनको आधा भागलाई एकीकृत गरी नेपालको संविधान२०७२ अनुसार वि.सं.२०७३ सालमा संघीय संरचनाअनुसार स्थानीयतहको रुपमा ढकारी गाउँपालिकाको नामबाट यो स्थानीय तहको स्थापना भएको हो। यो गाउँपालिका ८ वटावडामा विभाजित छ। साविकको ढकारी गाविसलाई वडानं १, हिच्मा गाविसलाई वडा नं. २ र ३, बलाता गाविसलाई वडा नं. ४ र ५, ढुङ्गाचाल्ना गाविसलाई वडा नं. ६ र ७ र घोडासैन गाविसको आधा भाग टुक्राएर वडा नं. ८ बनाइएको छ। २२७.८८ वर्ग कि.मि. क्षेत्रफल भएको यो गाउँपालिकाको जनसङ्ख्या २१९९८ रहेको छ। २०७४ सालको स्थानीय तहको निर्वाचन पश्चात जननिर्वाचित पदाधिकारीहरुले स्थानीय सरकारको रुपमा कार्य गरेको अवस्था छ।

## १.३ गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

समुन्द्रि सतहबाट करिव ६०० मिटर देखि २२०० मिटरसम्मको उचाइमा रहैको यो गाउँपालिका पहाडी भौगोलिकता भएको गाउँपालिका हो। भौगोलिक अवस्थितिका हिसाबले २८ डिग्री ५३ मिनेट ५ सेकेण्ड देखि २९ डिग्री ३ मिनेट १५ सेकेण्ड उत्तरी अक्षाशं र ८१ डिग्री ३ मिनेट ४५ सेकेण्ड देखि ८१ डिग्री २० मिनेट ३० सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यस गाउँपालिकाको पूर्वमा कमलबजार नगरपालिकार तुर्माखाँद गाउँपालिका पश्चिममा डोटी जिल्ला उत्तरमा मङ्गलसेन नगरपालिका र दक्षिणमा सुर्खेत जिल्ला रहेका छन्। क्षेत्रफल २२७.८८वर्ग कि.मि. रहेको यस पालिककाको भू-बनोटलाई हेर्दा पहाडी भूभाग भएकाले भिरालो डाँडाकाडाँले ढाकेको छ।

## १.४ सामाजिक अवस्था

गाउँपालिकाको जम्मा जनसङ्ख्या २१९९८ छ भने घरधुरी सङ्ख्या ४३०५ रहेको छ। उक्त जनसङ्ख्यामा पुरुष १०५८५ र महिला ११४१३ छ। गाउँपालिकामा मुख्य क्षेत्रीहरुमा बुढा, साउँद, थापा, ब्राह्ममणहरुमा घोडासैनी, रिमाल, भण्डारी, अधिकारी,देवकोटा, न्यौपाने, खतिवडा जातिको बसोबास रहेको छ भने दोस्रोमा दलितहरुमा ढोली, सुनार, कामी, सुज्जी, टमट्टा, वड, हुड्के, सार्की, भुल, आदि सङ्ख्या देखिन्छ। ठकुरी, तथा मगरजातिको बसोबास पनि यस पालिकामा रहेकोछ। धैरै जसो आफ्ना परम्परा अनुसारको रितिरिवाज र संस्कृति मान्दछन्। यहाँ एकनासको भेषभूषा र परम्परा रहेको पाइन्छ। छिमेकीको विवाह, भोज, ब्रतबन्ध र मृत्यु जस्ता समाजिक परम्परामा उपस्थित हुने

र सहयोग गर्ने परम्मपरा रहेको छ । यहाँ मानिसहरु दसै, तिहार अन्य स्थानिय पर्व जस्तै बिसुपर्व, जेठ र पुष पूर्णिमा आदि तथा हिन्दु परम्परा अनुसारका चाडपर्व मनाउने गर्दछन् । यहाँका मानिसहरुको मुख्य पेसा कृषि रहेको छ । अधिकांश मानिसहरु कृषि पेसा गर्दछन्। सरकारी सेवामा यहाँका मानिसहरुको उपस्थिति कम रहेको छ। यहाँका युवाहरु रोजगारीका लागि भारत तथा अन्य मुलुकहरुमा जाने गर्दछन् ।

## १.५ गाउँपालिकाको जनङ्ख्या सम्बन्धी विवरण

ढकारी गाउँपालिकाको जम्मा घरधुरी सङ्ख्या ४३०५रहेको छ । जसमा कुल जनसङ्ख्या २१९९८ रहेको छ । उक्त जनसङख्यामा १०५८५ जना पुरुष र ११४१३ जना महिला रहेको छ । गाउँपालिकाको जम्मा जनसङ्ख्यामा पुरुष भन्दा महिला ८२८ जनाले बढी छन् । कुल जनसङ्ख्यामा महिलाको प्रतिशत ५१.८ हुन्छ भने पुरुषको ४८.१२ प्रतिशत हुन्छ । उक्त जनसङ्ख्या तथा घरधुरीको आधारमा औषत परिवार सङ्ख्या प्रति घरधुरी करिव ५.१ जना हुन्छ । औषत जनघनत्वलाई हेर्दा प्रति वर्ग कि.मि. ९६.५४ जना बसोबास गरेको देखिन्छ । वस्तुगत विवरण तयारीको लागि सञ्चालन गरिएको घरधुरी सर्वेक्षण अनुसार गाउँपालिकाको कुल जनसङ्ख्या तालिका नं. १ मा दिइएको छ ।

तालिका नं.१

गाउँपालिकाको कुल जनसङ्ख्या

| क्र.सं. | लिङ्ग | कुलजनसङ्ख्या २०६८ | प्रतिशत | कुल जनसङ्ख्या २०७८ | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | महिला | ११११८१ | ५१.८३ | ११४१३ | ५१.८ |
| २ | पुरुष | १०३८९ | ४८.१७ | १०५८५ | ४८.१२ |
| ३ | जम्मा | २१५७० | १०० | २५६७७ | १०० |

## १.६ गाउँपालिकाको वडा अनुसार जम्मा घरधुरी तथा जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्या २१९९८ रहेको छ भने ४३०५ घर परिवार रहेको छ। वडा अनुसार जनसंख्या हेर्दा सबैभन्दा बढी वडा नं. १ मा ४३१४ छ भने सबैभन्दा न्युन वडा नं. ५ मा १९८८ रहेको देखिन्छ । औषत घरपरिवारको आकार ५.१ रहेको यस गाउँपालिकामा लैंगिक अनुपात भने १०७.८ रहेको छ । यस सम्बन्धि वडागत विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. २**

**वडागत रुपमा जम्मा घरधुरी तथा जनसंख्या**

| वडा नं. | जनगणना २०६८ अनुसार | | | | | | घरपरिवार सर्वेक्षण २०७८ अनुसार | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घर परिवार | जनसंख्या | | | औषतघरिवार आकार | लैंगिकअनुपात | घरपरिवार | जनसंख्या | | | औषत घरपरिवार संख्या | लैंगिक अनुपात |
| | | जम्मा | पुरुष | महिला | | | | जम्मा | पुरुष | महिला | | |
| १ | ७२५ | ४०३६ | १९०१ | २१३५ | ५.५७ | ११२.३ | ६९६ | ४३१४ | २१३२ | २१८२ | ६.१९ | १०२.३ |
| २ | ४७९ | २३८३ | १०६९ | १३१४ | ४.९७ | १२२.९ | ५८९ | २०६२ | ९५२ | १११० | ३.५० | ११६.६ |
| ३ | ५१५ | २९७२ | १४३० | १५४२ | ५.७७ | १०७.८ | ६०९ | ३३०२ | १६१९ | १६८३ | ५.४२ | १०३.९ |
| ४ | ४०३ | २२८९ | १०७९ | १२१० | ५. ६८ | ११२.१४ | ४६५ | २२८२ | १०१५ | १२६७ | ४.९० | १२४.८ |
| ५ | ३०३ | १७८९ | ८५७ | ९३२ | ५.९० | १०८.७५ | ३८२ | १९८८ | ९८९ | ९९९ | ५.२० | १०१.१ |
| ६ | ५६४ | ३२४९ | १६३३ | १६१६ | ५.७५ | ९८.९५ | ६२४ | ३२७९ | १५६९ | १७१० | ५.२५ | १०८.९ |
| ७ | ४१८ | २४१५ | ११९० | १२२५ | ५.७८ | १०२.९ | ५२३ | २७३३ | १३६१ | १३७२ | ५.२२ | १००.८ |
| ८ | ३८८ | २४३७ | १२३० | १२०७ | ६.२८ | ९८.१३ | ४१७ | २०३८ | ९८४ | १०९० | ४.८८ | ११०.७ |
| जम्मा | ३७९५ | २१५७० | १०३८९ | १११८१ | ५.७० | १०७.६ | ४३०५ | २१९९८ | १०५८५ | ११४१३ | ५.१० | १०७.८ |

## १.७ गाउँपालिकाको शैक्षिक अवस्था

### सञ्चालित शैक्षिक संस्थाहरु

ढकारी गाउँपालिकामा ४३ ओटा विद्यालयहरु सञ्चालनमा रहेका छन। जसमध्ये ४२ ओटा सामुदायि र १ ओटा संस्थागत विद्यालय रहेका छन। विद्यालय र समुदायमा समेत गरी ४१ ओटा बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। उच्च शिक्षा अन्तर्गत एउटा क्याम्पस प्रस्तावित छ। अनौपचारिक तथा निरन्तर शिक्षा तर्फ ४ ओटा सामुदायिक सिकाई केन्द्र रहेका छन। शैक्षिक संस्थाको विवरण निम्न अनुसार रहेको छ।

**तालिका नं. ३**

**शैक्षिक संस्थाहरुको विवरण**

| क्र.सं. | तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | आधारभूत तह १-३ सञ्चालित | १२ | १ | १३ |
| २ | आधारभूत तह १-५ सञ्चालित | १५ | ० | १५ |
| ३ | आधारभूत तह १-८ सञ्चालित | ६ | ० | ६ |
| ४ | माध्यमिक तह १-१० सञ्चालित | ५ | ० | ५ |

| | | | | |
|---|---|---|---|---|
| ५ | माध्यमिक तह १-१२ सञ्चालित | ४ | ० | ४ |
| ६ | बाल विकास केन्द्र | ४१ | १ | ४२ |
| ७ | सामुदायिक सिकाई केन्द्र | ४ | ० | ४ |
| ८ | क्याम्पस | १ प्रस्तावित | ० | १ |

माथि उल्लिखित तालिकामा सामुदायिक विद्यालय ४२ र संस्थागत विद्यालय १ गरि जम्मा ४३ विद्यालयहरु रहेको देखिन्छ। बालविकास केन्द्रहरु ४२ र सामुदायिक सिकाई केन्द्रहरु ४ ओटा रहेका छन्।

**तालिका नं. ४**

**वडागत विद्यालय विवरण**

| **वडा नं.** | **आधारभूत** | **माध्यमिक** | **कक्षा १-३** | **कक्षा १-५** | **कक्षा १-८** | **कक्षा १-१०** | **कक्षा १-१२** | **प्राविधिक धार** |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | १ | ३ | २ | १ | ० | १ | १ |
| २ | ३ | १ | ० | ३ | ० | ० | १ | ० |
| ३ | ७ | ० | ५ | ० | १ | १ | ० | ० |
| ४ | २ | १ | ० | २ | ० | ० | १ | ० |
| ५ | ३ | १ | १ | १ | १ | १ | ० | ० |
| ६ | ७ | १ | १ | ४ | २ | ० | १ | ० |
| ७ | ४ | १ | २ | १ | १ | १ | ० | ० |
| ८ | ३ | १ | १ | १ | १ | १ | ० | ० |
| जम्मा | ३५ | ७ | १३ | १४ | ७ | ४ | ४ | १ |

ढकारी गाउँपालिकाको ४३ विद्यालय मध्ये कक्षा १-३ सञ्चालित १३, कक्षा १-५ सञ्चालित १५, कक्षा १-८ सञ्चालित ६, कक्षा १-१० सञ्चालित ५ र कक्षा १-१२ सञ्चालित ४ ओटा विद्यालयहरु रहेका छन। कक्षा १-१२ सञ्चालित सामुदायिक विद्यालयमा हाल सिभिल इन्जिनियरिङ तर्फको १ विद्यालय कक्षा ९-१२ सम्मको प्राविधिक विद्यालय समेत सञ्चालनमा छ।

## तालिका नं. ५

## जनजाति र तह अनुसार विद्यालय गईरहेका वालवालिकाहरुको संख्या

| जाति | बालविकास केन्द्र | | | कक्षा १-५ | | | कक्षा ६-८ | | | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| जम्मा | ६०२ | ५९१ | ११९३ | २२२१ | २०६३ | ४२८४ | ८५५ | ८८० | १७३५ | ४२० | ४७६ | ८९६ | २४० | ३२६ | ५६६ |
| दलित | १९७ | १९३ | ३९० | ८३३ | ७८९ | १६२२ | २०० | २८१ | ४८१ | ६३ | ११३ | १७६ | ३१ | ५० | ८१ |
| जनजाति | ४ | ५ | ९ | १९ | १८ | ३७ | २ | ६ | ८ | ७ | ५ | १२ | ४ | ९ | १३ |
| अन्य | ४०१ | ३९३ | ७९४ | १३६९ | १२५६ | २६२५ | ६५३ | ५९३ | १२४६ | ३५० | ३५८ | ७०८ | २०५ | २६७ | ४७२ |

स्रोत: IEMIS२०८०

शैक्षिक सत्र २०८० मा बालविकास तर्फ ११९३, कक्षा १-५ मा ४२८४, कक्षा ६-८ मा १७३४, कक्षा ९-१० मा ८९६ र कक्षा ११-१२ जम्मा ५६६ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या ८६७४ रहेको छ। कुल विद्यार्थी मध्ये छात्रा संख्या ४३३८ र छात्र संख्या ४३३६ रहेको छ।

## तालिका नं. ६

## विद्यालय गइरहेका उमेरगत बालबालिकाहरुको विवरण

| उमेर समूह | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| ३-४ बर्ष | ५९१ | ६०२ | ११९३ |
| ५-९ बर्ष | २०६३ | २२२१ | ४२८४ |
| १०-१२ बर्ष | ७४१ | ६६४ | १४०४ |
| १३-१४ बर्ष | ३३२ | ३४० | ६७२ |
| १५-१६ बर्ष | ४२२ | ५५६ | ९७८ |
| १६ बर्षमाथी | ८० | ६२ | १४२ |
| जम्मा | ४२२९ | ४४८६ | ८६७४ |

**स्रोत: विद्यालयमा आधारित तथ्याङ्क २०८० तालिका नं. ७**

**तहगत शिक्षक दरबन्दी विवरण**

| क्र. सं. | तह | दरबन्दी | राहत | अनुदान | जम्मा | गा.पा. करार | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | ५९ | ३५ | ० | ९४ | ४८ | १४२ |
| २ | निम्न माध्यमिक | ७ | ८ | ९ | २४ | ४३ | ६७ |
| ३ | माध्यमिक(९-१०) | २ | ६ | १५ | २३ | १६ | ३९ |
| ४ | माध्यमिक (११-१२) | ० | ० | ४ | ४ | १० | १४ |
| ५ | प्राविधिक धार (९-१०) | ० | ० | ४ | ६ | ० | ४ |
| ६ | प्राविधिक धार (११-१२) | ० | ० | ४ | ४ | ० | ४ |
| कुल जम्मा | | ६८ | ४९ | ३८ | १५५ | ११७ | २७२ |
| ५ | वाविके | ० | ० | २६ | २६ | १५ | ४१ |
| ६ | सा.सि.के. | ० | ० | ४ | ४ | ० | ४ |

## १.८ साक्षरताको अवस्था

ढकारी गाउँपालिका, अछामको साक्षर घोषणा सम्बन्धी प्रतिवेदन २०७६ अनुसार १५-६० बर्ष उमेर समूहको साक्षरता दर ९८ प्रतिशत रहेको छ। पुरुष र महिला साक्षरतामा भने थौरै अन्तर देखिन्छ। पुरुष साक्षरता ९९.६४ र महिला साक्षरता ९७.४१ प्रतिशत रहेको छ। वडागत रुपमा हेर्दा सबैभन्दा बढी साक्षरता दर वडा नं.१ मा ९९.६ प्रतिशत र सबैभन्दा कम वडा नं. ७ मा ९५.२ प्रतिशत रहेको छ। साक्षरताको दर राम्रो भए पनि उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भने गाउँपालिकाको अवस्था कमजोर देखिन्छ।

**तालिका नं. ८**

**ढकारी गाउँपालिकाको साक्षरताको अवस्था**

| वडा नं. | जम्मा घरधुरी संख्या | साक्षर वडा घोषणासम्म उमेर अनुसारको जनसंख्या | | | जम्मा | १५ देखि ६० को साक्षर | १५ देखि ६० को निरक्षर | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | ० देखि १५ | १५ देखि ६० | ६० भन्दा माथि | | | | |
| १ | ५८३ | २२६४ | २५४१ | ४०९ | ५२१४ | २५३१ | १० | ९९.६ |
| २ | ५२० | १४२५ | १७१० | ३२० | ३४५५ | १७०० | १० | ९९.४ |
| ३ | ५७५ | १५४२ | १९०१ | १७६ | ३६१९ | १८८९ | १२ | ९९.४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ३९१ | १०४७ | १६७१ | १८९ | २९०७ | १५६० | २१ | ९८.७ |
| ५ | ३२३ | ९८४ | ११४१ | ८५ | २२१० | ११३० | ११ | ९९ |
| ६ | ५७१ | १५७८ | १७०२ | २४० | ३५२० | १६८५ | १७ | ९९ |
| ७ | ३५७ | १२१३ | १३९७ | २१६ | २८२६ | १३३० | ६७ | ९५.२ |
| ८ | ३४९ | ८२८ | ११९८ | १६९ | २१९५ | ११७४ | २४ | ९८ |
| जम्मा | ३६६९ | १०८८१ | १३२६१ | १८०४ | २५९४६ | १२९९९ | १७२ | ९८ |

## १.९ ढकारी गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण

अछाम जिल्लाका १० स्थानीय तहमध्ये ढकारी गाउँपालिका एक विकट गाउँपालिका हो । अछाम जिल्लाका प्राय सबै स्थानीय तहहरुको शैक्षिक अवस्था सामान्य नै छ। तथापी यस गाउँपालिकामा भौतिक पुर्वाधारका साथै शैक्षिक गतिविधिहरुमा समेत दिनानु दिन परिवर्तनका सङ्केतहरु देखिन थालेका छन । माथि उल्लेखित तथ्याङ्क र तल उल्लेखित सूचाङ्कको आधारमा ढकारी गाउँपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरिएको छ।

**तालिका नं. ८**

**ढकारी गाउँपालिकाको साक्षरताको अवस्था**

| **क्र.सं.** | **सूचक** | **२०८० को अवस्था** |
|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास शिक्षा** | |
| १.१ | प्रारम्भिक बालविकास शिक्षामा कूल भर्नादर (%) | ११९.९ |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षामा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ७६.९ |
| **२** | **आधारभूत शिक्षा (१-८)** | |
| २.१ | कक्षा १ मा खुद प्रवेश दर | ९५.७ |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | ११५.९ |
| २.३ | कक्षा १-५ मा खुद भर्ना दर | ९५.६ |
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | १२४.८ |
| २.५ | आधारभूत तह कक्षा (१-५) मा महिला शिक्षकको प्रतिशत | ५४.१ |

| | | |
|---|---|---|
| २.६ | कक्षा १-८ मा खुद भर्ना दर | ९५.१ |
| २.७ | कक्षा १-८ मा कूल भर्ना दर | १२०.४ |
| २.९ | कक्षा ८ सम्मको टिकाउ दर | ८६.२ |
| २.१० | कक्ष १-८ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.० |
| २.११ | ५ देखि १२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालवालिकाको प्रतिशत | ४.९ |
| | **माध्यमिक शिक्षा** | |
| ३.१ | कक्षा ९-१० मा खुद भर्ना दर | ७६.५ |
| ३.२ | कक्षा ९-१२ मा खुद भर्ना दर | ५७.९ |
| ३.३ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ |
| ३.४ | कक्षा १२ सम्मको टिकाउ दर | ३७.२ |
| ३.५ | कुल भर्ना दरमा लैङ्गिक समता सूचक ९-१२ | ०.९ |
| ३.६ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षकको प्रतिशत | ९ |
| **४** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाई** | |
| ४.१ | साक्षरता दर ( १५ वर्ष भन्दा माथि ) (%) | ७१.२ |
| ४.२ | साक्षरता दर ( ६ वर्ष भन्दा माथि ) (%) | ७६.३ |
| ४.३ | साक्षरता दर ( १५-२४ उमेर समूह ) (%) | ९४.२ |
| **५** | **सुशासन तथा व्यवस्थापन** | स्वीकृत दरबन्दीका आधारमा मात्र |
| ५.१ | कक्षा १-५ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | २९.६ |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | २६:१ |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ६१.६ |
| ५.५ | कक्षा ११-१२ मा विद्यार्थीः शिक्षक अनुपात ( सामुदायिक | २६८.५ |

| | | |
|---|---|---|
| | विद्यालयमा ) | |
| ६ | **शिक्षामा लगानी** | |
| ६.१ | कुल बजेटमा शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | १८,७६,००,०००।- |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | २० |
| ६.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | १५ |

स्रोतः आर्थिक सर्वेक्षण २०८० केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित तथ्याङ्कमा यस गाउँपालिकाको उमेरगत जनसंख्या प्राप्त हुन नसकेको

## १.१० गाउँपालिकाका शैक्षिक समस्या तथा चुनौति र अवसरहरु

### क) शैक्षिक समस्या

ढकारी गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाको अनुभूति र भोगेका समस्याहरु निम्न अनुसार छनः

१ आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरु विशेषत सुविधाविहिन समूहका बालबालिकाहरु विद्यालय बाहिर रहिरहनु।

२ विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु।

३ माध्यमिक शिक्षा पूर्णरुपमा निःशुल्क हुन नसक्नु।

४ शैक्षिक सुशासन कायम हुन नसक्नु उच्च शिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु।

५ संघिय सरकारबाट शिक्षामा पर्याप्त लगानी नहुनु।

६ सार्वजनिक शिक्षामा स्थानिय समुदायको अपनत्व सिर्जना हुन नसक्नु।

७ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु।

८ सामुदायिक विद्यालयका शिक्षकहरुको पेसाप्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणामा कमीहुनु।

९ शिक्षण पेसा रोजाइको पेशा हुन सकेको छैन शिक्षकहरुको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल हुनु।

१० सबै विद्यालयको भौतिक अवस्था सन्तोषजनक छैन विद्यालयहरु विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारतिर ध्यान दिनु।

११ विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ। विद्यालयमा दण्डहिनता मौलाईरहेको छ। शिक्षकले कक्षाकोठमा विताउने समय झण्डै आधा मात्र रहेको छ। राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासन तथा आचारसंहिता विपरित कार्य गर्ने शिक्षकलाई दण्ड हुन नसक्नु।

१२ शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाई उपलब्धिलाई जोड्न नसकिनु तथा शिक्षकको वृत्ती विकास अबैज्ञानिक र अपारदर्शी हुनु।

१३ विज्ञान र गणित विषयका शिक्षकको अझैपनि गाउँपालिकामा अभाव रहनु ।

१४ विषयगत र तहगत शिक्षकको अभाव हुनु।

१५ शिक्षकहरुको पेशागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु।

१६ विद्यालयहरुमा सिकाई सामाग्रीहरु प्रयाप्त छैन र भइरहेका विद्यालयमा समेत उपलब्ध स्रोत र सामाग्रिहरुको अधिकतम प्रयोग हुन नसक्नु।

१७ सिकाईमा सूचना र सञ्चार प्रविधिको प्रयोग गर्न विद्यालय, शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु।

१८ विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु।

१९ कतिपय माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरुमा विषयगत दरबन्दीको अभाब भई न्यून र वेतनमा तालिम अप्राप्त र विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु।

२० कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या ज्यादै न्यून रहेको छ नीतिगत हिसाबले नजिकको विद्यालयमा समायोजन गर्दा ५-६ वर्षका बालवालिकाहरुको समेत एक डेढ घण्टा हिँडेर नजिकको विद्यालयमा जानुपर्ने बाध्यताले विद्यालय समायोजन र तह घटाउने कार्य हुन नसक्नु।

२१ वर्तमान परिवर्तित पाठ्यक्रमलाई शिक्षक सामु यथोचित तवरले प्रबोधीकरण गर्ने कार्य हुन सकेको छैन जसले गर्दा परिवर्तित पाठ्यक्रम र पाठ्यपुस्तक कक्षाकोठामा सहि ढङ्गले प्रयोग हुन नसक्नु।

२२ पाठ्यक्रम अध्ययन गरी पठनपाठन हुनुपर्नेमा विद्यार्थीको पाठ्यपुस्तकलाई नै मुख्य आधार मानी शिक्षण भएको पाइन्छ। पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु।

२३ स्थानीय पाठ्यक्रम निर्माण भएता पनि पाठ्यपुस्तक र अन्य पाठ्य सामाग्रि विकास र प्रयोग हुन नसक्नु।

२४ विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तह सम्म निरन्तर मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण शून्य प्राय हुनु।

२५ एउटै मात्र विद्यार्थी मूल्याङ्कनको साधन लिखित परीक्षालाई ब्रम्हाष्त्रको रुपमा प्रयोग गरिनु।

२६ विद्यार्थीको सिकाई उपलब्धि सन्तोषजनक नहुनु।

२७ योग्यता पुगेको र वर्तमान शिक्षा नियमावलीले तोके अनुसारको प्रधानाध्यापक नियुक्त नहुनु।

२८ प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन फितलो र निष्प्रभावी हुनु।

२९ संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरुमा नीतिगत र कानुनी अन्योलता कायम भई कार्यमा अन्यौलता र अप्रभावकारीता हुनु।

३० शिक्षण सिकाईमा आधुनिक सूचना प्रविधिको प्रयोगको कमि हुनु ।

## ख) चुनौतीहरु

न्यून विद्यार्थी र न्यून शिक्षकबाट विद्यालय सञ्चालन गर्नु, उपयुक्त पूर्वाधारको विकास, समन्यायिकता गुणस्तरको सुनुश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्धतिलाई व्यावहारिक र बालमैत्री एबम् प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालवालिकालाई विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झार्नु, अपेक्षित सिकाई उपलब्धी प्राप्ति, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,सूचना र सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरुको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौतिहरु हुन त्यसैगरी सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु, शैक्षिक सुधारका लागि सरोकारवालाहरु बिच अपनत्व सिर्जना गर्नु, सबै तहको शिक्षामा गुणस्तर अभिवृद्ध गर्नु, शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेसागत जवाफदेहिता सुनिश्चित गर्नु, शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु विद्यालय नेतृत्वको भुमिकामा सबलीकरण गर्नु, सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु पनि शिक्षा क्षेत्रका चुनौतिहरु हुन्।

त्यसैगरी नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालवालिकाहरुको पहुँच र सहभागिता सुनिश्चित गर्ने, सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्रि बनाउने, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क एवम् माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्ने,सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहूँच विस्तार र प्रभावकारी ढङ्गले प्रयोग गर्न,विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउन, बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्न, बालबालिकाहरुको पोषण विद्यालय दिवा खाजा लगायत सरसफाई तथा स्वच्छता आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्न,गरिब तथा सुविधाविहीन बालबालिकाहरुलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाईमा सहभागी बनाउन, विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त गरि समावेशी र समतामूलक वातावरण सिर्जना गर्न, साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाईको अवसरमा वृद्धि गर्न र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाईको प्रबन्ध गर्ने जस्ता विषयहरु विद्यालय शिक्षाका चुनौतिका रुपमा रहेका छन्।

## ग) अवसरहरु

बालबालिकाहरु  शिक्षालाई मौलिक हकको रुपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु,विद्यालय तहको शिक्षामा खुद भर्नादर र लैंगिक समता सूचकाङ्कहरुमा पर्याप्त सुधार हुनु, समावेशी सहभागितामा वृद्धि हुनु सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम स्थानीय सम्म सर्वसुलव हुनु माध्यमिक र आधारभूत शिक्षा स्थानिय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र संघिय सरकार समेतको उत्तिकै चासो हुनु, तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु, शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु, शैक्षिक व्यस्थापन योजना निर्माण, कार्यान्वयन, अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु यस क्षेत्रका मुख्य अवसरहरु हुन्।

# परिच्छेद –२

## नयाँ शिक्षा क्षेत्र योजना

## २.१ सन्दर्भ र औचित्य

नेपालको संविधान बमोजिम तीन तहको शासकीय स्वरुप कार्यान्वयनमा रहेको छ। संविधानले तीन तह बिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्य गर्न मार्गदर्शन गरेको सम्बन्धमा स्थानीय शिक्षा सम्बन्धी एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी शिक्षालाई जीवनोपयोगी प्रतिस्पर्धी एवं संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहूँचका लागि नीति तथा योजनाको आवश्यकता पर्दछ। शिक्षालाई मौलिक हकको रुपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रुपमा कार्य क्षेत्र समेत निर्धारण गरिएको अवस्थामा स्थानीय तहको शिक्षा क्षेत्र योजनाको आवश्यकता रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रारम्भिक बालविकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला शिक्षा तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति निर्माण मापदण्ड योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने काम स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको उल्लेख गरेको छ । सामुदायिक, संस्थागत गुठी र सहकारीका विद्यालय स्थापना अनुमति सञ्चालन व्यवस्थापन र नियमन मूल्याङ्कन र नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा सञ्चालन अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन गर्ने कार्य पनि स्थानीय तहको रहेको छ। गाभिएका र बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पति अभिलेख, संरक्षण र व्यवस्थापन विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान सम्बन्धी कार्य स्थानीय तहको रहेको छ। त्यसैगरी विद्यालयको नक्साङ्कन अनुमति स्वीकृति समायोजन तथा नियमन सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन र ट्यूसन कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा अनुमति र नियमनका कार्यहरु समेत स्थानीय तहको कार्य क्षेत्रभित्र रहेको छ। यसैगरी स्थानीय स्तरको शैक्षिक ज्ञान सीप र प्रविधिको संरक्षण प्रवर्द्धन र स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्म शैक्षिक कार्यक्रम समन्वय र नियमन, सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, आय ब्ययको लेखा अनुशासन कायम ,अनुगमन र नियमन शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालनकार्यहरु स्थानीय तहको रहेको देखिन्छ।

नेपाल सरकारले मिति २०७६ कार्तिक महिनामा स्वीकृत गरेको शिक्षा नीति बमोजिम स्थानीय सरकारको जिम्मेवारीनिम्न अनुसार उल्लेख गरेको छ।

१ प्रारम्भिक बाल विकास सम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बाल विकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन।

२ आधारभूत शिक्षा सम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं आधारभूत विद्यालयको अनुमति,स्वीकृति, व्यवस्थापन र नियमन।

३ अनौपचारिक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाई सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।

४ निरन्तर सिकाई तथा सामुदायिक सिकाई केन्द्र सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन।

५ अभिभावक शिक्षा सम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।

६ खुला र दुर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।

७ आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।

८ मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन।

९ प्राविधिक तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन।

१० गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन।

११ विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण।

१२ विद्यालयको चल अचल सम्पतिको अभिलेख, सुरक्षा र संरक्षण।

१३ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयनमा सहजीकरण।

१४ विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन।

१५ राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान।

१६ विद्यालयको नक्साङ्कन, समायोजन तथा नियमन।

१७ सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण,मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन।

१८ आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण।

१९ स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलब्धीको परिक्षण र व्यवस्थापन।

२० अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन।

२१ स्थानीय स्तरको शैक्षिक ज्ञान, सिप, प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण।

२२ सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन।

२३ विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण।

२४ शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला सञ्चालन।

२५ स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन।

२६ विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार तथा प्रोत्साहन व्यवस्थापन।

२७ अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन।

नेपाल सरकारले राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिवद्धता, दिगो विकासका लक्ष्य सन् २०२२ भित्र अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति र सन् २०३० सम्म मध्यम आए भएको राष्ट्रको रुपमा स्तरोन्नति हुने लक्ष्य लिएको छ। यस सन्दर्भमा संघीय सरकारले शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा लैजाने तयारीमा रहेको छ।

मुलुक संघीय संरचनामा गईसके पछि बदलिदो राजनितिक परिवेश, नेपालको संविधानले प्रत्याभूत गरेका नागरिकका मौलिक हकको कार्यान्वयन, राष्ट्रले लिएका शिक्षाका लक्ष्य एवं प्रतिवद्धताहरु,प्रदेश सरकारले लिएका शैक्षिक लक्ष्य तथा उद्देश्यहरु समेतको प्राप्तिका लागि योजना अपरिहार्य हुने भएकोले नेपाल सरकारको राष्ट्रिय शिक्षा नीतिमा भएका मुलभूत पक्ष स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले तोकेका स्थानीय तहका काम कर्तव्य र अधिकारहरु समेतको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकाले यो शिक्षा क्षेत्र योजनाको आवश्यकता, अपरिहार्यता, सान्दर्भिकता र औचित्यता रहेको पुष्टि हुन्छ ।

यस आ.व. मा संघ सरकारले १० वर्षे शैक्षिक योजना निमार्ण गरिरहेको अवस्थामा प्रदेश तथा स्थानीय तहले समेत सोही प्रकृतिका दश वर्षे शैक्षिक योजना निर्माण गर्ने जिम्मेवारी प्राप्त गरेका छन्। त्यसैले ढकारी गाउँपालिकाले पनि संघीय सरकारबाट प्राप्त जिम्मेवारी बमोजिम दशवर्षे शिक्षा योजना निर्माण गरेको छ।

## २.२ गाउँपालिकाको दीर्घकालिन सोच (Vision), ध्येय, उद्देश्य र रणनीतिहरु

### २.२.२ परिचय

दीर्घकालीन सोच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था मात्र नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएका हुन्छन्। नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा “ समृद्ध नेपाल, सुखी नेपाली “ निर्धारण गरेको छ। यसै गरि पन्ध्रौँ योजनामा सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास दीर्घकालीन सोचको रुपमा उल्लेख रहेको छ भने शिक्षा निति २०७६ मा “ शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपान्तरण र समृद्धि “ उल्लेख छ । संघको शिक्षा योजनामा दीर्घकालीन सोचलाई “**आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने “** तय गरिएको छ । ढकारी गाउँपालिकाको आवधिक योजनमा समेत गुणस्तरीय र व्यवहारिक शिक्षा, स्वावलम्बी र आत्मनिर्भर नागरिकको अपेक्षा भनि गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण गरेको छ । माथि उल्लिखित दीर्घकालीन सोच (Vision) विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोचलाई पालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माणमा परिच्छेद १ मा उल्लेख गरिएका गाउँपालिकाभित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौति तथा अवसर र सम्भावनाहरुलाई समेत मध्य नजर गरी ढकारी गाउँपालिकाको यस १० वर्षे शिक्षा योजनाले समेत निम्न अनुसारको दीर्घकालीन सोच र गन्तव्य तय गरेको छ।

## २.२ दीर्घकालीन सोच (Vision)

गुणस्तरीय र व्यावहारिक शिक्षा,स्वावलम्बी र आत्मनिर्भर नागरिकको अपेक्षा ।

### २.२.३ ध्येय (Mission)

वर्तमान समयको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मुल्यमान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात गर्ने आफ्नो गाउँपालिकाप्रति गौरव गर्न सक्ने नागरिक तयार गर्ने।

### २.२.४ प्रमुख उद्देश्यहरु (Objectives)

यस गाउँपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतिहरुलाई सम्वोधन हुने गरि तयार गरिएको छ । सामान्य तया शिक्षा क्षेत्रका अधिकांस समस्या र चुनौतिहरु एक अर्को गाउँपालिका, नगरपालिका, प्रदेश र राष्ट्रिय स्तर र संघीय सरकारका एकै प्रकारका हुन सक्छन। त्यस कारण शैक्षिक परिवर्तन ल्याउन तयार गरिएका शिक्षा उदेश्य समेत संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका समेत मिल्दाजुल्दा हुने भएकोले यस ढकारी गाउँपालिकाको १० वर्षे शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरिएको छ।

१ ढकारी गाउँपालिकाभित्रका सबै बालवालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु।

२ ढकारी गाउँपालिकाभित्र अनिवार्य तथा निःशुल्क आधाभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु।

३ यस गाउँपालिका भित्र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी गुणस्तर सुधार गर्नु।

४ यस गाउँपालिका भित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्गका बालवालिकाहरुको पहुँच सुनिश्चित गरी प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु।

५ यस गाउँपालिका भित्र कार्यरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाई गुणस्तरीय र प्रविधियुक्त शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु।

६ सबै बालवालिकाहरुलाई बालमैत्री वातावरणमा शिक्षण सिकाईमा सहभागी गराउनु।

७ राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोके बमोजिम गाउँपालिका स्तरमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन मार्फत स्थानीय मुल्य मान्यता प्रविधि र सिप विकासमा समेतको प्रवर्धन गर्नु।

८ सबै विद्यालयहरुमा शैक्षिक सुशासनको प्रवर्धन गरी बालवालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास गर्नु।

९ यस गाउँपालिका भित्रका सबै विद्यालय तहमा विद्यालय शिक्षाको समतामूलक पहुँच र समावेशी सहभागितामा सबैका लागि प्रविधियुक्त र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने।

१० गाउँपालिकाभित्र सबै विद्यालयहरुमा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

### २.२.५ दीर्घकालीन रणनीतिहरु

उल्लिखित उद्देश्यहरु प्राप्त गर्नका लागि यस योजनाका केही रणनीतिक प्राथमिकताहरु रहेका छनः

१ गाउँपालिकाभित्र विद्यालय शिक्षामा सबै बालवालिकाको सहज पहुँच र सहभागिता सुनिश्चित गर्ने।

२ विद्यालय शिक्षा गुणस्तर र प्रविधिमा सुधार तथा सान्दर्भिकता वृद्धि गर्ने, विद्यालय शिक्षालाई समतामूलक र सबैको पहुँचमा केन्द्रित गराउने।

३ सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्ने।

४ सबै सहज, असहज परिस्थितिमा समेत शैक्षिक क्रियाकलापमा सबैको पहुँच सुनिश्चित गर्ने।

यी रणनीतिक प्राथमिकतामा आधारित भई यस योजनाको कार्यान्वयनको लागि निम्न लिखित रणनीतिहरु तय गरिएको छः

१ बाल विकास केन्द्र नरहेका विद्यालयहरुमा अनिवार्य रुपमा बालविकास केन्द्रको स्थापना गर्ने।

२ तोकिएको मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास केन्द्रको स्थापना र व्यवस्थापन गर्ने।

३ बालविकास केन्द्रमा सिकाई सामग्री र सूचना तथा संचार प्रविधि सहितको कक्षाकोठा व्यवस्थापन सहित भौतिक सुविधा विस्तार गर्ने।

४ शिक्षा ऐन, नियमावली अनुकुल स्थानीय तहमा समेत शिक्षा ऐन, नियम निर्माण गरी वैज्ञानिक र व्यवहारिक मापदण्डका आधारमा भौगोलिक नक्साङ्कन समेत गरी गाउँपालिकाले आवश्यकता अनुसार विद्यालय स्थापना समायोजन तथा पुनः वितरण गरी सबै बालवालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्ने।

५ गाउँपालिका भित्रका विद्यालयहरुमा आफ्नै स्रोतका साथै संघीय सरकार र प्रदेश सरकारको समन्वय, सहयोग र सहजीकरणमा विद्यालयहरुको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापनमा विकास गर्दै आधारभूत प्रवर्धन गर्ने।

६ गाउँपालिका भरिका विद्यालयहरुमा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच र समावेशिता सुनिश्चित गरी संघ र प्रदेशको समन्वयमा विद्यालयहरुको सबै क्षेत्रमा क्षमता सुधार गरिनेछ।

७ गाउँपालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षामा गरिब, दलित, पिछडिएको वर्ग लगायत सम्पूर्णको सहभागिता सुनिश्चित गर्न आर्थिक, भौतिक तथा शैक्षिक रुपमा विद्यालयको क्षमता विस्तार गरिनेछ।

८ गाउँपालिकाभित्र आधारभूत र माध्यमिक प्राविधिक शिक्षा समेतका लागि शिक्षाको सान्दर्भिक र सहजीकरणका लागि सूचना प्रविधियुक्त शिक्षण सिकाई वातावरण तयार गर्न शिक्षक शिक्षा तथा तालिम र मूल्याङ्कन प्रणालीमा सुधार गरिनेछ।

९ गाउँपालिका भित्रका सबै विद्यालयहरुमा स्थानीय सरकारको अगुवाई, संघीय र प्रदेश सरकारको सहयोग र सहजीकरणमा विद्यालयहरुले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको प्रवर्धन गरिनेछ।

१० वैकल्पिक प्रणाली सहजीकरण गर्न सामुदायिक सिकाई केन्द्रहरुको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिनेछ।

११ गाउँपालिकाभित्र शिक्षामा सहज पहुँच स्थापना गर्न अभिभावक आय आर्जन तथा अनौपचारीक शिक्षाको परिभाषासहित दीगो सामुदायिक विकासको प्रवर्धन गरिनेछ।

१२ बालबालिका पोषणको अवस्था तथा स्वास्थ्यमा पुग्नेगरी दिवा खाजाको प्रवन्ध संघीय सरकारको सहयोगमा गरिनेछ। यसबाट गरिब, सुविधाविहिन कठिन परिस्थितिमा रहेका अपाङ्गता बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाईमा सहभागि भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिनेछ।

१३ विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयमा नेतृत्व प्रणालीमा सुधार, प्रविधियुक्त शिक्षण व्यवस्था, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा संयन्त्रको विकास गरिनेछ।

१४ गाउँपालिकास्तरमा विद्यार्थी उपलब्धीको आधारमा विद्यालयको कार्य सम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाको आधारमा सुधार गर्ने पद्धति विकास गरिनेछ।

१५ समृद्ध ढकारी गाउँपालिकाको नारालाई सफल बनाउन अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि संघ, प्रदेश र स्थानीय सरकार बिच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाइनेछ।

## २.२.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य वि.स. २०९० सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ।

१ ढकारी गाउँपालिकाभरीका सबै बालबालिकाहरुलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित हुने।

२ गाउँपालिकाभरि अनिवार्य र निःशुल्क आधारभूत शिक्षा ,निःशुल्क माध्यमिक शिक्षा र प्रविधिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।

३ ढकारी गाउँपालिकाभरि माध्यमिक शिक्षामा सूचना प्रविधिसहितको शिक्षण हुने र सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर सुधार आउने।

४ गाउँपालिकाभरि पछि परेका गरिबीको रेखामुनि रहेका परिवारका बालबालिकाहरुको निमित्त अभिभावक आय आर्जन कार्यक्रम सञ्चालन गरी सार्वजनिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुने।

५ गाउँपालिका शिक्षा शाखा लगायत गाउँपालिकाभरिका विद्यालयहरुमा शैक्षिक सुशासन कायम भई बालवालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीको विकास हुने।

६ योग्य,सक्षम, प्रविधिमा निपुणता राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाईमा सुधार हुने।

७ गाउँपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने।

८ विद्यालय तहको पाठ्यक्रम साथै स्थानीय पाठ्यक्रमको निर्माण भई सिर्जनशील सकारात्मक सोच भएको, निरन्तर सिकाईप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार गर्न सहयोग हुने।

९ सबै बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाई अभिवृद्धिमा सहयोग हुने।

१० सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने।

११ गाउँपालिकाभरिका विद्यार्थीहरुलाई सुरक्षित उच्च व्यवस्थापनयुक्त उपयुक्त बालमैत्री भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने।

१२ सबै विद्यालयमा सुचना, सञ्चार प्रविधिको विस्तार भई सिकारुलाई प्रविधियुक्त समयानुकुल, गुणस्तरीय बनाउन सहयोग पुग्ने।

१३ गाउँपालिकाभरिका विद्यालयहरुमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नेमा सहयोग पुग्ने।

१४ प्रस्तावित बलराम बहुमुखी क्याम्पसको अनुमतिको प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याई गुणस्तरीय उच्च शिक्षाको अवसर उपलब्ध गराउने ।

## २.२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)निम्नबमोजिम हुने छ:

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ७५.५ | ९०.० | ९४.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८६.२** | **८९.५** | **९४.०** | **९९.०** | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६०.० | ८०.० | ८२.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | | |
| २. | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९५.७ | ९८.० | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९६.९** | **९७.५** | **९९.०** | **१००** | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२५.२५ | ११५.० | ११०.० | १०५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.४ | ९९.० | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.०** | **९९.५** | **१००** | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **१२१.३** | **११०.०** | **१०५.०** | **१०२** | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९४.५ | ९६.० | ९७.० | ९८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ११५.० | १११.० | १०९.० | १०५.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९५.० | ९७.० | ९८.० | ९९.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९५ | ९७ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २४.१ | २२.० | १७.० | १० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.०९ | १ | १ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९०.०५ | ९६ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११४ | १०६ | १०४ | १०२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८५ | ९५ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ८४ | ९४ | ९६ | ९८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.८४ | ०.९० | १ | १ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा — नेपाली भाषा | स्थानीय | ४०.२ | ४८ | ५५.७ | ७०.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४३.५३ | ४५ | ५५ | ७५ | | |
| | गणित | स्थानीय | ४५ | ५० | ६० | ७० | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | राष्ट्रिय | ३७.२२ | ४६ | ५५ | ६५ | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४९.० | ५३.० | ५७.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ३५.० | ४१.० | ५९.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | २५.० | ३७.० | ४५.० | ६५.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६९.० | ७०.० | ७३.० | ७५.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ५०.५ | ५८.० | ६३.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ४५.० | ४७.० | ५६.५ | ६९.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत(कक्षा १-५) | स्थानीय | २.५ | १.० | ०.५ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | १०.५ | ६.५ | १.० | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | २५.० | ३०.० | ३९.० | ५०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४3.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४०.५ | ४८.० | ६४.५ | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | | **५१** | **५७.५** | **६९** | **८०** | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **७१.४** | | | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | १.०४ | १.० | १.० | १.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ८०.० | ८५.० | ९०.० | १००.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ५७.० | ६०.० | ७२.० | ९५.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | २०.० | ३५.० | ४७.५ | ६१.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **२४.०** | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | ९.० | १८.० | २५.० | ३३.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | ५.० | १५.० | २५.० | ३३.० | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | **१५.०** | | | |
| | | | प्रा.व्या. | **१०.०** | **१७.०** | **३०.०** | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६७ | ७२ | **७७** | **८५** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ४८ | ५२ | **६०** | **६३** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ५३ | ५५ | **६१** | **६७** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५५ | ६४ | **७३** | **७७** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ७० | ८० | ९० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९५ | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९८.५ | ९९.० | ९९.५ | १०० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.६० | ०.६७ | ०.७५ | ०.८० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | १० | २० | ४५ | ७५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | स्थानीय | छात्रा | ६४ | ७५ | १०० | २०५ | | |
| | | | छात्र | १०० | ११५ | १५० | ३१५ | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ४०:१ | ३५:१ | ३३:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | २४:१ | २७:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | २६:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | २४:१ | २५:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा | स्थानीय | | १९:१ | २५:१ | ३०:१ | ३०:१ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी:शिक्षक अनुपात | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | १५ | १६ | १८ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | १८ | २१ | २४ | २५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ११ | १५ | १७ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद –३

## शिक्षाका क्षेत्रहरु

### ३.१ परिचय

ढकारी गाउँपालिकाले विद्यालयको शैक्षिक सुधारका लागि निर्माण गरेको यो १० वर्षे शैक्षिक योजना हो । यस योजनामा विभिन्न उपक्षेत्रहरु निर्माण गरी योजनालाई व्यवस्थित गरिएको छ । योजनाको पहिलो परिच्छेदमा वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ । समीक्षाले आवश्यकता र प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद २ मा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्यहरु पहिचान गरिएको छ । यस परिच्छेद भित्रका उपक्षेत्र भित्र बाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, अनौपचारिक शिक्षाको पहिचान गरी चुनौति पहिचान गरिएको छ । पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास जस्ता उपक्षेत्रहरु अन्तर विषयको वर्तमान अवस्था समीक्षा गरी चुनौति पहिचान गरिएको छ ।

प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतिहरुलाई दृष्टिगत गरेर योजनाको उद्देश्य, चुनौतिहरुको सामना गरी उद्देश्य प्राप्तिका लागि क्षेत्रगत रणनीतिहरु प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु निर्धारण गरिएको छ । यस खण्डमा नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण मौलिक अधिकार, निजी संरचना, शिक्षा सम्बन्धी नीति, दीगो विकासको लक्ष्य, अन्तराष्ट्रिय क्षेत्रमा शिक्षा सम्बन्धी प्रतिबद्धता, पन्ध्रौ योजनालाई समेत आधार लिने र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को संरचनालाई समेत महत्वपूर्ण आधार मानिएको छ । यसैको आधारमा यस उपक्षेत्रहरुमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौति पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरु प्रमुख नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ ।

### ३.२ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बाल बिकास र शिक्षा बालबालिकाहरुलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक समाजिक र संवेगात्मक जस्ता विकासमा सहयोग गर्दछ । नेपालको नि:शुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा ढकारी गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरुको पहुँचमा पुर्‍याउनको लागि सरकारी तथा गैहसरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरु तथा आम सरोकारवालाहरुले हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरु, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु निम्नानुसार उल्लेख गरिएको छ।

### ३.२.२ वर्तमानअवस्था

ढकारी गाउँपालिका अन्तर्गत कुल ४१ वटा बाल विकास केन्द्रहरु रहेका छन् । यी मध्ये १८ बाल विकास केन्द्र समुदायद्वारा सञ्चालित छन् भने २० बाल विकास केन्द्रहरु विद्यालयमा सञ्चालित छन् । बाल विकास केन्द्र नभएका

१५ विद्यालयहरु रहेका छन् । गाउँपालिकाभित्र ३ देखि ५ वर्ष उमेर समूहका कुल १२३५ बालबालिकाहरु रहेका छन् । यिनीहरु मध्ये ढकारी गाउँपालिकाभित्र सञ्चालित बाल विकास केन्द्रमा जम्मा ११९३ बालबालिका बाल विकास केन्द्रमा भर्ना भएका छन् । उमेर नपुगेका बालबालिका समेत बाल विकास केन्द्रमा जाने गरेको पाइन्छ । बाल विकास केन्द्रमा ४१ बाल विकास शिक्षकहरु मध्ये आधारभूत तालिम प्राप्त २६ र बाँकी १५ तालिम अप्राप्त छन् । बाल विकास केन्द्र सञ्चालनका लागि छुट्टै भवन तथा कक्षा कोठा व्यवस्थापन गर्न कठिनाइ रहेको छ । विद्यालयमा सञ्चालित बाल विकास केन्द्रको अवस्था सन्तोषजनक देखिए पनि समुदायमा आधारित बाल विकास केन्द्रहरुको व्यवस्थापन कमजोर रहेको छ । बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको प्रोत्साहन स्वरुप मनोबल उच्च राख्न यथोचित सेवा सुविधाको व्यवस्था गरिएको छ ।
वर्तमान अवस्थालाई बुँदागतरुपमा राखिएको छः

- प्रारम्भिक बालविकास केन्द्रको संख्या तथा वडागत वितरण
- सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइ मैत्री, वातावरणमैत्री जस्ता न्यूनतम पूर्वाधार तथा सिकाइ सक्षमता भएका प्रारम्भिक बालविकास र शिक्षा केन्द्रको संख्या
- चार वर्ष उमेर समूहका जम्मा बालबालिकाको संख्या र उनीहरूको भर्ना अवस्था
- प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहभागी जम्मा बालबालिकाको संख्या
- प्रारम्भिक बालविकास र शिक्षामा लैंगिक समतासूचक
- प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत शिक्षकहरूको योग्यता तथा तालिमको अवस्था
- प्रारम्भिक बालविकास र शिक्षामा महिला शिक्षक तथा सहयोगी कर्मचारीहरुको प्रतिशत
- प्रारम्भिक बालविकास र शिक्षामा लगानी र स्रोत व्यवस्थापन
- प्रमुख समस्या र चुनौतीहरू
- नेपालको संविधान धारा ३१ उपधारा( ३)वा(४) मा भए बम्मोजिम विशेष शिक्षा ब्यवस्था गर्नु पर्ने भएता पनि हाम्रो स्थानीय पालिकामा व्यवस्था नभै शिक्षा वाट वन्चित भएका छन् ।

### ३.२.३ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय बाल विकास शिक्षाको अवसर सुनिश्चित गर्न निम्न लिखित विशिष्ट उद्देश्यहरु किटान गरिएको छ ।

१. तिन र चार वर्ष उमेरका सबै बाल बालिकाहरुलाई बाल विकास शिक्षामा पहुँच बनाउनु ।
२. उमेर समूहका बाल बालिकाहरुलाई बालविकास सहित आधारभूत शिक्षाको तयारीमा पहुँच बढाउनु ।
३. बाल विकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
४. सबै बाल बालिकाहरुलाई बाल शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।
५. समुदायमा आधारित प्रारम्भिक बालविकासको भौतिक व्यवस्थापन गुणस्तरयुक्त बनाउनु ।

### ३.२.४ रणनीति

योजनाका उद्देश्यहरु प्राप्त गर्न निम्न लिखित रणनीतिहरु अवलम्बन गरिने छ :

१. संघीय सरकारले अवलम्बन गरिएको मापदण्ड र ढाँचा अनुसार अनुदानका आधारमा बाल विकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२. प्रदेश सरकारको सहयोगमा क्षमता विकास समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्ने ।

३. बाल विकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन पुनर्वितरण र नयाँ स्थापनाको व्यवस्था गरिनेछ ।

४. भौगोलिक जटिलता र लक्षित समुदायका बाल बालिकाका लागि नमुना विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।

५. गुणस्तर सुनिश्चित गर्न सिकाइको आवश्यकता सम्बोधन गर्न पाठ्यक्रमको कार्यान्वयन गरिनेछ।

६. बाल विकास तथा शिक्षामा लगानी सुनिश्चित गर्न केन्द्रको मापदण्ड अनुसार कार्यान्वयन गरिनेछ ।

७. बाल विकास तथा शिक्षा कार्यक्रमको प्रभावकारिताका लागि परिवार समुदाय संघसंस्था निजीक्षेत्र र विद्यालयलाई जिम्मेवारी गराइनेछ ।

८. सूचना प्रबिधि युक्त बालमैत्री कक्षा कोठाको व्यवस्थापन गरिनेछ ।

९.बालविकास सहजकर्तामा महिलालाई प्रथामिकता दिने।

## ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु:

क) सबै बाल बालिकाहरुलाई गुणस्तरीय बाल विकास तथा शिक्षाको सुनिश्चित हुने ।

ख) प्रमुख नतिजाहरु

१. चार वर्ष उमेरका सबै बाल बालिकाहरुलाई एक वर्षको शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।

२. बाल विकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर ।

३. मण्टेश्वरी तालिम प्राप्त शिक्षक र बाल बालिकाको हेरचाहका लागि सहायक कर्मचारी सहितको बाल विकास केन्द्र रहने ।

४. समयानुसारको पाठ्यक्रम परिमार्जन गरी उनीहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने ।

५. बालवालिकाको आवश्यकता अनुसार घर, समुदाय, कार्यक्षेत्र र घुम्ती बाल विकास केन्द्रको नमुनाहरु विकास हुने ।

६. बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, समुदाय, संघसंस्था र विद्यालय जिम्मेवार हुने ।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

तालिका नं.३.१ प्रारम्भिक बाल विकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षाका न्युनतम मापदण्ड प्रवोधीकरण गर्ने | बा.वि.के. | ५ | ५ | ५ | १० | १० | ३५ | ४४ | |
| २ | प्रारम्भिक बाल विकासको | सङ्ख्या | १० | १० | १५ | ४ | ५ | ४४ | ४४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नक्साङ्कन अनुमति | | | | | | | | |
| ३ | दुर्गम लक्षित वर्गका बालबालिकालाई वैकल्पिक बाल विकास केन्द्र सञ्चालन गर्ने | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | बाल विकास केन्द्रको पाठ्यक्रम प्रवोधीकरण गर्ने | बा वि के | १० | १० | १५ | ४ | ५ | ४४ | ४४ | |
| ५ | प्रारम्भिक बाल विकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालय सहितको कक्षाकोठा व्यवस्था | बा वि के | ५ | ५ | १० | १० | १४ | ४४ | ४४ | |
| ६ | बाल उद्यान र खेलकूद तथा शैक्षिक सामग्रीको व्यवस्था | बा वि के | ३ | ५ | ५ | १० | १० | ३३ | ४४ | |
| ७ | अभिभावक शिक्षा | जना | ५० | १०० | १०० | १०० | १५० | ५०० | १००० | |
| ८ | सहजकर्तालाई मण्टेश्वरी तालिम | जना | १० | १० | १० | १० | ४ | ४४ | ४४ | |
| ९ | स्वास्थ्य परीक्षण, खोप,अभिलेख, वृद्धि अनुगमन र कुपोषित बालबालिकाहरुलाई आवश्यक प्रबन्ध | जना | १०० | १०० | २०० | ३०० | ३८५ | १०८५ | १०८५ | |
| १० | शैक्षिक सूचना प्रणालीमा पाठ्यक्रम कार्यान्वयन | बा वि के | ५ | ५ | १० | १० | १४ | ४४ | ४४ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | अनुगमन,सुपरीवेक्षण सहयोग र सहजीकरण | पटक | २ | २ | ३ | ३ | ४ | १४ | २८ | |
| १२ | सहयोगीको व्यवस्था | बा वि के | २ | ३ | ३ | २ | ३ | १३ | ४४ | |

## ३.३. आधारभूत शिक्षा

## ३.३.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गिण विकास गुणस्तरीय जीवनयापन र सामाजिक समायोजन सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवयपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रुपमा लिएको हुनाले यस तहलाई समतामूलक पहुँच पुऱ्याई व्यक्तिको मौलिक अधिकारको रुपमा लिएको छ। यस तहको शिक्षामा समता र गुणस्तर सनिश्चित गर्ने दायित्व सरकार को हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने अनिवार्य र नि:शुल्क पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ। अनिवार्य तथा  नि:शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले यस तहको शिक्षा प्रदान गर्ने दायित्व संघ, प्रदेश र स्थानीय तहको हुने आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ । यस तहको शिक्षालाई स्थानीय तहको अधिकार र संघ र प्रदेशको पनि दायित्व रहेको छ। आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षा पहूँच गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधमरमा चुनौतिहरु पहिचान गरी आगामी १० वर्षको लागि यस तहको शिक्षा विकासका उद्देश्य रणनीति नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.३.२ वर्तमान अवस्था

आधारभूत शिक्षामा सबै बालवालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्नानुसार रहेको छ।

कक्षा १-५ को खुद भर्ना दर ९५.६

कक्षा १-८ को खुद भर्ना दर ९५.१

आधारभूत तह पूरा गर्ने दर ८०.३

कक्षा ८ को टिकाउ दर ८६.२

यस गाउँपालिकामा ३३ वटा विद्यालयहरु आधारभूत तह सञ्चालित छन्। जसमा १ वटा संस्थागत विद्यालय रहेको छ। कक्षा १ देखि ८ सम्म कूल विद्यार्थी  ६०१९ जना अध्ययनरत छन् भने कक्षा १-५ मा ४२८४ जना विद्यार्थी अध्ययनरत रहेको पाइन्छ। अझै पनि विद्यालय उमेर समूहका ०.६ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेका छन्।

यस तहको शिक्षाको पहूँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिका कारणले असमानता रहेको छ। दलित छात्राहरुको अति गरिबी विद्यालयको पहुँच पुऱ्याउन कठिन छ । विद्यालयको भौतिक तथा शैक्षिक बातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावपार्ने पोषण, स्वास्थ्य सरसफाइ, दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेसागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोर्याउने, उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नेपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको स्तर न्यून छ । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्यवन गर्ने कार्यमा सुधारको आवश्यक छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेशागत विकास अनुगमन सुपरिवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइ प्रति विद्यार्थी जवाफदेही भई विद्यालयमा आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातावरण तयार गर्नु पर्नेछ । संघ, प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । यसै गरी प्र.अ.मा शैक्षिक नेतृत्व व्यवस्थापन सिप शिक्षकको तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरुको सहभागिता बढाई वि.व्य.स.र शि.अ.सङ्घको क्षमता विकासमा ध्यान दिनुपर्ने  देखिन्छ ।

यस गाउँपालिकामा ०.६ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्ययनरत छन् । बालवालिकालाई समुदायिकमा ल्याउन विद्यालयको गुणस्तर सुधार गर्नुपर्ने देखिन्छ ।

माथि गरिएको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्न लिखित चुनौतिहरु देखिएका छन् ।

१. आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।
२. अनिवार्य तथा नि:शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्ने ।
३. आधारभूत विद्यालयको  भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने ।
४. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको क्षमतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने ।
५. आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्र.अ.तथा कर्मचारी समेत) व्यवस्थापन गर्ने ।
६. पोषण स्वास्थ्य दिवाखाजा लगायत विद्यार्थीसहायता प्रणालीको उचित व्यवस्था गर्ने ।
७. विद्यालय शिक्षालाई विविधता अनुकूल समावेशीं र समतामूलक बनाउने ।
८. विद्यालय शिक्षालाई प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।
९. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुच वृद्धि गर्ने ।
१०. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने ।
११. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा विकास गर्ने  र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने ।

१२. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी नतिजामा आधारित र अनुमान योग्य बनाउने ।

**३.३.३ उद्देश्य**

यस योजनाको अनिवार्य तथा नि:शुल्क आधारमा शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ । यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छ ।

१. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु ।

३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरुमा न्युनतम सिकाइ उपलब्धी हाँसिल हुने अवस्था सुनिश्चित गर्ने ।

४. आधारभूत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउनु ।

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल उत्थानशील Resliient र जवाफदेही बनाउनु ।

६. आधारभूत तहको सिकाइलाई दैनिक जीवन सँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

**३.३.४ रणनीति**

योजनाका उद्देश्यहरु हाँसिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछः

१. संघीय मापदण्ड अनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सबै बालवालिकाकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. स्थानीय तहले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने ।
३. स्थानीय तहले आफ्नो क्षेत्रभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण सङ्कलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था (वैकल्पिक अनौपचारिक खुला आवासीय सुविधा) आदि मिलाउने ।
४. आधारभूत तहमा न्युनतम सिकाइ उपलव्धि हाँसिल गराउन शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।
५. सबै आधारभूत विद्यालयहरुमा खानेपानी शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।
६. न्यूनतम सक्षमता पूरा गराउने स्थानीय तहले संघीय र प्रदेश सरकार सँग सवन्वय गर्ने ।
७. कक्षा ३ सम्म कक्षा शिक्षणको व्यवस्था र तालिम तयारी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ।
८. शिक्षक तथा प्रधानाध्यापकहरुको क्षमता विकास उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।

१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ तथा संघसंस्थाको सहकार्यमा स्थानीय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।

११. विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलव्ध गरिने ।

१२. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्ने ।

१३. राष्ट्रिय प्रारुप २०७६ अनुसार स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउने ।

१४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील Resliient बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रुपमा विस्तार गरिनेछ ।

१६. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरुलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्नुका साथै अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नेगरी सिकाइ सामग्री विधि तथा क्रियाकलापमा परिमार्जन तथा सुधार गरिनेछ।

१७. संघीय सरकारले शिक्षकको न्युनतम योग्यता र तयारीको मापदण्ड तथा विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरबन्दीका आधारहरुको पुनरावलोकन गरी स्थानीय तहका लागि दरबन्दी निर्धारण गर्नेछन् र स्थानीय तहले आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्नेछ।

१८. नतिजाप्रतिको जवाफदेहिता सुनिश्चित हुनेगरी विद्यालय तथा विद्यार्थीको सिकाइ उपलव्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारमा क्षेत्र पहिचान गरिनेछ ।

१९. शिक्षकको पेसागत विकास र सहायता प्रणालीलाई व्यवस्थित गरिनेछ ।

२०. आधारभूत तह सञ्चालित सम्पूर्ण विद्यालयहरुलाई सूचना प्रविधि मैत्री बनाईनेछ ।

## ३.३.५ उपलव्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलव्धि(Outcomes)**

अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**ख) प्रमुख नतिजाहरु**

१ सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भई सहभागी हुने ।

२ सबै विद्यालयले प्राथमिकता प्राप्त (PMEC) पूरा हुने ।

३ न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलव्धता र आवश्यक सङ्ख्यामा योग्य सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वास्थ्यकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

५ आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्युनतम सिकाइ उपलव्धि हाँसिल गरेको हुने ।

६ आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलव्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने ।

७ विद्यालय शिक्षा प्रणाली प्रकोप संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

८ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

९ शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major activities and target)

**तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | विद्यालय | | १ | १ | | | २ | ५ | |
| २ | प्रत्येक शिक्षकलाई ल्यापटप वितरण | जना | २० | ४० | ५० | ५० | ६० | २२० | २६७ | |
| ३ | शिक्षकहरुलाई ICT तालिम | जना | १५ | २० | ३० | ३५ | ४० | १४० | २६७ | |
| ४ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था | जना | २० | २० | २० | २० | २० | १०० | १५० | संघीयसरकार सँग माग गर्ने |
| ५ | आधारभूत तहका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना | जना | ३० | ४० | ६० | ५० | ६० | १४० | १८५ | |
| ६ | विद्यालयमा न्युनतम भौतिक पूर्वाधार विकास (भवन कक्षाकोठा फर्निचर शौचालय खानेपानी खेलमैदान घेराबार खाजा घर) | विद्यालय | २ | ३ | ५ | ७ | १० | २६ | ४३ | |
| ६ | विद्यालयको कार्यसम्पादन परीक्षण | विद्यालय | १० | १० | १० | ९ | ४ | ४३ | ४३ | |
| ७ | स्थानीय पाठ्यक्रम निर्माण प्रबोधिकरण र कार्यान्वयन | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| ८ | प्रकोप संकट तथा महामारी | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगायतका परिस्थितिबाट बच्न सचेतनामुलक कार्यक्रम | | | | | | | | | |
| ९ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | विद्यालय | १६ | १५ | १० | २ | ० | ० | ४३ | |
| १० | शिक्षक पेशागत विकास सहायता | जना | १५ | १५ | २० | २० | २५ | ९५ | २६७ | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजा प्रबन्ध | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | सबै | |
| १२ | छात्रवृत्ति अति गरिबी र लक्षित समुह (पोशाक शेक्षिक सामग्री) | जना | १५ | १५ | २० | २० | २५ | ९५ | | |
| १३ | नि:शुल्क पाठ्यपुस्तक | जना | | | | | | सबै | | |
| १४ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई प्रभावकारी कार्यावन्वयन गर्ने | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | सबै | | |
| १५ | आधारभूत तहमा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | | |
| १६ | विद्यालय वि.व्य.स. र शि.अ.सं. पदाधिकारीहरुको क्षमता विकास र अभिभावक अभिमुखीकरण | विद्यालय | ७ | १६ | २० | ४३ | ४३ | | | |
| १७ | दुर्गम क्षेत्र तथा लक्षित बालबालिकालाई आवासीय विद्यालय | संख्या | | | | | १ | | | |
| १८ | प्रारम्भिक कक्षा सिप विकास कार्यक्रम | संख्या | २०० | २०० | २०० | २०० | २०० | १००० | सबै | |
| १९ | CB-EGRAकार्यक्रम | संख्या | ७५८ | ७५८ | ७५८ | ७५८ | ७५८ | | | |

## ३.४. माध्यमिक शिक्षा

## ३.४.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले कक्षा १-८ लाई आधारभूत शिक्षा ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । माध्यमिक तहको शिक्षाको काम कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । रा.शि.प.२०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच नि:शुल्क हुने व्यवस्था उल्लेख गरो छ । विज्ञान तथा प्रविधि तथा नवप्रर्वतन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।
वर्तमान अवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । कक्षा ११ र १२ मा एकल पथीय पाठ्यक्रम लागु गरिएको छ । प्राविधिक धारका विद्यालयहरुमा कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ ।

### ३.४.२ वर्तमान अवस्था

ढकारी गाउँपालिभित्र १३-१४ वर्षदेखि १५-१६ उमेर समूहका बालबालिकाहरु जम्मा १६५१ रहेका छन् । आधारभूत तह (१-८) मा भर्ना हुने उमेरका बालबालिका ५६८९ छन् भने माध्यमिक तहमा १६५१ रहेका छन् । यस गाउँपालिकाभित्र जम्मा ८ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । जुन सामुदायिक रहेका छन । बालविकास केन्द्र ४१ ओटा आधारभुत तह (१-५) २७ ओटा,आधारभूत तह (१-८)६ ओटा, माध्यमिक तह (१-१०)५ ओटा र माध्यमिक तह (१-१२) ४ ओटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । प्राविधिक धार तर्फ १ वटा विद्यालय रहेको छ । साक्षरता दर (१५-६०) जनसङख्यामा ७६.३ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०८० अनुसार आधारभूत तह (१-५) मा खुद भर्ना दर ९५.६ र सहजै देखिने भर्ना दर १२४.८ रहेको छ भने आधारभूत तह (१-८) मा खुद भर्ना दर ९५.१ र सहजै देखिने भर्ना दर १२०.४ रहेको छ । माध्यमिक तह (९-१०) मा खुद भर्ना दर ७६.५ र सहजै देखिने भर्ना दर ११०.०४ रहेको छ । माध्यमिक तह (९-१२) मा खुद भर्ना दर ५७.९ र सहजै देखिने भर्ना दर ४८.८ रहेको छ । माध्यमिक तह (९-१२) मा खुद भर्ना दर ४५.४ र सहजै देखिने भर्ना दर ८०.५ रहेको छ । आधारभूत तह मा (१-५) मा कुल १४२ शिक्षक दरबन्दी रहेको छ भने आधारभूत तह (६-८) मा ७१ शिक्षक कार्यरत रहेका छन् । माध्यमिक तह कक्षा (९-१०) मा ३४, माध्यमिक तह कक्षा (११-१२) मा १४ शिक्षक प्राविधिक धार (९-१२) मा ६ शिक्षक कार्यरत छन् भने बाल विकास केन्द्रमा ४१ स.का. हरु कार्यरत छन् ।

### ३.४.३ उद्देश्यहरु

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्न लिखित उद्देश्य राखेको छ ।

१ माध्यमिक तहमा सबैको पहुँच सुनिश्चित गर्नु ।

२ माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु ।

३ माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु ।

४ खुद भर्ना दर बढाउनु ।

५ विद्यालयलाई बालमैत्री समावेशी र सुरक्षित बनाउनु ।

६ विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवफदेही बनाउनु ।

७ शिक्षण सिकाइ क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु ।

८ आपतकालीन अवस्था समेत शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु ।

९ माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी व्यवस्था र वृत्ति विकासमा जोड दिनु ।

१० नक्साङ्कनका आधारमा विद्यालयको स्थापना तथा व्यवस्थापन गर्नु ।

११ आवासीय विद्यालयका साथै यातायातको सुविधा विस्तार गर्नु ।

१२ आवश्यकता अनुसार प्राविधिक धारका विद्यालयहरुको स्थापना र व्यवस्थापन गर्नु ।

१३ विद्यार्थीहरुलाई भुकम्प बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोप महामारी दुर्घट्ना इत्यादि विपदमा सुरक्षित हुँदै एक अर्कामा सहयोगी भावनाको विकास गर्नु ।

१४ विद्यार्थीहरुमा पोषण तथा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्नु ।

### ३.४.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हाँसिल गर्न निम्न लिखित रणनीतिहरु अवलम्बन गरिनेछ :

१ विद्यालयको बास्तविक अबस्था र नक्साङ्कन गरी सबै बालबालिकाको पहूँच सुनिश्चित गर्न विद्यालयहरुको पुनर्वितरण तथा समायोजन गरिने छ ।

२ अति गरिब र समावेशीता धारमा समयानुकुल छात्रवृत्तिको व्यवस्था गरिने छ ।

३ नि:शुल्क माध्यमिक शिक्षा सुनिश्चित गरिने छ ।

४ संघीय र प्रादेशिक सरकारसँग सहयोग समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गरिनेछ ।

५ संघीय र प्रादेशिक सरकारसँग सहयोग समन्वय र सहकार्य गरी शिक्षकहरुलाई पेसागत र पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

६ विद्यालयहरुलाई सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गरिने छ ।

७ सिकाइ उपलब्धी कम भएका विद्यार्थी पहिचान गरी अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

८ जीवनोपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गरिनेछ ।

९ गरेर सिक्ने (Learning by doing) को मान्यतालाई प्रयोगमा ल्याइनेछ ।

१० सूचना प्रविधिको अधिकतम उपयोग गर्दै स्टिम (STEM) को अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिनेछ ।

११ गणित, विज्ञान र अंग्रेजी विषयहरुलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी अभिभावक र शिक्षकमा सहज अनुभूति हुनेगरी वातावरण तयार गरिनेछ ।

१२ विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्त दुरुस्त राख्न यातायातका साधानको व्यवस्था गरिनेछ ।

१३ छुट्टै प्रशासनिक नेतृत्व थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइनेछ ।

१४ विद्यालयमा सुरक्षा गार्डको व्यवस्थापनमा जोड दिइनेछ ।

१५ शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ।

१६ संघीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गरिनेछ।

१७ विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप (सङ्गित, नृत्य, गायन, खेलकूद आदि) को स्तरोन्नति गर्न शिक्षकको व्यवस्थापन गरिनेछ।

१८ सुविधा सम्पन्न बालमेत्री भौतिक संरचना र कक्षाकोठाको व्यवस्थापन गरिनेछ।

१९ घेराबार, स्वच्छ खानेपानी, शौचालय, खेलमैदान र हरित विद्यालय व्यवस्थापनमा जोड दिइनेछ।

२० विद्याल अनुगमन कक्षा अवलोकन सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाइनेछ।

२१ विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन कार्य प्रभावकारीता र जवाफदेहितामा वृद्धि गरिनेछ।

२२ सबै माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना गणित, अंग्रेजी लगायत अन्य विषयका शैक्षिक सामग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गरिनेछ।

२३ हाल सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरुको उचित व्यवस्थापन गर्दै आवश्यकताका आधारमा स्थान अनुसार थप विद्यालय स्थापनामा जोड दिइनेछ।

२४ आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमतामा विकास गरिनेछ।

२५ प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनमा विद्यार्थी तथा शिक्षकलाई पूर्व तयारी भई विपदमा सहयोगका लागि तयारी हुन जोड दिइनेछ।

२६ विद्यालयमा विद्यार्थी नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गरिनेछ।

### ३.४.५. उपलव्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलव्धि

माध्यमिक शिक्षामा सबैको पहुँच भई गुणस्तरमा सुधार हुने।

### ख) नतिजा

१ सबै बालबालिकाहरुलाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने।

२ सबै माध्यमिक विद्यालयहरुमा विषय शिक्षकको व्यवस्था भएको।

३ माध्यमिक विद्यालय तह पार गर्ने विद्यार्थीहरुले न्युनतम सिकाइ उपलव्धि पूरा गरेको हुने।

४ माध्यमिक तहमा गुणस्तरीय शिक्षाको सुनिश्चितता हुने।

५ विद्यालयहरुमा बालमैत्री समावेशी र सुरक्षित हुने।

६ विद्यार्थी, शिक्षक, प्रशासकर सरोकारवालाहरु जवाफदेहिता हुने।

७ विद्यालय शिक्षामा सूचना तथा प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुने।

८ विद्यार्थीहरु विभिन्न सामाजिक कार्यहरु (जु.रे.स., बालक्लव, स्काउट आदि) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपदमा सहयोगीका रुपमा सहभागी हुने।

९ कम्तिमा एउटा माध्यमिक विद्यालयमा आवासीय विद्यलयको रुपमा स्थापना हुने।

१० शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता तथा वृत्ति विकास भई पेसा प्रति उत्प्रेरित हुने।

११ शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भई शैक्षक सामग्री निर्माण र प्रयोगमा क्रियाशील रहने।

१२ प्रत्येक माध्यमिक विद्यालयमा विषयगत ल्याबको व्यवस्था हुने।

१३ सबै माध्यमिक विद्यालयका एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने।

१४ सबै माध्यमिक विद्यालयमा एक जना स्वास्थ्यकर्मीको व्यवस्था भएको हुने।

### ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

### तालिका ३.३ माध्यमिक तहका प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नि:शुल्क पाठ्यपुस्तक वितरण (९-१२) | संख्या | ८५० | १२२० | १२२० | १२२० | १२२० | | सबै | |
| २ | विद्यालय नक्साङ्कन स्तरोन्नति | संख्या | १ | १ | १ | १ | १ | ५ | ८ | |
| ३ | प्राविधिक धारको विद्यालय स्थापना | संख्या | | | १ | | | १ | २ | |
| ४ | शिक्षामा स्टिमको प्रयोग | संख्या | | | १ | | २ | ३ | ५ | |
| ५ | विषयगत दरबन्दी निर्धारण सिर्जना र वितरण गर्ने | | | | | | | | संघीय सरकारसँग माग गर्ने | |
| ६ | आवासीय विद्यालयको विकास | संख्या | | | १ | | | १ | २ | |
| ६ | विद्यालयमा यातायातको व्यवस्था | संख्या | | | | | १ | १ | ३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय सुपरीवेक्षण र शिक्षक सहायता | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ८ | विद्यालयको भौतिक पूर्वाधार विकास (भवन, कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबार, बालउद्यान) | विद्यालय | १ | २ | १ | १ | २ | ७ | ७ | |
| ९ | विषयगत प्रयोगशालाको व्यवस्था | विद्यालय | १ | १ | २ | २ | १ | ७ | ७ | |
| १० | विपद व्यवस्थापनमा बालक्लव, जु.रे.स.र स्काउटको प्रोग | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| ११ | विपद व्यवस्थापनको लागि क्षमता वृद्धि | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| १२ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता वृद्धि | विद्यालय | १ | १ | २ | १ | २ | ७ | ७ | |
| १३ | वि.व्य.स.र शि.अ.सं.का पदाधिकारीहरुको क्षमता विकास | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| १४ | शिक्षक तालिमको व्यवस्था | जना | ५ | ८ | ८ | ५ | ६ | ३२ | ३२ | |
| १५ | माध्यमिक तहमा भर्ना र टिकाउ वृद्धि गर्न टिकाउ आकर्षण छात्रवृद्धिको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | १० | ३० | ५० | |
| १६ | विद्यालयमा | विद्या | १ | १ | १ | २ | २ | ७ | ७ | संघर प्रदेश सरकार सँग |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्यकर्मीको व्यवस्था | लय | | | | | | | माग गर्ने |
| १७ | स्वास्थ्य परीक्षण स्वास्थ्य सचेतना | जना | १५० | २०० | २५० | ३०० | ३०० | १२०० | १२०० | |
| १८ | गरिबी र जेहेन्दारलाई सहयोग | जना | १५ | १५ | २० | २५ | २५ | १०० | १५० | |
| १९ | सिकाइ सामग्री निर्माण | वटा | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| २० | भौतिक संरचना नियमित मर्मत र सम्भार अनुदान | विद्यालय | २ | ५ | ५ | ७ | ७ | ७ | ७ | |
| २१ | एक शिक्षक एक ल्यापटपको व्यवस्था अनुदान | जना | ४ | ६ | ७ | ८ | ७ | ३२ | ३२ | |

## ३.५.उच्च शिक्षा

### ३.५.१ परिचय

नेपालको संविधानले उच्च शिक्षा प्राप्त गरिसकेपछि न्युन, मध्यम, दक्ष र उच्च जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। स्नातक उत्तीर्ण मध्यम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ भने स्नाकोत्तर र सो भन्दा माथि उत्तीर्ण पछि उच्च दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ। ढकारी गाउँपालिकाभित्र बाल बिकास, आधारभूत तह, माध्यमिक तह र समग्र गाउँपालिकाभित्र स्नातक तह सञ्चालन को लागि बलराम बहुमुखी क्याम्पस स्थापनाको लागि प्रस्ताब गरिएको छ । उच्च शिक्षाका लागि यस ढकारी गाउँपालिकामा प्रस्ताव गरिएको सो क्याम्पसबाट मध्यम दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

अछाम जिल्लाको सदरमुकाम मङ्गलसेन देखि करिब ५० कि.मि दक्षिण पूर्वी क्षेत्रमा स्थापना प्रस्ताव गरिएको उक्त क्याम्पसको लागि करिब २२ रोपनी जग्गा समेत उपलब्ध भैसकेको छ। यो अछाम जिल्लाको पाँचौ उच्च शिक्षा प्रदायक क्याम्पस हुनेछ। ग्रामीण क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुको उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यका साथ उक्त क्याम्पस स्थापना प्रस्ताब गरिएको हो । क्याम्पसलाई त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन तथा स्वीकृतिको लागि प्रस्ताव गरिएको छ । अछाम जिल्लामा ४ वटा क्याम्पस संचालनमा हुँदा यी सबै क्याम्पस यस पालिकाको पहुँच बाट टाढा रहेका छन् जुन ढकारी गाउँपालिकाको लागि दुखदायी हो। तथापी ढकारी

गाउँपालिकामा क्याम्पस स्थापना प्रस्ताब हुनुले यस भेगका बालबालिकाहरुको घर दैलोबाटै उच्च शिक्षा हाँसिल गर्ने सपना छिट्टै पुरा हुने अपेक्षा गर्न सकिन्छ ।

### ३.५.२ उच्च शिक्षाका समस्या तथा चुनौतिहरु

हाल सम्म क्याम्पस स्थापना प्रस्ताब भए पनि स्वीकृति तथा सम्बन्धन प्राप्त हुनसकेको छैन त्यस कारण सम्बन्धन प्राप्त गर्ने कुरानै पहिलो चुनौती तथा समस्या रहेको छ तत्पश्चात,गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,विद्यार्थी भर्ना तथा योग्य शिक्षकको व्यवस्थापन,आर्थिक व्यवस्थापनजस्ता पक्षहरु ढकारी गाउँपालिकाका उच्च शिक्षाका समस्या तथा चुनौती रहने छन्।

### ३.५.३ ढकारी गाउँपालिकामा उच्च शिक्षाका उद्देश्य

१. ढकारी गाउँपालिकामा उच्च शिक्षा प्रदायक संस्थाको स्थापनापश्चात यस गाउँ पालिकाका सबै बालबालिकाहरुलाई उच्च शिक्षाको पहुँचमा ल्याउने ,
२. समाबेशीसहित गुणस्तरीय उच्च शिक्षा प्राप्तिको अवसर दिने ,
३. यस पालिका भित्र र बाहिरको लागि विविध क्षेत्रमा काम गर्न मध्यम स्तरको जनशक्ति उत्पादन गर्ने ,
४. उच्च शिक्षालाई जीविकोपार्जन तथा आयआर्जनसँग जोड्ने।

### ३.५.४ रणनीति

१. जतिसक्दो चाँडो सम्बन्धनकोलागी संघ सरकार तथा त्रिभुवन विश्वविद्यालय संग आवश्यक समन्वय गर्ने,
२. क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा सहयोग गर्ने,
३. शिक्षक भर्ना तथा विद्यार्थी छात्रवृतिको लागि अनुदान प्रदान गर्ने,
४. क्याम्पस तथा कक्षा कोठालाई सूचना प्रविधिमैत्री बनाउनेमा जोड दिने र आवश्यक सहयोग गर्ने,
५. हाम्रो मात्र होइन राम्रो क्याम्पसको रुपमा विकास गर्न आवश्यक अन्य सहयोग गर्ने ।

### ३.५.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क)उपलब्धि

क्याम्पस स्थापना र संचालन भई उच्च शिक्षा हासिल गर्ने उमेरका सबै युवाहरुलाई गुणस्तरीय उच्च शिक्षा को सुनिश्चितता भएको हुने ।

### ख)नतिजा

१. क्याम्पस स्थापना र संचालन भई उच्च शिक्षा हासिल गर्ने उमेरका सबै जनसंख्या क्याम्पस भर्ना भएको हुने ।
२. पूर्णकालिन शिक्षकको व्यवस्था भएको हुने ।
३. गुणस्तरीय आधारभूत भौतिक पूर्वाधार निर्माण भएको हुने ।
४. शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग भएको हुने ।

### ग)प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ बर्ष ) | | | | | | १० बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सम्बन्धन र संचालनका लागि समन्वय र सहयोग | पटक | | १ | | | | | | |
| २. | भौतिक पूर्वाधार निर्माण | भवन | | | १ | | १ | २ | ४ | |
| ३. | शिक्षक भर्नाको लागि अनुदान | शिक्षक | | | २ | २ | २ | ६ | १५ | |
| ४. | गरिव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति | जना | | | | १० | १५ | २५ | ५० | |
| ५. | सूचना तथा संचार प्रविधि को लागि अनुदान | पटक | | | | १ | १ | २ | ५ | |

## ३.६ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.६.१ परिचय

कामसँगै शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्तव झन बढेको पाइन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलव्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सिप विकास गरी गाउँपालिकामा हरेक प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गाउँपालिका समृद्ध बन्ने कुरमा दुईमत छैन ।

शिक्षालाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्राणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौति हुने देखिन्छ । नेपालमा सिप र व्यवसायको विकास हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरुको उत्पादन लिच्छविकालदेखि नै भएको पाइन्छ । अनौपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज) बाट भएको हो । सघन रुपमा प्राविधिक तथा व्यवसायिक तालिम गर्न वि.सं.२०६८/०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा विभाग र प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

### ३.६.२ वर्तमान अवस्था

ढकारी गाउँपालिकाले पनि नेपाल सरकार को एक स्थानीय तह एक प्राबिधिक विद्यालय नीतिको कार्यन्वयन गर्दै यस पालिकाको केन्द्रमा रहेको गुरुकुल माध्यामिक विद्यालयमा शैक्षिक बर्ष २०७७ देखि नेपाल सरकार शिक्षा विभाग बाट स्वीकृति तथा अनुमति प्राप्त गरि प्राविधिक धार अन्तर्गतका विविध विधा मध्ये सिभिल इन्जीनियरिङ (कक्षा ९-१२ ) संचालन भई प्राबिधिक विद्यालय स्थापना भएको छ l हाल यस विद्यालयमा प्राविधिक धार तर्फ कक्षा ९ मा ४८ जना र कक्षा १० मा ४७ विद्यार्थी अध्यनरत रहेका छन्। यस पालिकामा प्राविधिक धारतर्फ को उक्त

कार्यक्रम संचालनले पालिका भित्रका सम्पूर्ण विद्यार्थी तथा प्राविधिक शिक्षा आर्जन गर्न चाहनेका लागि कोसेढुंगा साबित भएको छ । साथै यस अघिको जस्तो प्राविधिक शिक्षा आर्जन गर्न बाहिर जानु नपर्ने भएकाले अभिभाबकहरुको आर्थिक व्यय भार पनि कम भएको छ, जुन यस पालिकाको लागि सुखद पक्ष हो ।

### ३.६.३ चुनौती तथा समस्याहरु

१. पर्याप्त भौतिक पूर्वाधारको अभाव हुनु,
२. भएका पनि स्रोत सम्पन्न हुन नसक्नु,
३. दक्ष तथा तालिम प्राप्त प्राबिधिक शिक्षक तथा प्रशिक्षकको अभाव,
४. आवश्यक शैक्षिक सामग्री र यन्त्र उपकरणको कमि
५. उत्पादित जनशक्ति खपत हुने चिन्ता,
६. एउटा मात्र प्राबिधिक विद्यालय भएकाले माग लाई धान्न नसक्नु,
७. भौगोलिक विकटताका कारण टाढाका विद्यार्थीको पहुँच कम हुनु,
८. टाढाबाट आएर पनि अध्ययन गर्छु भन्नेका लागि सुबिधा युक्त आवास को अभाब हुनु।

### ३.६.४ उद्देश्य

१. ढकारी गाउँपालिका क्षेत्रमा प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत सिपयुक्त ,स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु ,
२. प्राविधिक तथा व्यवसायिक शिक्षा मार्फत शैक्षिक बेरोजगार न्यूनीकरण गर्नु,
३. पालिका भित्रको लागि आवश्यक सिभिल इन्जिनियरिंङ दक्ष जनशक्ति उत्पादन गर्नु,
४. प्राविधिक शिक्षालाई थप प्रभावकारी गुणस्तरीय, सहज ,समावेशी ,समतामूलक र पहुँच योग्य बनाउनु,
५. प्राविधिक शिक्षाको अन्य विधा र विद्यालयमा विस्तार गर्नु ।

### ३.६.५ रणनीतिहरु

१. प्राविधिक शिक्षा आर्जन गर्न इच्छुक सबैलाई गुणस्तरीय प्राविधिक शिक्षाको अवसर प्रदान गर्ने
२. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरुको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानी वृद्धि गर्ने,
३. प्राविधिक शिक्षामा अवसर दिन पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने ,
४. सुबिधा सम्पन्न सूचना प्रविधि युक्त कक्षा कोठा निर्माण गर्ने ,
५. प्रयोगात्मक पक्षलाईबढी जोड दिने त्यसको लागि आवश्यक सामग्री तथा यन्त्रउपकरणको व्यवस्था गर्ने ,
६. सुबिधासम्पन्न प्रयोगशाला स्थापना र संचालनका साथै फिल्ड कार्यमा जोड दिने ,
७. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरुलाई सहज पहुँच विस्तार गर्न आवासीय सुविधाका लागि छात्रावासको व्यवस्था गर्ने
८. शैक्षिक सहुलियतको लागि छात्रवृति अनुदान उपलब्ध गराउने ,
९. यस पालिका क्षेत्रमा कृषि पेशा गर्ने जनसंख्या धेरै भएको र सम्भावना पनि रहेकोले कृषि प्राविधिक विद्यालयको स्थापना र संचालन को लागि आवश्यक कार्य गर्ने ,
१०. प्राविधिक शिक्षक प्रशिक्षकको क्षमता अभिवृद्धि गर्न तालिम तथा प्रशिक्षणको व्यवस्था गर्ने ,

११.उत्पादित जनशक्ति लाई स्थान भएसम्म रोजगारीको अवसर प्रदान गर्ने ।

### ३.६.६ उपलब्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धी

उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गर्दै अर्थोपार्जन र देश र समाजको समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन हुने ।

### ख) नतिजा

१. यस पालिकामा स्थापित सिभिल इन्जिनियरिंङ विद्यालयबाट दक्ष र गुणस्तरीय जनशक्ति उत्पादन भएको हुने छ ,
२. प्राविधिक शिक्षामा सबै वर्ग क्षेत्र र समुदायको सहभागिता वृद्धि भएको हुने छ ,
३. प्राविधिक शिक्षालयको लागि उपयुक्त सुविधा सम्पन्न प्रयोगशाला,कक्षाकोठाको निर्माण भएको हुनेछ ,
४. प्राबिधिक शिक्षामा पालिकाको लगानी वृद्धि भएको हुने छ,
५. तालिम प्राप्त शिक्षक प्रशिक्षकको व्यवस्था भएको हुने छ ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | सुबिधा सम्पन्न भवन तथा प्रयोगशाला निर्माण | वटा | १ | | १ | १ | १ | २ | ६ | |
| २. | पिछडिएको वर्ग दलित तथा जेहेन्दार विद्यार्थी लाई छात्रवृति वितरण | जना | २ | ३ | ४ | ६ | १० | २५ | ५० | |
| ३ | छात्राबास निर्माण र व्यवस्थापन | वटा | | | | १ | १ | | ३ | |
| ४ | ओ. जे. टि .कार्य सम्पन्न | जना | १० | १० | १० | ५८ | ५८ | १४६ | २९२ | |
| ५ | शिक्षक / प्रशिक्षकहरुलाई क्षमता विकास तालिम | जना | | ४ | ४ | ८ | ८ | २४ | ४० | |

## ३.७ पाठ्यक्रम र पाठ्यसामग्री

### ३.७.१ परिचय

शिक्षा पद्धतिलाई मार्ग दर्शन गर्ने आधार पाठ्यक्रम हो । यो एउटा गतिशील र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन

सहयोग पुग्दछ र पुग्नुपर्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, बालमैत्रि सिकारु केन्द्रित र तथ्यपरक हुनुपर्दछ । बास्तबमा मानवीय आवश्यकता बालबालिकाको रुचि समाजिक मूल्य र मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान सीप तथा परिवेश अनुकुल पाठ्यक्रम दस्ताबेजीकरण एउटा गतिशील र लचिलो प्रक्रिया हो ।

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ । विद्यालय तहको शिक्षाको मार्गदर्शनको दस्तावेजको रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ । यसै क्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तयार भई वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरुमा कार्यान्वयन हुने क्रममा रहेको छ । आधारभूत तह १-३, ४-५, र ६-८ का लागि अलग अलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ । विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीपनोपयोगी सीप समावेश हुनेगरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मककार्य, परियोजनाकार्य वा सामुदायिक लगायत व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिएको छ । पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सीपमा रुपान्तरण गर्न सहक्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । आदर्श मनुष्य तयार पार्न उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृति, भाषा व्याकरण जस्ता विषयहरु समावेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरु स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ । व्यवसायिक शिक्षा स्वास्थ्य, शारीरिक र वातावरण शिक्षा सिर्जनशील तथा अभिव्यक्तिशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगित, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरु संलग्न गरी पाठ्यक्रमलाई सान्दर्भिक र व्यवहारिक बनाउनु न्यायोचित देखिन्छ । विद्यालय तहको पाठ्यक्रमलाई प्रभावकारी बनाउन आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रुपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा लिइएको छ । माध्यमिक तहकोपाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरु सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरु तथा शिक्षक निर्देशिका तयार गरिएको छ । मातृभाषाका पाठ्यसामग्रीहरु पनि तयार गरिएका छन् । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्ने स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ । स्टेम भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ्ग र गणित विषयका ४ विशिष्ट विधा विद्यार्थीहरुलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरु समाधान गर्न सहयोग पुऱ्याउँदछ । साथै उनीहरुमा रचनात्मक तार्किक सोच विष्लेषणात्मक सिप नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ । तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान प्रविधि

इन्जिनियरिङ्ग र गणित जस्ता विषयहरुलाई एकीकृत रुपमा अगाडि बढाइएको छ । स्टेमले मुलत: अनुसन्धानमा आधारित मानिस दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ । जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रुपमा उत्रिन सक्दछ । विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरु सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतिहरु रहेका छन् । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालन स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता पाठ्यक्रम विकास तथा अध्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरुमा आवश्यकतानुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग,विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार परिमार्जन र समायोजन अपाङ्गताको प्रकृति अनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने सिकाइ सहजीकरण र मूलयाङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतिहरु हुन् ।

### ३.७.२ वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन कारण गर्न परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं.२०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारुप तयार गरी सोही वर्ष लागु गरियो । वि.सं.२०७८ मा कक्षा २,३,६ र १२ मा पाठ्यक्रम कार्यान्वयन भएको छ भने अन्य कक्षाहरुमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरु कार्यान्वयनमा भैरहेको मा वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरुमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय प्रारुप २०६३ अनुरुपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरुलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएता पनि कक्षा १-३ सम्म ५ पाठ्यघण्टा र १६० कार्यघण्टा बराबरको मातृभाषा स्थानीय विषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ । यस गाउँपालिकामा विगत २०७७ सालमा स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि पाठ्यक्रम निर्माण समिति गठन गरी सो सम्बन्धी कार्यारम्भ भई हाल कक्षा (१-३), (४-५) र कक्षा (६-८) को पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइसकेको छ।

मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-८ मा ५० आन्तरिक र ५० आवधिक परीक्षाबाट हुने र कक्षा ९-१२ मा २५ प्रतिशत आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ मा ५० प्रतिशत आन्तरिक मूल्याङ्कन र ५० आवधिक परीक्षाबाट पालिका स्तरीय परीक्षामार्फत विद्यार्थीको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ ।

### ३.७.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छः

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु ।

२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाइ कार्यान्वयन गर्नु ।

३. सिकाइ दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।

५. सिकारुको सिकाइलाई निरन्तर आवधिक तथा एकीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु ।

६. सामुदायिक विद्यालयहरुमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकुल विकासको लागि आवश्यक पूर्वाधारजन्य क्षमताको विकास गर्ने ।

७. सामुदायिक विद्यालयहरुमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्ने ।

८. विद्यार्थीहरुलाई अतिरिक्त तथा सहक्रियाकलापमा संलग्न गराइ थप क्षमता अभिवृद्धि गर्नु ।

९. पूर्वीय दर्शनमा आधारित योगा, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरुलाई अभ्यस्त गराउनु ।

### ३.७.४ रणनीति

उद्देश्यहरु हाँसिल गर्न निम्न लिखित रणनीतिहरु अवलम्बन गरिनेछ :

१. प्रत्येक विद्यालयका शिक्षकहरु राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालयस्तरमा प्रवोधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिनेछ ।

२. स्थानीय सरोकारवालामा अपनत्व विकास गरी स्थानीय तहले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइनेछ ।

३. स्थानीय पाठयक्रम तथा पाठ्यसामग्री विकास गरी प्रयोगका लागि विद्यालयलाई सक्षम बनाइनेछ । सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरिनेछ ।

४. विषयबस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

५. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गरिनेछ ।

६. विपद् महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन सामुदायिक विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरनेछ ।

७. शिक्षक निर्देशिका पाठ्यक्रम पाठ्यपुस्तक सन्दर्भ सामग्रीहरु सर्वसुलभ हुने गरी व्यवस्थापन गरिनेछ ।

८.पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत क्षमता विकासलाई निरन्तरता दिइने छ ।

९. शिक्षण सिकाइलाई बालकेन्द्रित लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई प्रभावकारी बनाइनेछ ।

१०. विद्यालयलाई वैकल्पिक शिक्षण सिकाइ अनुरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइँदै लगिनेछ ।

११. सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

१२. सुचना तथा सञ्चार प्रविधिमा आधारित अत्यावश्यक पूर्वाधार विकास र उचित प्रयोग गर्ने क्षमताको विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रयोगमा ल्याइनेछ ।

१३. हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिनेछ ।

१४. विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षाको वृत्ति विकाससँग आबद्ध गरिनेछ ।

१५. आधारभूत तहमा हुने स्तरीकृत परीक्षालाई सुधार गरिनेछ ।

१६. स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धी वृद्धि गर्न शिक्षकहरुको क्षमतामा विकास गरिनेछ ।

१७. विज्ञान तथा गणित विषयमा सृजनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गरिनेछ ।

१८. पूर्वीय दर्शनमा आधारित योगा, ध्यान, व्यायम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइनेछ ।

## ३.७.५. उपलब्धी नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धी

पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत क्षमतामा सहित सृर्जनशील सकरात्मक सोच भएका सिकाइप्रति प्रतिबद्ध नागरिक तयार गर्न सहयोग हुने ।

### ख) नतिजा

१. बालविकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरु सुचारु तरिकाले कार्यान्वयन हुने ।

२. कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सीपहरु कार्यान्वयन हुने ।

३. स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टता दिलाउने ।

४. स्टिम अवधारणा अनुसार शिक्षण कार्यले गणित र विज्ञान विषयको उपलब्धीमा सुधार हुने ।

५. सिकाइ क्रियाकलाप बालमैत्री र स्थानीय परिवेश तथा आवश्यकता अनुसार हुने ।

६. सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलव्धि वृद्धि हुने

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण र विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पाठ्यक्रम पाठ्यसामग्री शिक्षक निर्देशिका प्रवोधिकरण र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विद्यार्थी मूल्याङ्कन सम्बन्धमा शिक्षकहरुको क्षमता विकास | जना | २० | २५ | ३० | ४० | ५० | १६५ | २८५ | |
| ४ | प्राविधिक धारको पाठ्यक्रम तथा पाठ्यसामग्री प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षकलाई स्टीममा आधारित क्षमता विकास तालिम | जना | ५ | ५ | ५ | ७ | १० | ३२ | ४० | |
| ६ | पाठ्यक्रममा समावेश भएको योगा, ध्यान, प्रणायामलाई व्यवहारिक र प्रयोगात्मक अभ्यास | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ७ | विज्ञहरुद्वारा बुद्ध दर्शन, पूर्वीय दर्शन, प्राकृतिक चिकित्सा र मनोपरामर्श कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | अतिरिक्त र सहकार्यकलाप कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.८ शिक्षक व्यवस्थापन र विकास

### ३.८.१ परिचय

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृत, शिक्षक भर्ना, छनोट, सरुवा, बढुवा, वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धी सम्पूर्ण व्यवस्थापकीय कार्य पर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो । यो आफैंमा बहुआयामिक विषय हो । निरन्तर प्रकिया हो । अन्तरनिहित यात्रा हो । आफैमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठे सम्म कुनैपनि देशको शिक्षाको स्तर माथि उठ्न सक्दैन । शिक्षा क्षेत्रका जीवित मष्तिष्क भनेका शिक्षकहरु हुन् ।

शिक्षा शासन विकास र सेवा प्रवाहमा प्राभावकारिता दक्षता क्षमता समानता वातावरणमैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसको लागि जनशक्ति योजना दरबन्दी सिर्जना तथा भर्ना उपयोग विकास सेवा सुविधा

सामाजिक सुरक्षा (तलब, भत्ता, पोशाक, विदा, औषधोपचार आदि) पेसागत विकास पर्दछन् । शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना रिक्त स्थानको पहिचान पदपूर्ति माग प्रतिशत निर्धारण दरखास्त आव्हान तथा सङ्कलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक) उम्मेदवारहरुको मूल्याङ्कन तथा छनोट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरु पर्दछन् । यसका अतिरक्त का.स.मु. ,जिम्मेवारी, वृत्तिविकास, सरुवा, बढुवा आदि गरिने गर्दछ । शिक्षकहरुको तालिम अवलोकन भ्रमण अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरु पर्दछन् । व्यवस्थापनकै क्रममा शिक्षक सेवामा केही सवालहरु पनि उठेका छन् । जस्तै समावेशीकरण की योग्यतामुलक शिक्षक सेवा र सुशासन, शिक्षा सेवा र संघीय प्रशासन प्रणालीको अन्त्य गरी संवैधानिक प्रावधान अनुकूल विद्युतीय सेवा प्रवाह र विश्वव्यापीकरण globalization विविधता व्यवस्थापन समतामूलक (समतामूलक न्याय वितरणकारी पुनर्वितरणकारी न्याय जस्ता विषयवस्तुहरु) अहिले उठेका हुन् ।

भनिन्छ जस्तो माटो त्यस्तै कमिला । त्यसै गरी जस्ता शिक्षक त्यस्तै विद्यार्थी । शिक्षा क्षेत्रका जीवित मष्तिष्क भनेर शिक्षक नै हुन् । भनाइ छ एउटा खराब डाक्टर एउटा विरामीका लागि घातक हुन्छ भन्ने एउटा अयोग्य शिक्षक लाखौ बालबालिकाको लागि घातक हुन्छ । शिक्षा नीति ऐन नियम योजनामा सरोकारवालहरुलाई अनदेखा गर्यो भने त्यो कागजको रुप मात्र हुन्छ । फल दिदैन तसर्थ शिक्षक व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । योग्य, सक्षम, कुशल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा प्रर्वाह गर्न सक्छ । शिक्षणलाई पुनर्ताजगी गराउन तालिम आवश्यक छ । नयाँ प्रणालीसँग परिचित हुन तालिम चाहिन्छ । शिक्षकको व्यवसायिकता बढोत्तरीको लागि सिकारुको सर्वोच्चता सुनिश्चितताको लागि तालिम चाहिन्छ । शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकास सेवा प्रवाह सुशासन समृद्धि रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ यसले अनुभूति दिलाउँछ । शैक्षिक क्षेत्रको समग्र ज्ञानेन्द्रीय तथा कर्मेन्द्रीय आधार नै शिक्षक व्यवस्थापन हो । सरकार सिकारु र शिक्षक बीचको सम्बन्धनै शिक्षक व्यवस्थापन तथा तालिम नै हो । बदलिंदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य व्यवसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक हुनु आवश्यक छ । शिक्षकमा भएको ज्ञान शिक्षण  सिकाइ क्रियाकलाप सञ्चालन पर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरुको सिमाइमा सकारामत्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

यस योजनामा शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतिहरुको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य पूरा गर्नको लागि अपनाइने रणनीतिहरु कार्यक्रम कार्यान्वयनबाट हाँसिल हुने अपेक्षित नतिजा तथा मुख्य क्रियाकलाप तथा लक्ष्यहरु समावेश गरिएको छ ।

## ३.८.२ शिक्षक तयारी

नेपालमा विद्यालय तथा विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यवसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ । यस्ता पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रमहरु विभिन्न विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका छन् । प्राज्ञिक योग्यता, वि.एड.वा एम.एड.प्राप्त गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विभिन्न मुलुकहरुमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन् । पन्ध्रौ योजनाले शिक्षकको न्युनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख छ । राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई समताका आधारमा निरन्तर पेसागत सहयोग सञ्चालन गरिनेछ । विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमि देखिएको छ भने अर्कोतिर सीमित अविधमा विषयवस्तु र शिक्षण सम्बन्धि विशेष अध्ययन गर्नुपर्ने भएकोले दुबै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ । परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा संकायगत संरचना नभएकोले अब कक्षा १२ उत्तीर्ण गरी शिक्षक हुनेका लागि निश्चित समयको कोर्स व्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालीन रुपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमश न्यूनतम शैक्षिक योग्यता स्नातक र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्स पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था उपयुक्त हुनेछ ।

शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भई आएका शिक्षकहरुलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरुले गर्दै आएका छन् । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ । शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम संघले प्रमाणीकरण तथा customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य संघीय सरकारबाट भइरहेको छ । शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरुबाट हुँदै आएका छन् । शिक्षक तयारी कार्यलाई वास्तविक आवश्यकता र अनुसन्धानमा आधारित बनाउनु पर्ने हो । सो कार्य गर्न सकिएको छैन । सरकार र विश्व विद्यालयहरु शिक्षक तयारी गर्ने कार्यमा प्रभावकारी समन्वय र सहकार्य गर्न सकिरहेका छैनन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरु रहेका छन् । सेवा शर्त र सुविधा फरक-फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनको लागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीका सिकाइमा जिम्मेवार बनाउने कामकाजमा मात्र सीमित छ ।

### ३.८.३ शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रुपमा लिइने अवस्था सुधार हुँदै गएको छ । नियमितरुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनी शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ । आगामी दिनहरुमा निरन्तर शिक्षक पेशागत विकास तथा सहयोग पूर्वानुमानयोग्य सरुवा, बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल मेहनेती, मेधावी तथा प्रतिभावान व्यक्तिहरुलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशत छुट्टै सोझै प्रवेश गराउन सकिने

गरी संघको सरकारले कानुनी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गराउन आवश्यक देखिएको छ । शिक्षकहरुको पदपूर्ति हालसम्म संघीय शिक्षक सेवा आयोगबाट गर्ने गरिएकोमा त्यसलाई प्रदेश स्तरसम्म विस्तार गर्न आवश्यक छ ।

### ३.८.४ शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलव्धि मूलत कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्दछ । शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित प्रविधिमैत्री परियोजनामा आधारित समूह कार्यमा आधारित सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ । पन्ध्रौ योजनाले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षणको व्यवस्था, कक्षा शिक्षणको व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप विकास गर्न उपयुक्त पाठ्यसामग्री सन्दर्भसामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ । यस योजनाले बालकेन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइका तरिकाहरुको प्रयोगमा जोड दिएको पाइन्छ । यसमा बालकेन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिकारुपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अङ्ग बनाइने उल्लेख छ ।

कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग निरन्तर विद्यार्थी मूल्याङ्कन परियोजना तथा प्रयोगात्मक कार्यमा जोड उपचारात्मक शिक्षण पद्धति परीक्षाको नतिजा विष्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषण लिइ शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरु शिक्षकबाट उपेक्षित रुपमा हुन नसकेका विभिन्न अध्ययन प्रतिवेदनहरुले औंल्याएका छन् । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार उच्चगतिको इन्टरनेट सुविधाको कमि स्रोतको कमि विषयगत दक्ष योग्य उत्प्रेरित शिक्षकको कमि शैक्षणिक सामग्रीको कमि कार्य वातावरण कमि आदिका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### ३.८.५ शिक्षकको उत्तरदायित्व

शिक्षक विद्यार्थी अभिभावक समुदाय तथा विद्यालय प्रशासक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि, विषय, विद्यार्थीको सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलव्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रबोधन गर्नुपर्दछ । विद्यालयको आचारसंहिता पालना गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई गर्ने जस्ता कार्य जिम्मेवार शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनु पर्दछ । पन्ध्रौ योजनाले शिक्षकले

कक्षाकोठा विताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरुलाई पेशाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति-२०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलव्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लेख गरेको छ। विद्यार्थीहरुले परीक्षामा हाँसिल गरेको परिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरुलाई जिम्मेवार र जावाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ। विद्यार्थीको सिकाइ उपलव्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थित हो। विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्ने र नियुक्ति पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपछि लामो समयसम्म पदपूर्ति नहुँदा विद्यालयमा बालबालिकाहरुको पढाइबाट लामोसमयसम्म बञ्चित हुनु परेको अवस्था समेत छ। सरुवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर शहर र सदरमुकामहरुमा थुप्रने अवस्था रहेको छ जुन सामाजिक न्यायको सिद्धान्त विपरित देखिन्छ यस्तो प्रावधानले गर्दा शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन कठिन बनाएको छ।

### ३.८.६ शिक्षकको पेसागत सहयोग पद्धति

शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरु प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल, मेन्टोरिङ्ग, नियमित अनुगमन तथा पृष्ठपोषण अदानप्रदान शिक्षकहरुको सिकाइ सञ्चालन,conference सहपाठी सँगको अन्तर्क्रिया प्रतिविम्बन, अभ्यास आदि। नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader र feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो। यसैगरी विद्यालय सुपरीवेक्षणबाट शिक्षक सहायता उपलव्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरुको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धेरै परियोजनाहरु कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा तथा विकास परियोजना आदिले शिक्षकको पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ। शिक्षक पेसागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरु स्थापना भई ती स्रोतकेन्द्रहरु मार्फत शिक्षकको पेसागत सहयोग प्रदान गर्दै आइरहेकोमा संघीय संरचनाको कार्यान्वयनसँगै स्रोतकेन्द्र पद्धति विघटन भएको छ। यसलाई खारेज गरी स्थानीयस्तरमा शिक्षा शाखारहेका छन्। स्थानीय स्तरमा रहेका शिक्षा शाखाहरुले शिक्षक सहायता भन्दा शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ। विद्यालय निरीक्षण तथा सुपरीवेक्षणको स्थानीय शिक्षा शाखाबाट न्युन रुपमा भएको पाइन्छ। समग्रमा भन्नु पर्दा शिक्षक सहायताको कार्यक्रम सामान्य प्राय: छ ।

### ३.८.७ शिक्षक क्षमता विकास कार्यक्रम

समयअनुसार शिक्षकहरुका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुनु आवश्यक छ। यसको विकासका अवसरहरु उपलव्ध हुनु आवश्यक छ। शिक्षकको पेसागत विकासका विभिन्न तरिकाहरु छन्। शिक्षक तालिम कार्यशाला,seminar, conference, क्रियात्मक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल, अवलोकन भ्रमण

mentoring कार्यशाला सेमिनार आदि । शिक्षकको पेसागत विकास यिनै कार्यहरुबाट सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने धेरै योजना तथा कार्यक्रमहरु सञ्चालन भए । विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शिक्षक तालिम केन्द्रहरु २९ वटा र अगुवा स्रोतकेन्द्रहरु र स्रोतकेन्द्रहरु मार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरु सञ्चालन हुँदै आएकोमा संघीय संरचनाको कार्यान्वयनसँगै शिक्षक तालिम तथा विकासका लागि प्रत्येक प्रदेशमा एक-एक गरी जम्मा ७ तालिम केन्द्रहरु मात्र रही अन्य संरचनाहरु हटेका छन् । शिक्षक पेसागत विकासका कार्यक्रमहरु सञ्चालनका लागि मापदण्ड बनाउने प्रारुप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेसागत विकासका लागि सात वटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरुले अनलाइन तथा ofline विधिबाट एकमहिने प्रमाणीकरण शिक्षक तालिम customize शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ । विद्यमान सातवटा शिक्षा तालिम केन्द्रबाट मात्र ठूलो सङ्ख्यामा शिक्षकहरुलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको अवस्था छ । यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञन तथा सीपको कक्षाकोठामा प्रयोगमा ल्याउन देखिएका विभिन्न अध्ययन प्रतिवेदनहरुले उल्लेख गरेका छन् ।

## ३.८.८ शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई तथा काठमाण्डौं उपत्यकामा १:५० रहेको छ । यसलाई आधार मानेर शिक्षक सङ्ख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरु तथा विद्यालयको निजी स्रोतमा नियुक्त शिक्षकहरु पनि रहेका छन् । जिल्ला र विद्यालयबीच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ । आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गर्ने कार्य पनि उत्तिकै चुनौतिपूर्ण छ । मुलुक संघीय संरचनामा गएसँगै शिक्षक नियुक्ति सरुवा कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्ने कार्य गर्ने गरेका छन् ।

## ३.८.९ प्रमुख समस्या तथा चुनौतिहरु

माथि उल्लिखित विश्लेषणका आधारमा ढकारी गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतिहरु रहेका छन् :

### क) समस्या

१. शिक्षकमा उत्प्रेरणाको कमी ।

२. उत्तरदायित्व र जवाफदेहीतामा कमि र दण्डहिनताले प्रश्रय पाउनु ।

३. कक्षागत र विषयगत शिक्षक अभाव ।

४. आवश्यकता अनुसार शिक्षक दरबन्दीको अभाव ।

५. शिक्षक नियुक्ति सरुवा बढुवा बारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु ।

६. शिक्षक व्यवस्थापनको जिम्मेवारी कसको ?(स्थानीय सरकार, प्रदेश वा संघीय सरकार) ।

७. शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्न नसकिनु ।

८. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुनेगरी शिक्षक तयारी कोर्स व्यवस्था नहुनु।

## ख) चुनौति

१. शिक्षकको मनोवृत्तिमा परिवर्तन गर्नु (घरपायक मात्र खोज्नु जिम्मेवारी बोध कम )।

२. विपद् सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्नु।

३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्नु।

४. पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध।

५. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न।

## ३.८.१० उद्देश्य

उपर्युक्त समीक्षा तथा समस्या तथा चुनौतिहरुका आधारमा स्थानीय तहको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरु निम्नानुसार निर्धारण गरिएका छन्।

१. शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु।

२. शिक्षकको छनौट नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु।

३. सबै तहमा योग्य पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु।

४. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु।

५. पेसागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्नु।

६. सुपरीवेक्षण शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेसाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु।

७. शिक्षाको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्टिय शिक्षक संस्थासँग सञ्जाल विकास र अन्वेषण गर्न।

८. शिक्षक पेसागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्न।

९. आवश्यक प्रोत्साहन सिकाइ आदान प्रदान कार्यक्रम निरन्तर पेशागत सहयोगका माध्यमबाट सबै तहमा सक्षम र प्रतिबद्ध अभिप्रेरित शिक्षक व्यवस्था गर्नु।

## ३.८.११ रणनीतिहरु

१. शिक्षक सक्षमता प्रारुपलाई अध्यावधिक गरी शिक्षक र छनौट प्रक्रियामा आबद्ध गर्न संघीय सरकारमा अनुरोध गरिनेछ।

२. वर्तमान शिक्षक शिक्षा मर्यादाक्रमलाई पुनरावलोकनका लागि संघीय सरकारसँग अनुरोध गरिनेछ।

३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुनर्वितरण तथा थप गरिने छ।

४. प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेको योग्यता कायम हुनेगरी कानुनी व्यवस्थाका गरिनेछ।

५. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ।

६. उच्च कार्यसम्पादन गर्ने शिक्षकहरुका लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ।

७. नवप्रवेशी शिक्षकहरुका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

८. शिक्षकले कक्षाकोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ।

## ३.८.१२ उपलव्धी नतिजा क्रियाकलाप तथा लक्ष्य

### क) उपलव्धी

सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने।

### ख) नतिजा

१. सबै विद्यालयमा सूचना सञ्चार प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलव्धिमा वृद्धि भएको हुने।

२. सबै विद्यार्थीहरुमा आधारभूत सञ्चार, सूचना र प्रविधिको सुविधामा पहुँच हुने।

३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार ल्याउने।

४. अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने।

५. शिक्षकहरुमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने।

६. विद्यार्थीहरुको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने।

७. विद्यालय तथा कक्षाकोठाहरु सूचना प्रविधिमैत्री हुने।

८. सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | **शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति** | | | | | | | | | |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा दिने | जना | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २ | अस्थायी करार तथा निजी स्रोतमा नियुक्ति हुने शिक्षक व्यवस्थापनका लागि मापदण्ड र निर्देशिका निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | शिक्षक सेवा आयोग तयारीका लागि कक्षा सञ्चालन | पटक | | | १ | १ | १ | ३ | १० | |
| ४ | नवप्रवेशी स्थायी करार शिक्षक समेतलाई छोटो अवधिको सेवा प्रवेश तालिम | पटक | | २ | २ | २ | २ | ८ | २० | |
| | शिक्षक सिकाइ क्रियाकलापमा | | | | | | | | | |
| ५ | कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन | जना | ५० | ६० | ६० | ६० | ६० | २९० | ५०० | |
| ६ | कक्षा १-५ का कमजोर विद्यार्थीका लागि उपचारात्मक शिक्षण पद्धतिको कार्यान्वयन | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| ७ | परीक्षाको नतिजा विष्लेषण गर्ने | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| ८ | शिक्षकले कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| ९ | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | शिक्षक | २० | ३० | ३० | ३० | ३० | १४० | २६७ | |
| १० | महिला शिक्षिका सुत्केरी विदामा रहँदा अतिरिक्त शिक्षकको व्यवस्था | शिक्षक | २ | २ | ३ | ४ | ५ | १६ | २५ | |
| | **शिक्षकको पेशागत** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षकको पेशागत सहयोगको लागि विज्ञहरुको सूची तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | विषयगत शिक्षकहरुको समूह निर्माण | वटा | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| १३ | शिक्षकहरुको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १६ | शिक्षक मार्फत कार्यमूलक अनुसन्धान | संख्या | ४४ | ४४ | ४४ | ४३ | ४३ | २१५ | ४३० | |
| १७ | सहपाठी कक्षा अवलोकन | संख्या | ४४ | ४४ | ४४ | ४३ | ४३ | २१५ | ४३० | |
| १८ | कक्षा १-५ मा पढाउने शिक्षकका लागि मागमा आधारित छोटो अवधिको पुनर्ताजगी तालिम | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| १९ | अनलाइन अफलाइन मार्फत कन्फ्रेन्स/सेमिनार सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २० | प्रधानाध्यापकलाई नेतृत्व विकास तालिम | जना | ४४ | ४४ | ४४ | ४३ | ४३ | २१५ | ४३० | |
| | **शिक्षक उत्तरदायी** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | शिक्षक र प्रधानाध्यापक बीच करार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | प्रधानाध्यापक र स्थानीय सराकारबीच कार्यसम्पादन करार | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| २३ | प्रधानाध्यापक मार्फत अनुगमन र निरीक्षण | पटक | २ | ३ | ३ | ३ | ३ | १४ | ३० | |

## ३.९. विद्यालय व्यवस्थापन (प्रधानाध्यापक सहित)

### ३.९.१ परिचय

वर्तमान संविधानमा आधारभूत तथा माध्यमिक शिक्षा सहित शैक्षिक व्यवस्थापनको महत्वपूर्ण कार्य स्थानीय तहको अधिकार क्षेत्रभित्र छ । शैक्षिक व्यवस्थापन भित्रको महत्वपूर्ण अङ्ग विद्यालय व्यवस्थापन हो । विद्यालय व्यवस्थापन भन्नाले प्राप्त जनशक्तिलाई उपलव्ध भएको स्रोतको प्रयोग गरी विद्यालयको उद्देश्य तथा लक्ष्य प्राप्त गर्ने गतिविधि तथा कार्यलाई जनाउँदछ । स्थानीय सरकारको रुपमा व्यवस्थापकीय तथा कार्यकारिणी हैसियतका संविधान प्रदत्त अधिकार सूची, जनअपेक्षा र स्थानीय क्षमता र पूर्वाधारको उचित पहिचान गरी विद्यालय व्यवस्थापन गर्न सकेमा शिक्षामा गुणस्तर प्राप्त हुन सक्छ ।
गाउँपालिकाले शैक्षिक उपलब्धिहरु हाँसिल गर्न विद्यालयहरुमा  बजेट विनियोजन र बाँडफाँड गरेर मात्र पुग्दैन प्राप्त भएका स्रोत र साधनको उपयुक्त परिचालन हुनेगरी विद्यालय व्यवस्थापनमा ध्यान दिन जरुरी हुन्छ । शिक्षा ऐन नियमावलीमा व्यवस्था भएका प्रावधानहरुको उचित परिचालन  र प्रयोगले विद्यालय बलियो बन्न सक्छ । विद्यालय व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका महत्वपूर्ण रहँदै आएको छ । सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहेको हुन्छ । शिक्षक अभिभावक संघले शिक्षक र अभिभावकलाई सम्पर्कमा ल्याई विद्यार्थीको शिक्षणमा सहजीकरण गर्दछ भने आर्थिक सहयोगमा समेत भूमिका खेल्दछ । विद्यालयको व्यवस्थापकीय पक्षमा व्यवस्थापन समिति रहने र प्रशासनिक अधिकार प्रधानाध्यापकसँग रहने भएकोले कानुनी रुपमा प्रमाणिकरण गर्न समेत यसले मद्दत गर्दछ ।

विद्यालयको प्रशासनिक कार्यका लागि एक प्रधानाध्यापकको व्यवस्था हुने कानुनी व्यवस्था छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी शिक्षाका राष्ट्रिय उद्देश्य पूरा गराउने महत्वपूर्ण स्थल विद्यालय हो । विद्यालयले गर्नुपर्ने सबै क्रियाकलापको सञ्चालन र नियन्त्रणका लागि प्रधानाध्यापकको व्यवस्था गरिएको हुन्छ ।

स्थानीय सरकार ऐन २०७४ ले विभिन्न २३ वटा काम, कर्तव्य र अधिकार स्थानीय सरकारलाई दिएको छ । यसै ऐन र मौजुदा शिक्षा ऐन नियमका आधारमा गाउँपालिकाले विद्यालयको व्यवस्थान गर्नुपर्ने हुन्छ ।

### ३.९.२ वर्तमान अस्था

शैक्षिक उपलब्धि हाँसिल गर्न विद्यालय व्यवस्थापन एउटा प्रमुख र महत्वपूर्ण पक्ष हो । प्राप्त स्रोत साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनको खोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभई राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्य स्थल विद्यालय भएकोले यसको व्यवस्थापकीय पाटो बलियो हुनु जरुरी छ ।

ढकारी गाउँपालिकाभित्र सबै विद्यालयहरुको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९(संशोधन सहित) मा व्यवस्था भए अनुसार विद्यालयहरु सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरु व्यवस्थापन समितिकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितिले गरेका निर्णयहरुलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरुको सञ्चालन व्यवस्थापन समितिको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन र आर्थिक स्रोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्द्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरु व्यवस्थापन समितिले गर्दै आइरहेको छ ।

विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक संघ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ । विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने अनुशासन कायम राख्ने शिक्षक अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानाध्यापकको रहेको छ ।

विद्यालयको रेखदेख सञ्चालन र व्यवस्थापनका लागि व्यवस्थापन समितिले कार्य गरिरहे पनि व्यवस्थापन पक्षमा केही समस्याहरु बाँकी नै छन् । संघीय व्यवस्थामा पुरानै शिक्षा ऐन नियमको प्रयोग हुनु गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रानुसार ऐन नियम व्यवस्था गर्न नसक्नु, व्यवस्थापन समितिको कार्यक्षेत्र वृहत हुनु, व्यवस्थापन समितिका पदाधिकारीहरु दक्ष र शिक्षित नहुनु, व्यवस्थापन समितिले सक्रिय रुपमा कर्तव्य र अधिकारको प्रयोग गर्न नसक्नु, प्रधानाध्यापकको छुट्टै व्यवस्थापन नहुनु, प्रयाप्त दरबन्दी नहुनाले प्रधानाध्यापकको कार्यसम्पादन कमजोर हुनु, योग्य र नियमानुसार प्रधानाध्यापकको व्यवस्था नहुनु इत्यादि समस्याहरु रहेका छन् ।

यस ढकारी गाउँपालिकामा विद्यालय व्यवस्थापनमा देखिएका चुनौतिहरु निम्नानुसार छन् :

१. विद्यालयको व्यवस्थापकीय पक्ष सवल र सक्षम बनाउने ।

२. अभिभावकहरुलाई विद्यालय व्यवस्थापनमा सक्रिय सहभागिता बनाउने ।

३. शिक्षकहरुलाई शिक्षा ऐन नियमावलीमा व्यवस्था भए अनुसार सक्रिय बनाउने ।

४. दक्ष, जेष्ठता र योग्यता प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने ।

५. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई जवाफदेही र उत्तदायित्व बनाउने ।

६. कुशल प्रशासनिक क्षमता सहित विद्यालय व्यवस्थापन गर्ने ।

७. गाउँपालिका शिक्षा ऐन नियम निर्माण र कार्यान्वयन ।

८. सुचना प्रविधियुक्त विद्यालय व्यवस्थापन र कार्यान्वयन।

### ३.९.३ उद्देश्य

यस योजनाले विद्यालय व्यवस्थापन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छ।

१. विद्यालयहरुमा ऐन नियमानुसार व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गरिनेछ।

२. विद्यालय व्यवस्थापन समितिको कार्यक्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ।

३. विद्यालयको आर्थिक पक्ष सबल बनाउन व्यवस्थापन समितिलाई प्रेरित गरिनेछ।

४.कार्यसम्पादनमा राम्रा देखिएका विद्यालयका गतिविधिहरु अभिलेखीकरण गरिनेछ।

### ३.९.४ रणनीतिहरु

१. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिक्षक अभिभावक संघका अध्यक्ष र प्रधानाध्यापकहरुलाई शैक्षिक भ्रमण गराइनेछ।

२. राम्रा व्यवस्थापन भएका विद्यालयहरुको अनुभव र गतिविधि आदानप्रदान गरिनेछ।

३. शिक्षा ऐन नियमानुसार प्रधानाध्यापकको व्यवस्था गरिनेछ।

४. कुशल सक्षम पारदर्शी र जवाफदेही प्रधानाध्यापकको व्यवस्था गर्न जोड दिइनेछ।

५. प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विद्यालय प्रशासनिक व्यवस्थापनलाई चुस्त दुरुस्त र स्तरीय बनाइनेछ।

६. प्रधानाध्यापकको कार्यक्षमता अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन तालिमको व्यवस्था गरिनेछ।

७. सबल व्यवस्थापन पक्ष भएका गाउँपालिका भित्र विद्यालयहरुलाई पुरस्कृत गरिनेछ।

८. कमजोर व्यवस्थापन भएका विद्यालय पहिचान गरी कार्य क्षमता वृद्धिका लागि सहायता दिने व्यवस्था गरिनेछ।

९. विद्यालय व्यवस्थापनलाई सुचना प्रविधियुक्त बनाइनेछ।

### ३.९.५ उपलव्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलव्धी

ढकारी गाउँपालिका भित्रका सबै विद्यालयहरु कुशल र उत्तरदायी विद्यालय प्रशासन सहित बलियो व्यवस्थापन पक्ष भएको हुने।

### ख) प्रमुख नतिजाहरु

१. कुशल प्रशासन सहित विद्यालय सञ्चालन भएको हुने।

२. योग्य र नियमानुसारका प्रधानाध्यापकको व्यवस्था भएको हुने।

३. सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशील भइरहेको हुने।

४. विद्यालय व्यवस्थापन समिति सक्षम र सक्रिय भई विद्यालयको शैक्षिक स्तर वृद्धि भएको हुने।

५. विद्यालयको आर्थिक अवस्था सवल भएको हुने।

६. विद्यालय व्यवस्थापन तथा प्रशासनमा समयानुकुल सुचना प्रविधिको प्रयोग भएको हुने।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ | लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|

| | | | वर्ष) | | | | | | १० वर्षको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | व्यवस्थापन समितिका अध्यक्षहरुको तालिम | जना | ४४ | ४४ | ४४ | ४३ | ४३ | २१५ | ४३० | |
| ३ | अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालयहरु बीच अनुभव आदानप्रदान | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ५ | प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| ६ | प्रधानाध्यापकलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालय सुधार योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | उत्कृष्ट विद्यालय छनोट र पुरस्कृत | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ९ | विद्यालय अनुगमन मूल्याङ्कन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |

## ३.१० निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षा

### ३.१०.१ परिचय

अनौपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । औपचारिक पद्धति भन्दा बाहिर लचिलो ढङ्गबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो साँस्कृतिक केन्द्र

हो जहाँ सहभागीहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुका बारेमा छलफल र समाधानका उपायहरु खोजी निर्णय कार्यान्वयन गर्दछन् । आफ्नो जीवनको इतिहास आफै लेख्दछन् तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

संवैधानिक सुनिश्चिततामा शिक्षा पाउने हक राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त दीगो विकासमा तथा सुदूरपश्चिम प्रदेशको आवधिक योजनामा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्मण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँच विस्तार विस्तार गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षाक्षेत्र योजना २०७८ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्नेतर्फ लैजानु पर्दछ । यस खण्डमा स्थानीय तहको अनौपचरिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विष्लेषणका आधारमा समस्या एवं चुनौतिहरुको पहिचान गर्दै चुनौतिहरुको सामना गर्न यसको उद्देश्य र नीतिहरु कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यसमा समावेश गरिएको छ ।

## ३.१०.२ वर्तमान अवस्था

ढकारी गाउँपालिकालाई २०७६ सालमा साक्षर गाउँपालिकाको रुपमा घोषणा गरिएको हो । २०७६ सालभन्दा अगाडि अछाम जिल्लामा विभिन्न गाउँपालिकाहरुमा अनौपचारिक शिक्षा कार्यक्रमहरु प्रशस्त मात्रमा भए। यस कार्यक्रमले निरक्षरहरु विशेषतः १५-६० वर्ष उमेर समूहका निरक्षरहरुलाई  साक्षर बनाउने कार्यमायोगदान गरेको देखिन्छ । अछाम जिल्ला २०७७ सालमा साक्षर जिल्लाको रुपमा घोषणा भएको हो । जिल्लासाक्षर घोषणा हुनुपूर्व साविकका गाउँपालिकाहरुमा अनौपचारिक शिक्षा कक्षा सञ्चालनमा आए । यस कार्य्रकमले स्थानीय निकायहरुमा साक्षरताका कक्षा सञ्चालन भए साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालनभए । कार्यक्रम प्रभावकारी बनाउन यस गाउँपालिकाका विभिन्न वडामा ४ वटा सिकाइ केन्द्र समेत स्थापना गरिए । यसै गरी सामुदायिक सिकाइ केन्द्रहरुले अनौपचारिक शिक्षा तर्फको कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा  प्रभावकारी  भूमिका निर्वाह गरेका छन् । ढकारी गाउँपालिकाका वडाहरुमा (साविकका गाविसहरु) विभिन्न वर्षमा गरेर १५-६० वर्ष सम्मका निरक्षरहरुका लागि सञ्चालन गरिएको साक्षरता कक्षाहरुबाट १५-६० वर्षको कुल जनसङ्ख्या १३२६१मा १२९९९ साक्षर भै गाउँपालिकाको १५-६० वर्ष उमेरको जनसङ्ख्यामा कुल साक्षरता ९८ प्रतिशत पुगेको छ ।

२०६३ सालको जनआन्दोलनको परिणामस्वरुप देशमा भएको राजनीतिक परिवर्तनले मुलुक एकात्मक शासन व्यवस्थाबाट गणतन्त्रात्मक शासन व्यवस्थामा जान पुग्यो । परिणामस्वरुप देशमा एउटा संघीय सरकार सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकार हुन पुगे । साविकमा संघीय सरकारको जिल्ला शिक्षा कार्यालयको मातहतमा रहने गरी सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र समेत स्वभाविक हिसावले तत् तत् स्थानीय तहमा हस्तान्तरित भए । ढकारी गाउँपालिकामा ४ वटा सिकाइ केन्द्रहरु सञ्चालनमा छन् । ती सामुदायिक सिकाई केन्द्रहरु

ढकारी गाउँपालिकाको हालको वडा नं १ मा एउटा, वडा नं २ मा एउटा, वडा नं ४ मा एउटा र वडा नं. ८ मा एउटा गरी जम्मा ४ वटा सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ । यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक शिक्षा युवा तथा खेलकूद महाशाखा/शाखाहरुले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षfको योजना निर्माण तथा कार्यन्वयन र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुनसकेको देखिँदैन । आवधिक रुपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले साक्षरता सम्बन्धी तथ्याङ्कका लागि पनी राष्ट्रिय जनगणनाको नतिजामा भर पर्नुपर्ने अवस्था रहेको छ ।

### ३.१०.३ समस्या तथा चुनौतिहरु

माथि उल्लेखित सन्दर्भ र विश्लेषणको आधारमा अनौपचारिक शिक्षाका समस्या एवं चुनौतिहरु निम्न अनुसार पहिचान गरिएको छः

१. साक्षर गाउँपालिका घोषणा भएको भएता पनि निरक्षरहरुको सङ्ख्या रहनु ।

२. सामुदायिक सिकाइ केन्द्र यसको स्थापनाको मर्म र भावना अनुसार प्रभावकारी ढङ्गले सञ्चालनमा नआउनु ।

३. सामुदायिक सिकाइ केन्द्रको सञ्चालनका लागि न्युनतम बजेटको व्यवस्था हुनु ।

४. सिकाइ केन्द्रका परिचालक र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि हुन नसक्नु ।

५. नव साक्षरहरुलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवम् आयआर्जनका कार्यक्रममा लगाउन नसक्नु ।

६. सिकाइ केन्द्रहरुले अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा अगुवाई गर्न नसक्नु ।

७. अनौपचारिक शिक्षाका बीचमा सहसम्बन्ध कायम गर्न नसकिनु ।

८. युवा तथा प्रौढहरुमा कार्यमुलक साक्षरता पढ्ने बानीको कमि र डिजिटल साक्षरताको कमि अनौपचारिक शिक्षा खुला तथा वैकल्पिक सिकाइको अवसरलाई सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु ।

९. साक्षरता, निरन्तर सिकाइ, आयमुलक सीप, समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ तथा सक्षमताको व्यवस्था हुन नसक्नु ।

### ३.१०.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्न लखित उद्देश्यहरु राखेको छ ।

१. सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।

२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने ।

३. आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै विशेषत: समाजमा पछाडि परेका वर्गलाई मुलधारमा ल्याउने।

४. सामुदायिक सिकाइ केन्द्रलाई प्रविधि मैत्री बनाई पहुच अभिवृद्दि गर्ने ।

### ३.१०.५ रणनीतिहरु

योजनाका उद्देश्य हासिल गर्नका लागि निम्न लिखित रणनीतिहरु अवलम्बन गरिनेछ।

१. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढिकरण गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

२. गाउँपालिकाभित्र पुन: घरधुरी सर्वेक्षण गरी साक्षर निरीक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिनेछ।

३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

४. नवसाक्षर प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यवसायीक बनाउन सहयोग गरिनेछ।

५. . सामुदायिक सिकाइ केन्द्रलाई प्रविधि मैत्री बनाई पहुच अभिवृद्दि गरीने छ ।

### ३.१०.६ उपलव्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### क) उपलव्धी

सबै नागरिकहरुलाई साक्षरता निरन्तरता शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

### ख) नतिजा

१. साक्षर निरक्षर लगायत अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइसँग सम्बन्धित तथ्याङ्क सङ्कलन भै अद्यावधिक हुने।

२. सामुदायिक सिकाइ केन्द्र सुद्धढीकरण भै साक्षरता, निरन्तर शिक्षा, आयआर्जन कार्यक्रम सञ्चालन हुने।

३. निरक्षर साक्षर हुने र साक्षरले निरन्तर जीवनोपयोगी सिप प्राप्त गर्ने।

४. महिला तथा प्रौढहरु आयआर्जन गरी जीवन निर्वाह र स्वावलम्बी आत्मनिर्भर हुने।

### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | लक्ष्य १० वर्षको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि तालिम र अनुदान | केन्द्र | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | प्रत्येक बर्ष सबैलाई |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | घरधुरी सर्वेक्षण साक्षर निरक्षरको तथ्याङ्क संकलन | पटक | | १ | | १ | | २ | ४ | |
| ३ | महिला तथा प्रौढहरुलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | प्रौढहरुलाई सीप विकास तालिम र आयआर्जनका कार्यक्रम प्रदान | जना | १० | १५ | १५ | २० | २५ | ८५ | १७० | |

## ३.११ गुणस्तरीय शिक्षा

### ३.११.१ परिचय

गुणस्तरीय शिक्षा भन्नाले काम लाग्ने र जीवनोपयोगी शिक्षा भन्ने बुझिन्छ। शिक्षाले व्यक्ति समाज र राष्ट्रको अपेक्षा पूरा गर्नु पर्दछ। शिक्षा किताबसँग मात्र सिमित छैन। यो तोकिएको पाठ्यक्रम भन्दा व्यापक र बृहत छ।

विद्यार्थीहरुलाई पाठ्यक्रममा मात्र लगाम लागाउनुको साटो उनीहरुको व्यवहार,सोचाइ, स्वभाव र सिर्जनात्मकतामा सकारात्मक परिवर्तन ल्याई जीवनोपयोगी नैतिक र व्यवसायिक शिक्षा दिनु नै गुणस्तरीय शिक्षा हो भन्न सकिन्छ । युनिसेफले( UNICEF) विद्यार्थीहरुको वाह्य अनुभव, सिकाई गर्ने वातावरण,शैक्षिक विषयवस्तु,सिकाई प्रक्रिया र शैक्षिक परिणाम,जस्ता पाँचवटा तत्त्वहरुको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरेको छ l

शिक्षामा गुणस्तरको मापदण्ड भनेको परीक्षामा उच्च अंङ्क ल्याउनु मात्र कदापि होइन । परीक्षामा उच्च अंङ्क ल्याउनुको अर्थ हो उसको स्मरण शक्ति, लेख्ने शैली, लेख्ने गतिको स्तर को मापन मात्र हो। तर गुणस्तरीय शिक्षाको मापन समाजका सदस्यहरुको मानवता, समाजको हितमा हुने उसको व्यवहार र आफ्नो जन्म थलो र समाजका लागि उसले पुऱ्याउने योगदानले गर्दछ। गुणस्तरीय शिक्षाले सक्षम र सचेत नागरिक उत्पादन गर्छ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षाको व्यवस्थापन र नियमन गर्ने सम्पूर्ण रुपमा स्थानीय तहलाई सुम्पिएको छ । संविधान अनुसार शिक्षा सम्बन्धी मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा सहज पहुँचको सुनिश्चितता गरेको छ। आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्कका साथै अपाङ्गता भएका र आर्थिक रुपमा बिपन्न नागरिकलाई उच्च शिक्षासम्म नि:शुल्क पढ्न पाउने हकको व्यवस्था गरेको छ । त्यस्तै दृष्टिविहिन तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि :शुल्क शिक्षा पाउने मात्र नभएर मातृ भाषामा शिक्षा आर्जन गर्ने व्यवस्थासमेत संविधानमा उल्लेख

छ । सरकारी लगानी र संयन्त्रबाट सञ्चालित सामुदायिक विद्यालयहरु सार्वजनिक विद्यालय हुन् । गुणस्तरीय सार्वजनिक शिक्षा प्राप्तिको लागि गुणस्तरीय आधारभूत तत्वहरु आवश्यक हुन्छन जुन यस प्रकार रहेका छन्।

१.गुणस्तरीय नेतृत्व

२.गुणस्तरीय शिक्षक

३.गुणस्तरीय सिकारु

४.गुणस्तरीय सिकाई

५. गुणस्तरीय विषयवस्तु

६.गुणस्तरीय पूर्वाधार

७. गुणस्तरीय व्यवस्थापन

८. गुणस्तरीय लगानी

९. गुणस्तरीय नीति

यसका साथै दुरदर्शी शैक्षिक नेतृत्व, चुस्त व्यवस्थापन,समर्पित शिक्षक, अनुशासित विद्यार्थी,सचेत अभिभावक,समसामयिक शिक्षा नीति तथा पाठ्यक्रममा मात्र लगानीअनुसार उन्नत शैक्षिक् प्रतिफलको अपेक्षा गर्न सकिन्छ । सामुदायिक विद्यालय सबल बनाउदै गुणस्तरीय शिक्षा आर्जन गर्ने उत्कृष्ट शिक्षण संस्थाका रुपमा विकास गर्न पारदर्शिता,सहभागितामूलक निर्णय प्रक्रिया,जवाफदेहिता, विद्यार्थी उपलब्धि स्तरका आधारमा निष्पक्ष पुरस्कार र दण्डको व्यवस्था आदिलाई सर्तका रुपमा लिन सकिन्छ ।

**३.११.२ वर्तमान अवस्था**

नेपालको वर्तमान सार्वजनिक शिक्षा गुणस्तरीय हुनु आवश्यक छ भन्ने कुरा सबैको चासोको विषय बनेको छ। शैक्षिक गुणस्तर मापन केन्द्रले प्रकाशन गरेको सन् २०१८ को रिपोर्टमा विद्यार्थीको अन्तर्निहित क्षमता ०.४४९२ रहेको छ । सन् २०१५ को तुलनामा यो सुधार भएको देखिन्छ । गत दुई वर्षको सिकाई उपलब्धि कोभिडको कारण केही लचिलो बनेको छ ।

ढकारी गाँउपालिकाको वि.सं. २०८० को नतिजा विवरण निम्नानुसार रहेको छ ।

| कक्षा ↓ विषय → | नेपाली | अंग्रेजी | गणित | सामाजिक वा सेरोफेरो | विज्ञान | औषत |
|---|---|---|---|---|---|---|
| कक्षा ३ | ७६ | ६५ | ७४ | ७१ | | |
| कक्षा ५ | ६८ | ५७ | ४८ | ६२ | ६१ | ५९.२ |
| कक्षा ८ | ७० | ५८ | ५० | ६५ | ६२ | ६१ |

ढकारी गाँउपालिका भित्र सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि तथा सबलीकरणका चुनौती तथा समस्या निम्नानुसार छन् :

१. सामुदायिक विद्यालयमा पढ्ने बालबालिकाको सचेत र शिक्षित अभिभावकको कमि हुनु,आवश्यक शैक्षिक सामग्रीको कमि, विद्यालयमा नियमितताको कमि,पोषणको कमि जस्ता कारणले सामुदायिक विद्यालयका विद्यार्थीको शैक्षिक उपलब्धी कम छ।
२. बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा नहुनु र तालिम प्राप्त शिक्षकको कमि हुनु।
३. बालबालिकाले सम्बन्धित तह र कक्षामा प्राप्त गर्नु पर्ने सिकाई उपलब्धिको सुनिश्चितता हुन नसक्नु।
४. पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार, शैक्षिक सामग्री, तालिम प्राप्त शिक्षकको कमि ,परम्परागत शिक्षण पद्धति को प्रयोग।
५. तहगत र विषयगत तालिम प्राप्त शिक्षकको कमि हुनु।
६. परीक्षालाई मात्र मूल्यांङ्कनको प्रमुख साधन बनाईनु, शिक्षण सिकाई र मूल्यांकनमा विविधता ल्याउन नसक्नु।
७. पाठ्यपुस्तकलाई मात्र शिक्षणको प्रमुख साधन बनाई पाठ्यक्रम, शिक्षक निर्देशिका ,अन्य सन्दर्भ सामग्रीलाई बेवास्ता गर्नु।
८. शिक्षण सिकाईमा सुचना प्रविधिको प्रयोग न्युन हुनु।
९. विभिन्न कारणले विद्यालय बन्द भईराख्नु , फितलो प्रशासनिक व्यवस्थापन , पुरस्कार र दण्डको अभाव।
**१०.**सम्बन्धित निकायबाट नियमित र पारदर्शी अनुगमन ,सुपरिवेक्षण आवश्यक सुझाव, सल्लाह र सहयोगको कमि हुनु।

## ३.११.३ .उद्देश्य

गुणस्तरीय सार्वजनिक शिक्षाका सन्दर्भमा ढकारी गाँउपालिकाका शिक्षाका उद्देश्य निम्नानुसार रहेका छन्:

१. गुणस्तरीय सार्वजनिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नु ,
२. गुणस्तरीय भौतिक पूर्वाधार, शैक्षिक सामग्री,तालिम प्राप्त सक्षम र योग्य शिक्षकको उपलब्धता, सुनिश्चितता गर्नु,
३. बालमैत्री ,लैंगिकमैत्री र अपाङ्गमैत्री विद्यालय वाताबरण तयार गर्नु,
४. विद्यालय प्रशासन र व्यवस्थापन सुधार गरि जवाफदेही बनाउनु,
५. शिक्षण सिकाईमा सूचना र प्रविधिको प्रयोगको सुनिश्चितता गर्नु,
६. शिक्षण सिकाई क्रियाकलापलाई दैनिक जीवनसँग जोड्दै जीवनोपयोगी बनाउनु,
७. पौष्टिक तत्वयुक्त खाजा, स्वच्छ पिउनेपानी र सुरक्षित् विद्यालय वाताबरण तयार गर्नु।

## ३.११.४ रणनीतिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छ :

१. गुणस्तरीय अनिवार्य र नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा प्राप्तिको सुनुश्चितता गरिने छ।
२. विद्यालयमा सूचना प्रविधिको विस्तार गरि शिक्षण सिकाई मा सहयोग गरिने छ।
३. सबै प्रकारका शिक्षकहरुलाई आवश्यक पेसागत क्षमता विकास, पुनर्ताजगी र सूचना प्रविधि सम्बन्धि तालिम प्रदान गरिने छ।
४. सिकाई उपलब्धि वृद्धि गर्न अतिरिक्त कक्षाको व्यवस्था गरिने छ।
५. शिक्षण सिकाईमा र मुल्याङ्कन पद्धतिमा विविधता ल्याई निरन्तर मूल्यांङ्कनलाई विद्यार्थी मूल्यांकनको अभिन्न अंगको रुपमा विकास गरिने छ।
६. गर्दै सिक्ने (Doing byLearning) को मान्यतालाई प्रयोगमा ल्याईने छ।

७. सुविधासपन्न बालमैत्री भवन,कक्षाकोठा, शौचालय,खेलमैदान,खाजाघरको व्यवस्थापनगरिनुका साथै हरित विद्यालय व्यवस्थापनको अवधारणालाई कार्यन्वयन गरिने छ।

८. आधारभूत र माध्यमिक तहमा दक्ष विषयगत शिक्षकको उपलब्धता सुनिश्चितता गरिने छ।

९. गुणस्तरीयताका नौ वटै तत्वको कार्यान्वयनको वातावरण तयार गरिने छ।

१०.सिकाईलाई नतिजामुखी,व्यावहारिक र जीवनोपयोगी बनाउन स्थानीय ज्ञान, सिप र प्रविधिलाई उपयोग गरिने छ।

११.बालबालिकाको चौतर्फी विकास गर्न विभिन्न अतिरिक्त क्रियाकलाप (खेलकुद , गायन ,नृत्य ,लेखन अभिनय , वाचन आदि ) गाँउपालिका भित्र र विद्यालय भित्र संचालन गरिने छ।

१२.शैक्षिक प्रशासनिक र व्यवस्थापकीय कार्यलाई चुस्त दुरुस्त र जवाफदेही बनाइने छ।

### ३.११.५ उपलब्धी,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### क) उपलब्धी

उच्च शैक्षिक उपलब्धी सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चितता हुने।

#### ख) प्रमुख नतिजाहरु

१. विद्यार्थीहरुको सिकाई प्रभावकारी,समय सान्दर्भिक र गुणस्तरीय हुने।

२. विद्यालय वातावरण बालमैत्री,समाबेशी सुरक्षित हुनुका साथै विद्यालय प्रशासन व्यवस्थापन चुस्त दुरुस्त र जवाफदेही हुने।

३. सबै तह र कक्षाका सिकाई उपलब्धि उच्च हुने।

४. विद्यालयहरुमा सुचना प्रविधिको विस्तार भई प्रविधि मैत्री शैक्षिक व्यवस्थापन भएको हुने छ।

५. अतिरिक्त तथा सह क्रियाकलाप मार्फत बालबालिकाको चौतर्फी बिकासमा सहयोग पुगेको हुने।

६. सार्वजनिक शिक्षा सम्बद्ध सम्पूर्ण सरोकारवाला पक्षको क्षमता अभिवृद्धि भएको हुने छ।

#### ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिकामा गुणस्तरीय सार्वजनिक शिक्षाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ बर्ष ) | | | | | | १० बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | पूर्वाधार विकास (भवन र कक्षा कोठा) | कोटा | ३ | ४ | ५ | ६ | ७ | २५ | ५० | |
| २. | खानेपानी , शौचालय, विज्ञान प्रयोगशाला ,पुस्तकालय र मर्मत सम्भार | कोटा | ५ | ६ | ७ | ८ | ९ | ३५ | ७० | |
| ३. | शिक्षणमा सूचना तथा प्रविधिको प्रयोग | विद्यालय | ७ | ८ | ८ | १० | १० | ४३ | ४३ | |
| ४. | शैक्षिक सामग्री व्यवस्थापन | विद्यालय | ७ | ८ | ८ | १० | १० | ४३ | ४३ | |
| ५. | कक्षागत र तहगत उपलब्धी | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मुल्यांङ्कनबारे छलफल | | | | | | | | | |
| ६. | शैक्षिक सामग्रीको निर्माण र वितरण | विद्यालय संख्या | ७ | ८ | ८ | १० | १० | ४३ | ४३ | |
| ७. | व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकहरुलाई नियमित अभिमुखीकरण | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | प्रत्येक वर्ष सबैलाई |
| ८. | दिवा खाजा व्यवस्थापन र अनुगमन | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | प्रत्येक वर्ष सबैलाई |
| ९. | विद्यालय अनुगमन र सुपरिवेक्षण, शिक्षक सहायता | पटक | २ | २ | २ | २ | २ | १० | २० | नियमित |
| १०. | अतिरिक्त कक्षा संचालन र व्यवस्थापन | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| ११. | गाँउपालिकाभित्रका विद्यालयहरुको गुणस्तर परीक्षण | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| १२. | विभिन्न खेलकुद आयोजना | पालिकास्तर | १ | १ | १ | १ | १ | ५ | ६ | |
| १३. | संकटपूर्ण अवस्थामा वैकल्पिक शिक्षण को व्यवस्थापन | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| १४ | पुस्तकालय/बुक कर्नर | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |

## ३.१२ आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच / समावेशी शिक्षा

### ३.१२.१ परिचय

विभेद र वञ्चितीकरणमा परेको वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता प्राय कमै सम्भव हुन्छ । पहुँच र सहभागिताका लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । यो आफैमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । ढकारी गाँउपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राह्मण, क्षेत्रि, दलित, जनजाति र अन्य फरक क्षमता भएका बालबालिकाहरुको बसोवास रहेको छ ।

विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरि गुणस्तरीय शिक्षामा पहुँच र सहभागिताको सुनिश्चितता प्रदान गर्नुनै समाबेशी शिक्षाको सुन्दर पक्ष हो । विविधता युक्त बालबालिकाहरुलाई उनीहरुको आवश्यकता र अवस्था अनुसारको शिक्षा प्रदान गर्नु सरोकारवाला निकायको जिम्मेवारी हुन आउछ । यसै मान्यता लाई आत्मसात गर्दै ढकारी गाउँपालिकाले पनि आफ्नो शिक्षा योजनामा यस पक्षलाई महत्त्वका साथ स्थान

दिई यस परिच्छेदमा समावेशी शिक्षाको वर्तमान अवस्था,समस्या वा चुनौती, उद्देश्य, रणनीतिहरु र प्रमुख उपलब्धिको निक्यौंल गरेको छ ।

### ३.१२.२ वर्तमान अवस्था

ढकारी गाँउपालिकामा सामुदायिक विद्यालयमा अध्ययनरत लैंगिक, जातिगत र फरक क्षमता भएका विद्यार्थीहरुको सहभागिता विवरण निम्नाअनुसार रहेको छः

| कक्षा ↓ | ब्राहमण / क्षेत्री | | जनजाती | | दलित | | फरकक्षमता भएका | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| बाल विकास | ४०१ | ३९३ | ५ | ४ | १९३ | १९७ | | |
| १ | ५३१ | ६०९ | १२ | १४ | ३७४ | ३७९ | ५ | ९ |
| २ | २५४ | ३०४ | ५ | ४ | २०६ | २२४ | ४ | २ |
| ३ | २४३ | ३०० | ४ | ३ | १४० | १६१ | ० | ३ |
| ४ | २०० | २३९ | ४ | १ | १४४ | ११८ | ४ | १ |
| ५ | २२३ | २४२ | ० | ० | १२३ | १०० | १ | १ |
| ६ | २०९ | १८४ | ३ | ४ | ८२ | ६० | ० | २ |
| ७ | १८५ | १८२ | १ | ३ | ८६ | ५८ | १ | १ |
| ८ | २०९ | १७३ | १ | १ | ६१ | ४९ | १ | १ |
| ९ | १७८ | १४२ | ५ | ० | ५० | २१ | १ | ० |
| १० | १२४ | १३४ | २ | २ | ३१ | २० | ० | ४ |
| ११ | १०१ | ११४ | २ | ३ | ७ | ८ | १ | ० |
| १२ | ९१ | ९५ | ३ | १ | १० | ५ | १ | २ |

### ३.१२.३ समस्या तथा चुनौतीहरु

समाजमा पछि परेका वर्ग, समुदाय र जातजातिका बालबालिकाहरुलाई मूल प्रावाहीकरणमा ल्याउन निम्नानुसार समस्या तथा चुनौती पहिचान गरिएको छ:

१. फरक क्षमता भएका बालबालिकाहरुको वास्तविक तथ्यांङ्क सङ्कलन, विश्लेषण र अभिलेखीकरण हुन नसक्नु
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु ,
३. विद्यालयमा लैंगिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातवरण निर्माण हुन नसक्नु ,
४. समाजमा अझै पनि विभेद, दुर्व्यवहार, हेपाई तथा बालमैत्री व्यवहार नहुनु ,
५. समाजमा पछि परेको वर्ग दलित गरिब र अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिने सहायता न्यून हुनु ।

### ३.१२.४ उद्देश्य

१. शिक्षामा समतामूलक पहुँच पुऱ्याउने ,
२. सिकाईमा सबैको अर्थपूर्ण सहभागिता वृद्धि गरि गुणस्तर सुनिश्चित गर्ने ,
३. सबै प्रकारका बालबालिकालाई रमाइलो वातावरणमा सिकाई कार्यमा सहभागी हुने वातावरण तयार गर्ने ,
४. विद्यालय तथा समुदायमा हुने सबै प्रकारका विभेद ,दुर्व्यवहार र हेपाई आदिलाई न्यूनीकरण गर्ने ।

### ३.१२.५ रणनीतिहरु

१. घरधुरी सर्वेक्षण गरी सबै प्रकारका बालबालिकाहरुको विवरण सङ्कलन गरि अद्यावधिक गरिनेछ ।
२ .लैंगिक तथा अपाङ्ग मैत्री भौतिक संरचना निर्माण गरिने छ ।
३ .विशेष प्रकृतिका बालबालिकाहरुको लागि स्रोत कक्षा को व्यवस्था गरिने छ ।
४ .विभेद रहित विद्यालय वातावरण तयार गर्न शिक्षक, विद्यार्थी लगायत सरोकारवालाहरुलाई अभिमुखीकरण गरिने छ ।
५ .समावेशी र समतामुलक पहुँचको लागि यथोचित छात्रवृति रकम उपलब्ध गरिने छ ।
६ . विद्यालयमा हुने सबै गतिविधिमा बालबालिकाहरुको समावेशी सहभागिता को सुनिश्चिता गरिने छ ।
७ . विद्यालयहरुमा विशेष छात्राहरुलाई हुने विभेद कम गर्न गुनासो सुन्नका लागि Gender focal person को व्यवस्था गरिने छ ।

### ३.१२.६ उपलब्धी नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धी**

समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर, अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरुको विद्यालयमा समतामूलक पहुँच भएको हुने।

**ख) नतिजाहरु**

१. विशेष परिस्थिति र फरक क्षमता भएका बालबालिकाहरुको अभिलेख गाउँपालिकामा हुने,
२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहितको सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चिता हुने ,
३. लक्षित समुहले तोकिए बमोजिमको छात्रवृति प्राप्त गरेको हुने ,
४. विद्यालय तथा समुदायमा सबै प्रकारका विभेद अन्त भएको हुने ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ बर्ष ) | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ . | शिक्षाको मूल प्रवाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरुको तथ्यांक संकलन र विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | अपाङ्ग मैत्री संरचना निर्माण | विद्यालय | १ | १ | १ | २ | २ | ७ | ९ | |
| ३. | लक्षित् वर्गको लागि छात्रवृति वितरण | संख्या | १० | १५ | १५ | २० | २० | ६० | १५० | |
| ४. | सबै प्रकारका विभेद अन्त का लागि सचेतनामुलक कार्यक्रम संचालन | संख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ५. | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारी को व्यवस्था | विद्या लय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | सबै विद्यालय |

## ३.१३ शिक्षामा सुचना र प्रविधि

### ३.१३.१ परिचय

आजको युग सूचना र प्रविधि को युग हो । सूचना को सङ्कलन,सम्प्रेषण एवम संचार गर्ने पत्रपत्रिका, कम्प्युटर,हार्डवेयर, सफ्टवेयर,नेटवर्क,इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रुपलाई नै सूचना तथा संचार प्रविधि भनिन्छ। बैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिले मानव जीवनमा धेरै ठुला परिवर्तन ल्याउन सफल भएका छन्। मानिसको दैनिकी लगायत विविध क्षेत्रमा विशेषत: शिक्षा क्षेत्र मा सूचना प्रविधि को प्रयोगले अकल्पनीय बदलाव ल्याई दिएको छ । परम्परागत मुल्य मान्यता मा बदलाव आई नवीनतम मूल्य मान्यताहरु स्थापित हुँदै आएका छन्, जुन आज को युगको यथार्थ हो ।

आजको युगमा अन्य क्षेत्र जस्तै शिक्षा क्षेत्र पनि सूचना प्रविधिको प्रभावबाट अछुतो रहन सक्दैन । यदी रह्यो भनेपनि त्यो अपुरो र अपूर्ण हुन जान्छ। शिक्षा क्षेत्रमा शिक्षण सिकाई लगायत शैक्षिक प्रशासन तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग अपरिहार्य जस्तै भई सकेको छ । जुन देशले शिक्षा तथा शैक्षणिक क्षेत्रमा सूचना तथा प्रविधिको प्रयोग गरे ति देशहरुको शिक्षा क्षेत्रमा ठुलो फड्को मारिसकेका छन् भने अन्य देश पछाडि परेका छन् । यस कारण नेपालले पनि सूचना प्रविधिको पहुँच बढाउदै सूचना प्रविधिको पहुँच हुने र नहुने बीच को खाडल कम गर्ने प्रयास गरेको छ । तथापी यस क्षेत्रमा आशातित प्रगति तथा प्रतिफल प्राप्त हुन सकेको छैन ।

### ३.१३.२ वर्तमान अवस्था

सर्वप्रथम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यकता औंल्याएको पाइन्छ । त्यस्तै सूचना प्रविधि नीति २०७२ मा शिक्षामा सूचना तथा संचार प्रविधि सम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने उल्लेख गरेको छ । शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाई प्रक्रियालाई सूचना मैत्री बनाउने नीति लिएको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालयमा सूचना तथा संचार प्रविधि शिक्षा प्रदान गर्ने कुरा उल्लेख गरेको छ । हालको कोभिड -१९ को विषम परिस्थितिमा सूचना प्रविधिको माग अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७/२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थी को सिकाई सहजीकरण निर्देशिका २०७७ मा पनि सिकाई सहजीकरणको लागि सूचना प्रविधिको प्रयोगलाई नै बढी जोड दिएको छ । सरकाले गत आर्थिक बर्ष सम्म उच्च शिक्षा र माध्यमिक शिक्षा प्रदान

गर्ने शिक्षण संस्थालाई वार्षिक रु १२००० का दरले सूचना प्रविधिको क्षेत्रमा खर्च गर्न अनुदान प्रदान गर्दै आएको थियो भने चालु आर्थिक बर्षको बजेट मार्फत सबै आधारभूत तह सञ्चालित विद्यालयमा पनि इन्टरनेट जडान अनुदान प्रदान गर्ने घोषणा गरेको छ। यसका साथै सबै विद्यालयमा सूचना प्रविधिको पहुँच विस्तार गर्न ICT ल्याब स्थापना र सञ्चालन को लागि पनि वार्षिक अनुदान प्रदान गर्दै आइरहेको छ। यसैगरी विद्यालयमा ई-पुस्तकालयका साथै डिजिटल डिभाइसहरुको पनि प्रयोग लाई जोड दिदै आएको छ।

ढकारी गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारोन्मुख भए पनि सन्तोषजनक रहेको पाइदैन। केहि विद्यालयले केहि राम्रा प्रयास गरेता पनि भौगोलिक विकटताका कारण इन्टरनेट को पहुँच न्यून रहेको छ भने इन्टरनेट भएको ठाउमा पनि गुणस्तरीय सेवा प्रवाह हुन सकेको छैन कतिपय ठाँउमा त रेडियो फोन समेतले काम गर्ने अवस्था का कारण सूचना प्रविधिको यथोचित प्रयोग हुन सकेको छैन। तथापी यस पालिकाका प्राय माध्यमिक विद्यालय मा आइ. सी. टि. ल्याब र इन्टरनेट जडान भैसकेको छ भने आधारभूत तहका विद्यालयमा पनि यो कार्यले प्राथमिकता पाइरहेको छ l

ढकारी गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको क्षेत्रमा निम्नानुसार समस्या तथा चुनौतीहरु रहेका छन :

१ दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु ,
२ सूचना प्रविधि मैत्री कक्षा कोठाको व्यवस्थापन हुन नसक्नु,
३ बिभिन्न डिजिटल सामग्रीको उत्पादन र प्रयोगको अवस्था कमजोर हुनु,
४ सूचना प्रविधिको प्रयोग गर्न तालिम प्राप्त शिक्षकको अभाव हुनु,
५ समय-समयमा सूचना प्रविधि सम्बन्धि तालिमको आयोजना हुन नसक्नु ,
६ यस क्षेत्रलाई प्राथमिकता दिई प्रयाप्त लगानी हुन नसक्नु ,
७ भौगोलिक विकटताका कारण सेवा बिस्तार हुन कठिनाई हुनु l

### ३.१३.३ उद्देश्य

१. विद्यार्थीहरुको सिकाईलाई प्रभावकारी, समय सान्दर्भिक गुणस्तरीय बनाउन सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा विस्तार गर्ने ,
२. सूचना तथा संचार प्रविधिको पहुँच विस्तार गरि शिक्षक तथा विद्यार्थीहरुलाई प्रविधि मैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ,
३. शिक्षा सेवालाई छिटो छरितो तथा सहज र रमाइलो बनाउने ,
४. शैक्षिक व्यवस्थापन प्रभावकारी ,उपलब्धिमुलक र पारदर्शी बनाउने।

### ३.१३.४ रणनीतिहरु

१. सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्था गरिने छ,
२. शिक्षकको क्षमता अभिवृद्धि गर्न एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यन्वयन गरिने छ ,
३. शिक्षकहरुलाई सूचना प्रबिधिका क्षेत्रमा सक्षम बनाउन तालिम तथा डिजिटल सामग्रीको उत्पादन र प्रयोगमा जोड दिइनेछ ,
४. कक्षाकोठालाई प्रविधि तथा सूचना मैत्री बनाइनेछ,
५. IEMISलाई थप व्यवस्थित गरिने छ,

६. विद्यार्थीहरुलाई आवश्यक पर्ने डिजिटल सामग्री उपलब्ध गरिने छ,

७. इन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय गरी सूचना संचार प्रविधिको पहुँच सहज र सरल बनाइने छ।

## ३.१३.५ उपलब्धी,नतिजा क्रियाकलाप तथा लक्ष्य

### क) उपलब्धी

शिक्षक तथा विद्यार्थीहरुको लागि सूचना तथा संचार प्रविधिको सहज पहुँच सहित गुणस्तरीय शिक्षण सिकाइमा अधिकतम प्रयोग भएको हुने।

### ख) नतिजा

१. सबै विद्यालयमा सूचना प्रविधिको उचित व्यवस्थापन भई शिक्षण सिकाई सहज सरल तथा उपलब्धिमा वृद्धि भएको हुने,

२. सबै विद्यार्थीहरुमा आधारभूत सूचना तथा संचार प्रबिधिको सुविधामा पहुँच हुने,

३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने अनुगमन,मुल्यांकन,सुपरिवेक्षण लगायत सूचना सम्प्रेषणमा सुधार आउनुका साथै समय र शक्तिको बचत हुने छ,

४. शिक्षकहरुमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता बिकास भएको हुने छ,

५. विद्यार्थीहरुको सिकाई प्रभावकारी,समय सान्दर्भिक र गुणस्तरीय भएको हुने,

६. विद्यालय तथा कक्षाकोठा सूचना प्रविधि मैत्री हुने,

७. सिकाई सहजीकरणका लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने।

### ग )प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (पहिलो ५ बर्ष ) | | | | | | १० बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालयमा आइ. सी. टि. संरचना विस्तार | विद्यालय | २ | २ | ३ | ४ | ५ | १६ | ३२ | |
| २. | विद्यालयमा इन्टरनेट जडान | विद्यालय | ४ | ५ | ६ | ६ | १० | ३० | ४३ | |
| ३. | शिक्षक तथा कर्मचारीहरुलाई आई सी टी तालिम | संख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | २६७ | |
| ४. | डिजिटल शिक्षक सामग्री निर्माण र वितरण | विद्यालय | ७ | ८ | ९ | ९ | १० | ४३ | ४३ | |
| ५. | IEMIS थप व्यवस्थित गर्ने | विद्यालय | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | |
| ६. | शिक्षक कर्मचारीलाई ल्यापटप वितरण | संख्या | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७. | ई-लाईब्रेरीको विस्तार | संख्या | २ | ३ | ३ | ४ | ४ | १५ | ४३ | |
| ८ . | प्रविधि मैत्री कक्षाकोठाको व्यवस्थापन | विद्यालय | २ | ३ | ३ | ४ | ४ | १५ | ४३ | |
| ९. | विद्यालय सुशासन र | विद्यालय | ७ | ८ | ९ | ९ | १० | ४३ | ४३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनमा आई सी टि को प्रयोग | | | | | | | | | |
| | | | | | | | | | | |

## परिच्छेद –४

## संस्थागत संरचना र क्षमता विकास (प्रदेश र संघीय तहसँगको अन्तरसम्बन्ध)

### ४.१ परिचय

देशको वर्तमान शासकीय स्वरुप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरुपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व,

शिक्षामा भएको संख्यात्मक विस्तार, ज्ञान विज्ञान प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरुलाई समेत विचार गरेर सस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाईका अवसरहरुको विस्तार र समता तथा समावेशितासहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उदेश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरु कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरु पहिचान गरिएको छ। पहिचान गरेका चुनौतिहरुको सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रकियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ।

## ४.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। राष्टको शिक्षासम्बन्धि समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण संघीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्ड र  शिक्षक सेवा आयोग क्रियाशील छन्। विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ। विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन हुन नसकेका गुनासाहरु मात्र होइन यथार्थ पनि हाम्रो सामु छ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ शैक्षिक तालिम केन्द्रहरु मध्ये सातवटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रुपमा क्रियाशील रहेका छन्।अन्य तालिम केन्द्रहरु खारेज भएका छन्। त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशानलय प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन्। साविकका जिल्ला शिक्षा कार्यालयहरु शिक्षा विकास तथा समन्वय इकाइमा रुपान्तरण भएका छन्। लोक सेवा आयोगले कम्तिमा एउटा स्थानीय तहका लागि एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका साथ करिब ७०० शिक्षा सेवाका कर्मचारीहरुको सिफारिस गरेको छ। तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४ (घ)१ को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन। संघीय स्वरुप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन। एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ। त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो।

जिल्ला समन्वय इकाइ र प्रदेश शिक्षा निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था छ। साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ। तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ। कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने कक्षा १२ को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन। विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्धारा सञ्चालन भएका विद्यालय लगायत नीजि प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरुलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन। शिक्षकहरुलाई स्थायी पदका सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरु सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ। विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरुमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ। सरकारका विभिन्न तहबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु पर्ने छ। समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ ओटा कार्य के कसरी गर्ने, विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा, बढुवा, कार्यसम्पादन मूल्याङ्कन, शिक्षक तालिम, दरबन्दी सिर्जना आदि जस्ता कुराहरु अन्यौल नै छ। यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ।

## ४.३ उदेश्यहरु

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ। यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उदेश्यहरु निम्न अनुसार छन्:

१ नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय, सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने र संस्थागत व्यवस्था गर्ने।

२ विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धीका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्ने।

३ कार्य सम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी सुशासन अभिवृद्धि गर्ने।

४ विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्ने।

## ४.४ रणनीतिहरु

१ स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ।

२ संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाव सिर्जना गरिने छ।

३ स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयन गरिने छ।

४ प्रदेश र स्थानीय सरकारको उत्तरदायित्व लगायतका पक्षहरुमा स्पष्टता कायम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ।

५ संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषदको संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ।

६ पालिकाभित्रका सम्पूर्ण शैक्षिक गतिविधिको रेखदेख सञ्चालन व्यवस्थापन गर्न गाउँ शिक्षा समिति गठन गरी क्रियाशील गरिने छ।

७ हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहबीच कार्यविवरण स्पष्ट गरिने छ।

८ स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ।

९ औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाईको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।

१० प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

## ४.५ उपलब्धी,नतिजा र प्रमुख क्रियाकलाप

### क) उपलब्धी

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाईप्रति उत्तरदायी प्रणालीमा विकास हुने।

### ख) प्रमुख नतिजाहरु

१ तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुने।

२ तीनै तहका सरकार विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुने।

३ शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमतामा सुधार हुने।

४ शिक्षा सेवा प्रवाह सहभागितामुलक, कार्यसम्पादन प्रति उत्तरदायी, विद्यार्थीको सिकाईप्रति जवाफदेही, समतामुलक तथा समावेशी कार्यसम्पादन, उदेश्यमुलक प्रभावकारी तथा कुशल हुने।

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय तहको शिक्षा ऐन तथा नियमावली निर्माण | संख्या | | १ | | | | १ | २ | पालिकास्तर |
| २ | गाउँ शिक्षा समितिको गठन | समिति | | | | १ | | १ | २ | पालिकास्तर |
| ३ | प्रधानाध्यापकहरुलाई कार्यसम्पादन करार गरिने | प्र.अ. | ४४ | ४४ | ४४ | ४३ | ४३ | ४३ | ४३ | हरेक वर्ष सबै प्रअसँग |
| ४ | शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाईप्रति उत्तरदायी बनाउने पद्धतिको विकास गरी कार्यान्वयन गर्ने | पद्धति | | १ | | | | १ | २ | पालिकास्तर |
| ५ | शिक्षक सहायता स्थापना | संयन्त्र | १ | | | | | १ | २ | पालिकास्तर |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि विभिन्न तहमा संयन्त्र निर्माण | संयन्त्र | | ४ | | | | | | वडा र पालिकास्तर |
| ७ | विद्यालय स्वास्थ्य तथा पोषण सरसफाई तथा स्वच्छता, विपत् तथा महामारी सम्बन्धी सेवा तथा समन्वय सम्बन्धी विकास | विद्यालय | ४५ | | | | | | | विद्यालय र स्थानीय तह |
| ८ | शिक्षा सम्बन्धी जनशक्तिको क्षमता विकास | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |

# परिच्छेद –५

# लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ। शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरु विकासको दृष्टिकोणले उच्च अवस्थातर्फ लागेको पाइन्छ। राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरुदण्डको रुपमा राख्दा देश विकासको गति तीव्र रुपमा हुन जान्छ। आजका बालबालिकाहरु भोलिका देश निर्माताहरु हुन् उनीहरुलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन जान्छ। बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ।

नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्त्वपुर्ण आधारको रुपमा लिइएको पाइनेछ । नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य एवं माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था गरेको छ। संविधानमा व्यवस्था गरिएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ।सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो। संविधानले व्यवस्था गरेअनुसार माध्यमिक तहसम्मको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो। शिक्षा साझा विषय भएकोले वित्तीय व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ। स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ। वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्था समेत गर्न सकिन्छ।

ढकारी गाउँपालिकाले पनि माथि उल्लेख भएका बजेटहरु परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्ने गरेको पाइन्छ। शिक्षामा आवश्यक पर्ने केन्द्रीय, प्रादेशिक र स्थानीय बजेटहरु परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धिहरु हासिल गर्न प्रयास गरेको देखिन्छ। शिक्षकहरुको तलब भत्ताको व्यवस्था संघीय सरकारले व्यहोर्ने व्यवस्था छ। निजी क्षेत्रले समेत शैक्षिक क्षेत्रमा विद्यालयहरु स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिएको पाइन्छ।

## ५.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रमा पर्याप्त बजेट सहित कार्यक्रमहरु कार्यान्यिवन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहको छ । आ.व. २०७३/७४ पछाडि कुल बजेटको ९-११ प्रतिशतको हाराहारीमा संघीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरेको पाइन्छ। वैदेशिक सहायता मुख्य आधार रहेको छ। नेपालको सन्दर्भमा नेपाल सरकारले प्रति विद्यार्थीऔषतमा रु १३४०६ लगानी गरेको पाइन्छ। ढकारी गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गरेको पाइन्छ। वित्तिय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र स्थानीय तहले आवश्यकता अनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ। नपुग शिक्षकहरु थप गर्ने, आइसिटीका लागि बजेट व्यवस्थापन, शिक्षकहरुलाई तालिम र प्रोत्साहन, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको छ। ढकारी गाउँपालिकामा आ.व. २०८०/०८१ मा सशर्त अनुदान रु १३१७००००, समानीकरण अनुदान रु ५५९०००००० गरी कूल रु १८७६०००००प्राप्त भएको छ।

संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहले शिक्षा क्षेत्रमा गरेको प्रयासको बाबजुद विभिन्न समस्या र चुनौतिहरु कायमै रहेको पाइन्छ। पर्याप्त शिक्षक दरबन्दीमा लगानी नहुनु, शिक्षा क्षेत्रको बजेटको आकार सानो हुनु, स्थानीय तहले आवश्यकता अनुसार बजेट व्यवस्थापन गर्न कठिनाई पर्नु, शैक्षिक सामग्री र शिक्षण सिकाइ क्रियाकलापमा लगानीको स्रोत नहुनु इत्यादी चुनौतिहरु स्थानीय तहमा कायमै छन्।

## ५.३ उद्देश्यहरु

योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरु निम्न अनुसार छन्।

१ विद्यालयलाई आवश्यक पर्ने वित्तीय स्रोतको प्रक्षेपण गर्ने।

२ गाउँपालिकाभित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरुको कार्यान्वयनका लागि वित्तीय स्रोत परिचालन गर्ने।

३ प्राथमिकता अनुसार बजेट निर्धारण गर्नु।

४ संघीय, प्रादेशिक र स्थानीय तहमा वित्तीय भार स्पष्ट पार्नु।

## ५.४ रणनीतिहरु

योजनाको वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरु निम्न अनुसार हुनेछन्।

१ संघिय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गरिनेछ।

२ वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान विशेष अनुदानलाई पारदर्शी रुपमा परिचालन गरिनेछ।

३ सरकारी अनुदान प्राप्त विद्यालयहरुलाई सहभागी गराई गुणस्तर र जवाफदेही बनाइनेछ।

४ संघ र प्रदेशबाट नपुग भएका शैक्षिक क्षेत्रहरुमा गाउँपालिकाद्धारा वित्तीय व्यवस्थापन गरिनेछ।

५ मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति गरिने छ।

६ वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी पारदर्शी र उत्तरदायी बनाइनेछ।

७ शिक्षण सिकाईको अनुगमन सुपरिवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ।

८ शैक्षिक योजना तथा कार्यक्रमको नियमित,आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ।

९ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागु गरिनेछ।

१० विद्यार्थीको सिकाई उपलब्धी परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ।

योजनामा प्रस्तावित गरिएका विभिन्न शीर्षकहरुका आधारमा आगामी ५ वर्षका कार्यक्रमहरुका लागि बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा संविधानमा व्यवस्था भए अनुसार निःशुल्क र अनिवार्य शिक्षा र माध्यमिक तहको निःशुल्क शिक्षालाई ध्यान दिइएको छ। आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर र कायम हुने गरी वित्तीय अनुमान गरिएको छ। भर्ना वृद्धि दर तथा टिकाउ दर बढाउने र व्यवसायिक सिप हासिल गर्ने उद्देश्यका साथ बजेटको प्राथमिकता तोकिएको छ। गुणस्तरीय शिक्षालाई थप बल पुग्ने गरी विद्यालयको भौतिक अवस्थाको सुधारको अपेक्षा गरिएको छ। शिक्षा प्रणालीमा सूचना र सञ्चार प्रविधिलाई जोड दिइएको छ। स्थानिय पाठ्यक्रम निर्माण र प्रयोग तथा राष्टिय पाठ्यक्रमको कार्यान्वयनमा बल पुग्ने गरी वित्तीय व्यवस्थापनमा प्रयास गरिएको छ। आधारभूत तहमा दिवा खाजा, शिक्षकहरुलाई आइ.सि.टी.को पहुँच, विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था, निःशुल्क पाठ्यपुस्तक वितरण,आवासिय विद्यालयको अवधारणा, स्वास्थ्य, शिक्षा र सरसफाई इत्यादि विषयहरु कार्यक्रममा समेटिएका छन्। आपतकालिन तथा संङ्कटपूर्ण अवस्थामा पठनपाठन सञ्चालनका लागि समेत वित्तीय व्यवस्थापन गरिएको छ। प्राविधिक धारका विद्यालयको सञ्चालन र व्यवस्थापन गर्ने, विद्यालय व्यवस्थापन मजबुद बनाउने, विद्यालयको गुणस्तर सुधार हुने इत्यादि आधारमा समेत बजेट विनियोजन गरिएको छ।

**विद्यालयका क्षेत्रका विभिन्न विषयमा प्रस्तावित बजेट**

| क्र.सं. | प्रमुख क्षेत्रहरु | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ७५५०००० | ११०००००० | १२०००००० | १४०००००० | १५०००००० | ५९५५०००० |
| २ | आधारभूत शिक्षा | ६३०००००० | ६५०००००० | ६८०००००० | ७०००००००० | ७५०००००० | ३४१०००००० |
| ३ | माध्यमिक शिक्षा | १०००००००० | १२०००००० | १५०००००० | १८०००००० | २०००००००० | ७५०००००० |
| ४ | उच्च शिक्षा | ५०००००० | १०००००० | १०००००० | १०००००० | २०००००० | ५५०००००० |
| ५ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ७०५०००० | १०००००००० | १२०००००० | १५०००००० | २०००००००० | ६४०५०००० |
| ६ | पाठ्यक्रम र पाठ्यसामग्री | ५०५०००० | ६०००००० | ७०००००० | ८०००००० | ९०००००० | ३५०५०००० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | १५०००००० | २०००००००० | २३०००००० | २५०००००० | ३०००००००० | ११३०००००० |
| ८ | विद्यालय व्यवस्थापन | १२००००० | १५००००० | १८००००० | २२००००० | २५००००० | ९२००००० |
| ९ | निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा र जिवापर्यन्त सिकाई र शिक्षा | ९०००००० | १२००००० | १५००००० | १८००००० | २०००००० | ७४००००० |
| १० | गुणस्तरीय सार्वजनिक शिक्षा | ५०००००० | ८०००००० | १०००००००० | १५०००००० | २०००००००० | ५८०००००० |
| ११ | समावेशी शिक्षा | ५०००००० | ८०००००० | १०००००० | १२००००० | १५००००० | १२२००००० |
| १२ | शिक्षामा सुचना प्रविधि | २०००००० | २५००००० | ३०००००० | ३५००००० | ४०००००० | १५०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | संस्थागत संरचना र क्षमता विकास | १००००००० | १२०००००० | १५०००००० | १८०००००० | २००००००० | ७५०००००० |
| १४ | अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण | २५०००० | ३००००० | ३५०००० | ४००००० | ५००००० | १८००००० |
| जम्मा | | १२८०००००० | १५८५००००० | १७०६५०००० | १९३१००००० | २२१५००००० | ८७१७५०००० |

माथि उल्लिखित तालिका अनुसार शिक्षा क्षेत्रका १४ ओटा उपक्षेत्रहरुमा प्राथमिकताका आधारमा प्रत्येक वर्षको लागि बजेट अनुमान गरिएको छ। शिक्षामा सबैको पहुँच सहित गुणस्तरीय सार्वजनिक शिक्षा प्रदान गर्नका लागि प्रस्तावित बजेटले मार्गनिर्देश गर्नेछ। योजना कार्यान्वयनको पहिलो वर्षको तुलनामा अरु बर्षको बजेट वृद्धि गर्दै लगिएको छ। प्रस्तुत बजेटको अनुमान संघ, प्रदेश र स्थानीय तहलाई समेत ध्यानमा राखी प्रस्तुत गरिएको छ।

**परिच्छेदः ६**

# मुख्य क्रियाकलाप र उपलब्धी सूचक

## ६.१ परिचय

योजनाले राखेका दीर्घकालीन सोच, उद्देश्य परिपुर्तिका लागि विभिन्न रणनीतिहरु अवलम्बन गरिएको छ। रणनीतिका आधारमा क्रियाकलापहरु तय गरिएको हुन्छ। गन्तब्यमा पुग्नका लागि उपलब्धी तथा सूचकहरु निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरिएको छ।

नतिजा खाकाआवधिक योजनाको उपलब्धी मापन गर्ने सङ्ख्यात्मक साधन हो। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजा प्रति जवाफदेही बनाउन सहयोग गर्दछ।

## ६.२ योजनाको समग्र नतिजा खाका

| **उपलब्धी** | नतिजा सूचक | **सत्यापनका स्रोत तथा तरिका** |
|---|---|---|
| १ सबै बालबालिकाहरुलाई गुणस्तरीय बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।<br>२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने।<br>३ माध्यमिक शिक्षामा सबैको पहुँच भई गुणस्तरमा सुधार हुने।<br>४ उच्च शिक्षा हासिल गर्ने उमेरका सबै युवाहरुलाई गुणस्तरीय शिक्षाको सुनिश्चतता हुने।<br>५ उपलब्ध प्राकृतिक स्रोत र साधनहरुको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यावसायिक र उद्यमी जनशक्ति उत्पादन हुने।<br>६ पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भई दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकरात्मक सोच भएका सिकाईप्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग गर्ने।<br>७ सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाईमा सुधार हुने।<br>८ गाउँपालिकाभित्रका सबै विद्यालयहरु कुशल र उत्तरदायी विद्यालय प्रशासनसहित बलियो व्यवस्थापन पक्ष भएको हुने। | | • वार्षिक परीक्षाको प्रतिवेदन<br>• विद्यार्थी उपलब्धी<br>• अनुगमन प्रतिवेदन<br>• शैक्षिक सूचनाहरु<br>• उपलब्धी परीक्षाको नतिजाहरु |

| | | |
|---|---|---|
| ९ सबै नागरिकहरुलाई साक्षरता निरन्तर शिक्षा र जीवन प्रयन्त सिकाईको अवसर प्राप्त हुने।<br>१० उच्च शैक्षिक उपलब्धी सहित गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चतता हुने।<br>११ समाजमा पछाडि परेका र आर्थिक तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरुको विद्यालयमा समतामूलक पहुँच भएको हुने।<br>१२ शिक्षक तथा विद्यार्थीहरुको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाईमा अधिकतम प्रयोग भएको हुने।<br>१३ शिक्षामा सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाहरुको सिकाईप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |

**प्रमुख कार्यसम्पादन सूचकहरु**

| क्र. सं. | सूचक | लक्ष्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०७७ | २०७८ /२०७९ | २०७९ /२०८० | २०८० /२०८१ | २०८१ /२०८२ | २०८२ /२०८३ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर ( % ) | ७५.५ | ७९ | ८२ | ८५ | ८८ | ९० | ९० | १०० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई नयाँ भर्ना भएका बालवालिका ( % ) | ६० | ६५ | ७० | ७४ | ७८ | ८० | ८० | १०० |
| **२** | **आधारभूत शिक्षा (१-८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा खुद प्रवेश दर | ९५.७ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ | ९८ | १०० |
| २.२ | कक्षा १ मा कूल प्रवेश दर | १२५.२५ | १२३ | १२० | ११८ | ११६ | ११५ | ११५ | १०५ |
| २.३ | कक्षा १-५ मा खुद भर्ना दर | ९६.४ | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | ९९ | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.४ | कक्षा १-५ मा कूल भर्ना दर | १२१.३ | ११९ | ११६ | ११४ | ११२ | ११० | ११० | १०२ |
| २.५ | कक्षा ५ सम्म टिकाउ दर | ९५ | ९५.५ | ९६ | ९६.५ | ९६.८ | ९७ | ९७ | ९९ |
| २.६ | प्राथमिक कक्षा ५ पूरा गर्ने दर | ९४.५ | ९४.९ | ९५.१ | ९५.५ | ९५.८ | ९६ | ९६ | ९८ |
| २.७ | कक्षा १-५ मा कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १.०९ | १ | १ | १ | १ | १ | १ | १ |
| २.८ | कक्षा १-८ मा खुद भर्नादर | ९०.०५ | ९१ | ९२ | ९३.५ | ९५ | ९६ | ९६ | १०० |
| २.९ | कक्षा १-८ मा कूल भर्नादर | ११४ | ११२ | ११० | १०८ | १०७ | १०६ | १०६ | १०२ |
| २.१० | कक्षा ८ सम्मको टिकाउ दर | ८५ | ८८ | ९० | ९३ | ९४ | ९५ | ९५ | १०० |
| २.११ | कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | ८४ | ८७ | ८९ | ९१ | ९३ | ९४ | ९४ | १०० |
| २.१२ | कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | ०.८४ | १ | १ | १ | १ | १ | १ | १ |
| २.१३ | आधारभूत तह महिला शिक्षकको प्रतिशत | २६ | ३० | ३२ | ३५ | ३७ | ४० | ४० | ५० |
| **३** | **माध्यमिक शिक्षा (९-१२)** | | | | | | | | |
| ३.१ | कक्षा ९-१० मा खुद भर्ना दर | ६०.३ | ६५ | ७० | ७५ | ७८ | ८० | ८० | ९० |
| ३.२ | कक्षा ९-१० मा कूल भर्ना दर | ११०.०४ | १०९ | १०८ | १०७ | १०६ | १०५ | १०५ | १०३ |
| ३.३ | कक्षा ९- १२ मा खुद भर्ना दर | ४५.४ | ४७ | ५० | ५२ | ५४ | ५५ | ५५ | ७० |
| ३.४ | कक्षा ९- १२ मा कूल भर्ना दर | ८०.५ | ८१ | ८२ | ८३ | ८४ | ८५ | ८५ | ९० |
| ३.५ | कक्षा ११-१२ मा खुद भर्ना दर | २२.९ | २५ | २८ | ३० | ३२ | ३५ | ३५ | ४५ |
| ३.६ | कक्षा ११-१२ मा कूल भर्ना दर | ४८.८ | ५० | ५२ | ५५ | ५८ | ६० | ६० | ७५ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ५८.१ | ५९ | ६१ | ६३ | ६४ | ६५ | ६५ | ९० |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | ३५ |
| ३.९ | कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.०१ | १ | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ९-१२ | | | | | | | | |
| ३.१० | आधारभूत तहबाट माध्यमिक ट्रान्जिसन दर | ८०.०४ | ८२ | ८४ | ८६ | ८८ | ९० | ९० | १०० |
| ३.११ | कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | ८.३३ | १२ | १४ | १६ | १८ | २० | २० | ४० |
| ३.१२ | प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी भर्ना प्रतिशत | १२.०९ | १४ | १५ | १७ | १९ | २० | २० | २५ |
| ३.१३ | कक्षा १० मा औषत विद्यार्थी सिकाई उपलब्धी( अङ्कमा) | ६५ | ६६ | ६७ | ६८ | ६९ | ७० | ७० | ७५ |
| **४** | **अनौपचारिक शिक्षा र निरन्तर सिकाई** | | | | | | | | |
| ४.१ | साक्षरता दर ( १५ वर्षभन्दा माथि)(% ) | ७० | ७२ | ७४ | ७६ | ७८ | ८० | ८० | १०० |
| ४.२ | साक्षरता दर ( ६ वर्षभन्दा माथि ) (% ) | ९५ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० |
| ४.३ | साक्षरता दर ( १५-२४ उमेर समूह )(% ) | ९८.५ | ९८.८ | ९९ | ९९.३ | ९९.६ | १०० | १०० | १०० |
| **५** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ५.१ | कक्षा १-५ मा विद्यार्थी शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ४०:१ | ३८:१ | ३६:१ | ३४:१ | ३२:१ | ३०:१ | ३०:१ | २०:१ |
| ५.२ | कक्षा ६-८ मा विद्यार्थी शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३१:१ | २९:१ | २८:१ | २७:१ | २६:१ | २५:१ | २५:१ | २०:१ |
| ५.३ | कक्षा १-८ मा विद्यार्थी शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३५:१ | ३३:१ | ३०:१ | २८:१ | २६:१ | २५:१ | २५:१ | २०:१ |
| ५.४ | कक्षा ९-१० मा विद्यार्थी शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | २९:१ | २८:१ | २७:१ | २६:१ | २५:१ | २५:१ | २५:१ | २०:१ |
| ५.५ | कक्षा ९-१२ मा विद्यार्थी शिक्षक अनुपात ( सामुदायिक विद्यालयमा ) | ३१:१ | ३०:१ | २९:१ | २७:१ | २६:१ | २५:१ | २५:१ | २०:१ |
| **६** | **शिक्षामा लगानी** | | | | | | | | |
| ६.१ | कूल बजेटमा शिक्षा क्षेत्रमा विनियोजित | १६ | १७ | १९ | २१ | २३ | २५ | २५ | ३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बजेट सशर्त र समानीकरण समेत | | | | | | | | |
| ६.२ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च ( रु हजारमा ) | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | ३५ |
| ६. ३ | माध्यमिक तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च ( रु हजारमा) | १५ | १७ | १९ | २१ | २३ | २५ | २५ | ३० |

## परिच्छेद –७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजिकरण

### ७.१ योजना कार्यान्वयन

### ७.१.१ परिचय

योजना निर्माण एक अनुमानित कार्य योजनाको खाका हो। कुनै कार्य सम्पादन गर्नु अगाडिको महत्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ। कुन कुन कार्यहरु के कसरी गर्ने ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादी विषय वस्तुहरुको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ। पूर्व योजनाले भविष्यमा गरिने कामहरुलाई सहजीकरण गर्दछ। कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जन अपेक्षाहरु, स्रोत साधनको अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदि आधारमा योजना निर्माण गरिन् ।योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ। योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरु कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ। कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ। सबैभन्दा जटिल र चुनौतिपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो। कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरुले प्रतिफल दिन सक्छन। योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरु तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुनः प्रारम्भ गर्ने बाटो खुल्छ।

योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ। सम्बन्धित संघठनहरु परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ। योजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ।योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ। योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्य कुशलतामा ध्यान दिनुपर्छ।

माथि उल्लिखित योजनाहरु ढकारी गाउँपालिकाले के कसरी कार्यान्वयन गर्ने ? रणनीति तथा क्रियाकलापहरु के के गर्ने ? भन्ने बारेमा प्रष्ट पार्न खोजिएको छ।

### ७.१.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ।

स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको कार्य स्थानीय शिक्षा, युवा तथा खेलकुद शाखाबाट हुँदै आएको छ। स्रोत केन्द्रहरु खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ। केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ। स्थानीय जनप्रतिनिधिहरुको माग र उनीहरुको संलग्नतामा योजनाहरु कार्यान्वयन हुन्छन। मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरु कार्यान्वयन गर्दछ। योजना कार्यान्वयनमा विभिन्न खालका चुनौति तथा समस्याहरु कायमै रहेका छन्। कुशल व्यवस्थापनका लागि संगठन संरचना तथा जनशक्ति अभावले प्रभावकारी कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ। हालको व्यवस्थापनको पक्षमा देखिएका चुनौति तथा समस्याहरु निम्न अनुसार छन्।

१ पुरानो प्रणालीबाट नयाँ प्रणालीमा प्रवेश गर्दा छुट्टै पद्धतिको विकास नहुनु।
२ स्थानीय तहले कार्यान्वयन गर्ने क्षेत्रहरु स्पष्ट नहुनु।
३ जनशक्तिको अभाव हुनु।

## ७.१.३ योजना कार्यान्वयन प्रबन्ध

शिक्षा क्षेत्रको योजनाको समग्र कार्यान्वयन प्रकृयाका लागि निम्न लिखित प्रबन्ध गरिनेछ।

**स्थानीय तहः**

१ संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान र अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत राखी वार्षिक बजेट तय गरिनेछ।
२ शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकास गरी योजना कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरु निर्माण गरिने छ।
३ योजना कार्यान्वयनका लागि आवश्यक ऐन, नियम, नीति र निर्देशनको व्यवस्था गरिने छ।
४ शिक्षण सिकाईमा सहयोग पुराउन स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरिने छ।

**विद्यालयः**

१ विद्यालय सुधार योजना निर्माण गर्ने।
२ विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट र आफ्नै आम्दानी समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने।
३ योजना कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने।
४ योजना कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
५ स्थानीय अभिभावक तथा सरोकारवालाहरुसँग अन्तक्रिया तथा सहकार्य गर्ने।
६ कार्यान्वयन गरिएका योजनाको सामाजिक परीक्षण गर्ने।

## ७.१.४ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१.४.१ परिचय

योजनाहरु विनियोजन र वितरणको अवस्था, लगानी प्रवाह, कार्यक्रम कार्यान्वयन के कसरी भएको छ ? भनी सुनिश्चित गर्नका लागि अनुगमन तथा मूल्याङ्कन आवश्यक पर्छ। निर्धारित समयमा क्रियाकलापहरु कार्यतालिका अनुसार भए नभएको र भएको भए प्रतिफलतर्फ उन्मुख भए नभएको समेत अनुगमन तथा मूल्याङ्कनबाट पत्ता लगाउन सकिन्छ। कार्यान्वयनमा रहेका योजनाहरुका लक्ष्य र प्रगति बारेमा नियमित तथा आवधिक रुपमा निगरानी,निरीक्षण एवं जाँचबुझ गर्न जरुरी हुन्छ। योजना के कसरी अगाडि बढेको छ ? यसले उद्देश्य अनुसार कार्यारम्भ गर्न खोजेको छ छैन? नियम र प्रकृया अनुसार छ वा छैन ? कुन कुन निकाय या व्यक्तिले अनुगमन गर्ने ? के कस्ता समस्याहरु कार्यान्वयन अवधिमा आइपरे र यसको समाधान के कसरी गर्न सकिन्छ ? योजनाले दीर्घकालीन फाइदाहरु के कसरी दिन सक्छ ? इत्यादि विषय वस्तुको रेखदेखका लागि अनुगमन संयन्त्र हुन जरुरी हुन्छ ।

योजना कार्यान्वयनको समयमा समन्वय र सहजीकरणको आवश्यकता पर्दछ । योजना कार्यान्वयन गरिने सबै क्षेत्र सक्षम नहुन सक्छन। योजनाहरु बहु क्षेत्रसँग सम्बन्धित भएमा समन्वयको खाँचो पर्न सक्छ । कतिपय नीतिगत अस्पष्टता भएमा सहजीकरण गर्नुपर्ने हुन्छ। विभिन्न निकाय र व्यक्तिहरु बीचको समन्वय र सहकार्यले योजना कार्यान्वयनमा तीब्रता ल्याउन सकिन्छ।
यसरी योजना कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन, सहजीकरणको भूमिका महत्त्वपूर्ण हुन्छ।

### ७.१.४.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकाले यसको अनुगमन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरिएको छ। स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको अनुगमन तथा मूल्याङ्कन स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरुको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको उपलब्धी परीक्षण गर्दै आएको छ। स्रोत केन्द्रहरु खारेज भइसके पछी उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन्। स्थानीय सरकार ऐन २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा शैक्षिक क्षेत्रका काम, कर्तव्य र अधिकार तोकिएको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरु कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरिएको छ। यसको अनुगमन र मूल्याङ्कन पनि मूल रुपमा स्थानीय तहलाई नै हुन आउन्छ।

ढकारी गाउँपालिकामा भए गरेका शैक्षिक योजना तथा गतिविधिहरुको अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण गाउँपालिका शिक्षा शाखामार्फत हुने गरेको छ। गाउँपालिकाका जनप्रतिनिधिहरुबाट पनि अनुगमन तथा मूल्याङ्कनमा महत्वपूर्ण भूमिका रहँदै आएको छ । माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको रहेकोले सबै संयन्त्र गाउँपालिकाले नै सञ्चालन गर्ने गर्दछ।

योजना अनुगमन तथा मूल्याङ्कनमा निम्नलिखित चुनौतिहरु पहिचान गरिएको छः

१ अनुगमन तथा मूल्याङ्कनका मापपनयोग्य सूचकको तय गर्नु।

२ अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणमा सीप र दक्षता भएका जनशक्तिको व्यवस्था गर्नु।

३ अनुगमनलाई नियमित र एकरुपता बनाउनु।

४ अनुगमन र मूल्याङ्कनलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु।

### ७.१.४.३ उद्देश्य

१ नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्ने।

२ योजना कार्यान्वयनमा उपयुक्त समन्वय र सहजीकरण विकास गर्नु।

### ७.१.४.४ रणनीतिहरु

१ अनुगमन तथा मूल्याङ्कनका लागि विभिन्न समितिहरुको निर्माण गरिने छ।

२ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन छिटो छरितो र व्यवस्थित बनाइने छ।

३ अनुगमनका लागि विभिन्न सुचकहरु बनाइने छ।

४ विद्यालय गाउँपालिका बीच हुने सूचना प्रणालीलाई व्यवस्थित गरिने ।

५ गाउँपालिकाले समन्वय र सहजीकरणको भूमिका खेल्ने व्यवस्था गरिने छ।

६ जनप्रतिनिधिहरुलाई योजनाको अनुगमन तथा मूल्याङ्कनको कार्यमा संलग्न गराइने छ।

७ शिक्षण सिकाइको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ।

८ शैक्षिक योजना तथा कार्यक्रमको नियमित,आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिने छ ।

९ अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई लागु गरिने छ।

१० विद्यार्थीको सिकाई उपलब्धी परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिनेछ।

### ७.१.४.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धी**

अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले योजनाका चुनौतिहरु समाधान भई अपेक्षित उपलब्धी हासिल हुने।

ख) प्रमुख नतिजाहरु

१ अनुगमन र मूल्याङ्कनमा संस्थागत विकास हुने।

२ अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरणका माध्यमले नतिजामा सुधार आउने

३ विद्यार्थीहरुको शैक्षिक उपलब्धी सुधार हुने।

४ समन्वय सहजीकरणले कार्य क्षमतामा कुशलता ल्याउने।

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५बर्ष) | | | | | | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित सूचक निर्माण | पटक | | १ | १ | | | १ | ४ | |
| २ | अनुगमन कार्य | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४ | प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | समन्वय र सहजीकरण | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | अनुगमन मूल्याङ्कन र क्षमता विकास | पटक | १ | | | १ | | २ | ४ | |

## अनुसूची १

## गाउँ शिक्षा योजना निर्माण मुल / सल्लाहकार समिति

| क्र स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्रकाश बहादुर सावद | संयोजक | ढकारी गाउँपालिका अध्यक्ष | |
| २ | नेत्रकला देवि शाही | सदस्य | ढकारी गाउँपालिका उपाध्यक्ष | |
| ३ | उद्दवराज उपाध्याय | सदस्य | ढकारी गाउँपालिका वडा नं. ८ अध्यक्ष | |
| ४ | पहलवान थापा | सदस्य | ढकारी गाउँपालिका वडा नं. १ अध्यक्ष | |
| ५ | शेर बहादुर थापा | सदस्य | ढकारी गाउँपालिका शिक्षक महासंघ अध्यक्ष | |
| ६ | विसाखर देवकोटा | सदस्य | कालिका देवि मा.वि. हिच्मा प्रधानाध्यापक | |
| ७ | सुनिता थापा | सदस्य | अष्ट शिद्दि मा.वि. ढुङ्गाचाल्ना प्रधानाध्यापक | |
| ८ | गौतम विष्ट | सदस्य | ढकारी गाउँपालिका योजना शाखा प्रमुख | |
| ९ | नवराज साउद | सदस्य | मनकामना मा.वि. वि. व्य. स. अध्यक्ष | |
| १० | लक्ष्मण साह | सदस्य | ढकारी गाउँपालिका नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ११ | टेक नारायण पोखरेल | सदस्य सचिब | ढकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | |

# अनुसूची २

## गाउँ शिक्षा योजना मस्यौदा लेखन कार्यदल समिति

| क्र स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | टेक नारायण पोखरेल | संयोजक | ढकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | |
| २ | खगा रेग्मी | सदस्य | ढकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्राविधिक सहायक | |
| ३ | खडकराज अधिकारी | सदस्य | ढकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा स्रोत व्यक्ति | |
| ४ | नभराज जैसी | सदस्य | श्री कालिका देवि मा.वि. हिच्मा शिक्षक | |
| ५ | रतन प्रसाद जैसी | सदस्य | श्री पञ्च ज्योती आ.वि. ढकारी -०६ गल्वाल प्रधानाध्यापक | |
| ६ | प्रकाश बहादुर साउद | सदस्य | ढकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सहायक कर्मचारी | |

**अनुसूची ३**

**दश वर्षे गाउँ शिक्षा क्षेत्र योजना मस्यौदा उपसमित**

| क्र स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्र बहादुर साँउद | संयोजक | ढकारी गाँउपालिका २ नं वडा अध्यक्ष | |
| २ | खगा रेग्मी | सदस्य | ढकारी गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्राविधिक सहायक | |
| ३ | शेर बहादुर थापा | सदस्य | गोकुल आधारभुत विद्यालय प्रधानाध्यापक | |
| ४ | सुनिता थापा | सदस्य | अष्ट शिद्दि मा.वि. ढुङ्गाचाल्ना प्रधानाध्यापक | |
| ५ | बिशाखर देवकोटा | सदस्य | कालिका मा. वि. हिच्मा प्रधानाध्यापक | |
| ६ | हरिश थापा | सदस्य | इको हिमाल नेपाल | |
| ७ | इन्द्रकुमार थापा | सदस्य | सामुदायिक विकास केन्द्र (CDC) डोटी (शिक्षा अधिकृत) | |

**अनुसूची ४**

**दश वर्षे गाउँ शिक्षा योजना मस्यौदा लेखाजोखा उपसमिति**

| क्र स | नाम | पद | कार्यरत निकाय र पद | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री खडकराज अधिकारी | संयोजक | शिक्षा युवा तथा खेलकुद शाखा ढकारी, अछाम | |
| 2. | श्री नविन प्रसाद रिमाल | सदस्य | प्रशासन शाखा प्रमुख ढकारी गाउँपालिका अछाम | |
| 3. | श्री रतन प्रसाद जैसी | सदस्य | प्र. अ. श्री पञ्चज्योति आ वि गल्वाल अछाम | |

**सन्दर्भ सामग्रीहरू**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७५)

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (अप्रकाशित), लेखक : सिंहदरबार, काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२०२८), राष्ट्रिय शिक्षा पद्धति २०२८-२०३२ सम्मको योजना, लेखक : केशरमहल, काठमाण्डौं ।

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२, लेखक : केशरमहल, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७१), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७०/२०७१, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७२), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७१/२०७२, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७३/२०७४, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७५), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७४/२०७५, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०७६), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०७५/२०७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

अर्थ मन्त्रालय (२०८०), आर्थिक सर्वेक्षणआर्थिक बर्ष २०८०/२०८१, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०६८),त्रिवर्षीय योजना२०६७/६८–२०६९/७०, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०७१), तेह्रौं योजना२०७०/७१–२०७२/७३, लेखक: सिंहदरबार, काठमाण्डौं ।

राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना २०७३/७४–२०७५/७६, लेखक: सिंहदरबार, काठमाण्डौं ।

Department of Education (2016), FLASH II Report 2072 (2015-16), Author: Sanothimi, Bhaktapur.

Department of Education (2017), FLASH I Report 2074 (2017-18), Author: Sanothimi, Bhaktapur.

नेपाल कानून आयोग (२०७७), नेपालको संविधान, लेखक: www.lawcommission.gov.np

शिक्षा मन्त्रालय (२०७३), विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/७४२०७९-/८०,लेखक: सिंहदरबार, काठमाण्डौं।